सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१३ पुस २०८२, आइतबार (28 Dec 2025, Sunday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक २४८ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

महाधिवेशनको कार्यतालिका परिमार्जन गर्दै कांग्रेस



क्रियाशील सदस्यता नटुंगिएका कारण कार्यतालिका प्रभावित भएपछि परिमार्जन गर्न लागिएको नेताहरूको भनाइ

(विस्तृत पृष्ठ ३)

ली क्वान युबाट नेपालले सिक्नुपर्ने पाठ



अग्रलेख

● बिनोज बस्न्यात (पृष्ठ ४)



सुन आयात ठप्प
बैंकमै थन्किंयो डेढ सय केजी

मूल्य बढेर कारोबारमा शिथिलता आएपछि वाणिज्य बैंकहरूले गरेनन् मंसिरदेखि सुन र कात्तिकदेखि चाँदी आयात

(विस्तृत पृष्ठ ५)

चुनावमा जान तीन दलको प्रतिबद्धता

प्रधानमन्त्री सुशीला कार्कीले पहिलोपटक प्रमुख तीन दलका शीर्ष नेतासँग संवाद गर्दै निर्वाचन सफल बनाउन गरिन् आग्रह, जवाफमा नेताहरूले लोकतान्त्रिक प्रक्रियाप्रति प्रतिबद्धता दोहोऱ्याउँदै सुरक्षासहित निष्पक्ष र विश्वसनीय वातावरण बनाउन दिए सुझाव



प्रधानमन्त्रीनिवास बालुवाटारमा प्रमुख तीन दलका शीर्ष नेतासँग छलफल गर्दै प्रधानमन्त्री सुशीला कार्की

● तीन दलको नेतासँगको छलफलपछि प्रधानमन्त्रीले भनिन्-



दिगो लोकतन्त्र र स्थिरताका लागि २१ फागुनको निर्वाचन सफल पार्नु सबैको साझा दायित्व हो भन्ने हृदयंगम गरी दलहरूबाट प्राप्त प्रतिबद्धता स्वागतयोग्य छ। निष्पक्ष र भयरहित वातावरणको ग्यारेन्टी सरकारले गर्छ। कुनै पनि संशय नरहने गरी हामी काम गर्दै छौं।

कमलराज भट्ट/नयाँ पत्रिका

प्रमुख दलका तीन शीर्ष नेताले २१ फागुनमा हुने प्रतिनिधिसभा निर्वाचनमा सहभागी हुन आफूहरू पूर्ण रूपमा तयार रहेको प्रतिबद्धता व्यक्त गर्दै अनुकूल वातावरण निर्माण गर्न सरकारलाई सुझाव दिएका छन्। प्रधानमन्त्री सुशीला कार्कीले शनिबार पहिलोपटक प्रमुख तीन दलका शीर्ष नेताहरू कांग्रेस सभापति

» पृष्ठ २ मा क्रमशः

छलफलमा तीन नेताले के भने ?



● **शेरबहादुर देउवा**, सभापति, कांग्रेस

कांग्रेसको प्राथमिकता संसद् पुनर्स्थापना होइन, चुनाव नै हो।



● **केपी ओली**, अध्यक्ष, एमाले

एमाले चुनावमा जान तयार छ। तर, चुनावमा जानका लागि सरकारले वातावरण बनाओस्। एमाले चुनावसँग भाग्ने पार्टी होइन।



● **प्रचण्ड**, संयोजक, नेकपा

२१ फागुनको चुनाव यताउता नगरौं, जसरी हुन्छ चुनाव गरौं। अगाडि बढ्नुस्, हामी चुनावमा भाग लिन्छौं। सबै दलले भाग लिन्छन्।

- आजदेखि समानुपातिक बन्दसूची बुझाउने कार्यतालिका, रित पुऱ्याएर पेस गर्न आह्वान
- समानुपातिक उम्मेदवार टुंग्याउन आज एमाले सचिवालय बैठक
- पार्टीको महाधिवेशन तयारीका कारणले बन्दसूची टुंग्याउन नसकिएको भन्दै समय थप्न प्रधानमन्त्री कार्कीसँग कांग्रेस सभापति देउवाको अनुरोध

निर्वाचन आचारसंहिता स्वीकृत
माघ पहिलो साताबाट लागू गर्ने तयारी

एआईको दुरुपयोग पनि आचारसंहिताको दायरामा, सचेतनामुखीभन्दा सजायमुखी बनाइने आयोगको दाबी

नयाँ पत्रिका

माघ पहिलो साताबाट लागू गर्ने तयारीसहित निर्वाचन आयोगले २१ फागुनको प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि निर्वाचन आचारसंहिता, २०८२ स्वीकृत गरेको छ। शनिबार बसेको आयोगको बैठकले आचारसंहिताको मस्यौदालाई अन्तिम रूप दिँदै स्वीकृत गरेको हो।

कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले अधिल्लो निर्वाचनमा ५० दिनअघि आचारसंहिता लागू भएको उल्लेख गर्दै यसपटक पनि यही सेरोफेरो लागू गर्ने योजना रहेको बताए। यसपटक आयोगले आचारसंहिता अनुगमनमा कडाइ गर्ने तयारी गरेको उनको दाबी छ।

कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भण्डारीले यसपटक आचारसंहिता सचेतनामुखीभन्दा सजायमुखी बनाइने र नेता, उम्मेदवार वा कार्यकर्ताले उल्लंघन गरे उम्मेदवारी खारेजीसम्मको सजायमा जान सकिने बताए। उनका अनुसार एआईको दुरुपयोगलाई पनि आचारसंहिताको दायरामा ल्याइएको छ।

» पृष्ठ २ मा क्रमशः



जेन-जी आन्दोलनपछि थपिए सात लाख ३५ हजार मतदाता

कुल मतदाता **एक करोड ८९ लाख तीन हजार ६८९**

९६ लाख ६३ हजार ३५८ पुरुष, ९२ लाख ४० हजार १३१ महिला र २०० अन्य

२३ हजार ११२ मतदान केन्द्र निर्धारण

०७९ को निर्वाचनभन्दा ७५ मतदान स्थल र ८८५ मतदान केन्द्र थपिए

कुल दल १३७

समानुपातिकतर्फको निर्वाचनमा भाग लिन सय दल दर्ता

कर्नर किक

● रवि मिश्र



NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

■ हाँडीगाउँमा फेरि 'शनिबारे स्वाद'



तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

जेन-जी आन्दोलनपछि सुरक्षाको कारण देखाउँदै बन्द गरिएको काठमाडौं हाँडीगाउँको 'शनिबारे स्वाद' फेरि सुरु भएको छ। हाँडीगाउँको नेवारी मौलिक परिकार र परम्पराको जगेर्ना गर्न ०८१ असारदेखि हरेक शनिबार दिउँसो २ देखि राति ८ बजेसम्म सवारीसाधन नै निषेध गरेर खाना महोत्सव सुरु गरिएको थियो। साथै, बुढापाकाले बालबालिकालाई पुराना खेल सिकाउँथे। तर, २४ भदौपछि यी सबै क्रियाकलाप बन्द भएकामा शनिबारदेखि हाँडीगाउँ फेरि गुञ्जायमान बनेको छ।

कुलमानको व्यवस्थापनले रवि-बालेन सहमतिमा विलम्ब

नयाँ पत्रिका

उज्यालो नेपाल पार्टीका संरक्षक एवं ऊर्जामन्त्री कुलमान घिसिङको व्यवस्थापनको विषय नटुंगिँदा नयाँ र वैकल्पिक शक्तिहरू जुटाएर भावी राजनीतिको कोर्स बनाउने राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने र काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र शाह बालेनबिचको सहकार्यको सहमतिमा विलम्ब भएको छ। कुलमानको असहमतिका कारण शनिबार हुने भनिएको रवि-बालेन सहमति अनिश्चित बनेको नेताहरूले बताएका छन्। उनीहरूबिच एक सातादेखि लगातार





संवाद हुँदै आएको छ।


गत सोमबार ६ घण्टा र बिहीबार साढे दुई घण्टाको छलफलपछि रवि र बालेन राजनीतिक सहकार्य गरेर जाने सहमतिमा पुगेका थिए। सहकार्यको मोडालिटी तय गर्न दोस्रो तहका नेतालाई जिम्मेवारी दिएका थिए। सहकार्यमा एकीकृत पार्टीको सभापति रवि र भावी प्रधानमन्त्रीका रूपमा बालेनको टुंगो लागे पनि कुलमानको व्यवस्थापनबारे सहमति जुट्न सकेको छैन।

शक्ति बाँडफाँटको मस्यौदामा कुलमानले बालेनलाई भेटेरै असहमति जनाएका छन्। 'रविजी सभापति र तपाईं प्रधानमन्त्री हुने, अनि हामी कहाँ रहने भनेर कुलमानजीले बालेनसँग भेटेरै असहमति राख्नुभएको छ। उहाँले सहअस्तित्वसहित अगाडि बढ्नुपर्छ भन्नुभएको छ,' शनिबार बसेको उज्यालो नेपाल पार्टीको केन्द्रीय समिति बैठकमा घिसिङको ब्रिफिङ सुनाउँदै एक केन्द्रीय सदस्यले भने, 'बालेनजीले म मिलाउँछु भन्नुभएको छ,

» पृष्ठ २ मा क्रमशः

आन्तरिक राजस्व संकलनमा २८% ले गिरावट

आन्तरिक राजस्वमा सबैभन्दा धेरै योगदान गर्ने भ्याट, आयकर र अन्तःशुल्क संकलन खस्कँदा सरकारलाई स्रोत जुटाउनै दबाब



(७ पुससम्मको राजस्व संकलन)

दुई आर्थिक वर्षको ७ पुसम्म संकलित आन्तरिक राजस्वको विवरण

(शिक्षा शुल्क र अन्य कर संकलनमा भने सामान्य सुधार छ)

	०८१/८२	०८२/८३
संस्थागत आयकर	६० अर्ब ८१ करोड	१९ अर्ब १० करोड
व्यक्तिगत आयकर	५० अर्ब ९९ करोड	३७ अर्ब २६ करोड
लगानी आयकर	२७ अर्ब ३९ करोड	१९ अर्ब १२ करोड
मूल्य अभिवृद्धि कर	६४ अर्ब ७५ करोड	५७ अर्ब १० करोड
अन्तःशुल्क	५७ अर्ब ४७ करोड	५३ अर्ब ४८ करोड
स्वास्थ्य सेवा कर	३ अर्ब ३० करोड	२ अर्ब ५८ करोड

स्रोत : आन्तरिक राजस्व विभाग

पवन तिमिल्सिना/नयाँ पत्रिका

चालू आर्थिक वर्ष ०८२/८३ को पाँच महिना ७ पुससम्ममा आन्तरिक राजस्व संकलनमा २७.९० प्रतिशतले गिरावट आएको छ। आन्तरिक राजस्व कार्यालयका अनुसार पाँच महिनामा संस्थागत, व्यक्तिगत, लगानी, मूल्य अभिवृद्धि, अन्तःशुल्कसहित समग्र आन्तरिक राजस्व एक खर्ब ९६ अर्ब पाँच करोड रुपैयाँ मात्र संकलन भएको

» पृष्ठ २ मा क्रमशः

■ अर्थविद् केशव आचार्य भन्छन्-

सरकारले पुँजीगत खर्च गर्न नसक्दा र निजी क्षेत्रको लगानी पनि सुस्त हुँदा आन्तरिक राजस्वमा प्रभाव पारेको हो



नेपालमा अहिले देखिएको राजस्व संकलनको संकुचन कुनै एक-दुई वर्षको समस्या होइन। यसको जरा पञ्चायतकालदेखि नै विकास हुँदै आएको आयात-आधारित आर्थिक संरचनामा छ। हामीले आर्थिक क्रियाकलाप विस्तार गर्ने, औद्योगिकीकरण र आधुनिक व्यवसायीकरण गर्ने काम नगरी लामो समयसम्म आयातमै निर्भर रहने नीति अपनायौं। सरकारले पुँजीगत खर्च गर्न नसक्दा र निजी क्षेत्रको लगानी पनि सुस्त हुँदा आन्तरिक राजस्वमा प्रभाव पारेको छ।

मजदुरी गर्दागर्दै निकाले एमबिबिएसको छात्रवृत्तिमा नाम

लहानमा **मणिलाल विश्वकर्मा**

हरेक दिन बिहान ८ बजेदेखि साँझ ५ बजेसम्म गिट्टी, बालुवा, सिमेन्ट बोकेर चिकित्साशास्त्रअन्तर्गत स्नातक तह (एमबिबिएस)को तयारी गरेका २१ वर्षीय सत्यनारायण साफीले दुईपल्टको प्रयासमा पूर्णछात्रवृत्तिमा नाम निकालेका छन्। तर, गरिबीसँग लडिरहेको साफी परिवार सत्यनारायणको यति ठुलो सफलतामा पनि खुसी हुन सकिरहेको छैन। उनीहरूको खुसीमा गरिबी नै तगारो बनेको छ।

सिराहाको दक्षिणी सीमावर्ती बरियारपट्टी गाउँपालिका- २, श्रीपुर गाउँका हुन् सत्यनारायण। विराटनगरको अरनिको माविबाट ०७९ मा विज्ञानमा १२ कक्षा उत्तीर्ण गरेपछि उनी एमबिबिएस पढ्ने रहरले १० हजार ऋण काढेर काठमाडौं गए। ढेड महिना काठमाडौंमा बसेर ऋण काढेको पैसा सकियो, प्रवेश परीक्षामा नाम भने निस्किएन।

सत्यनारायण काठमाडौंबाट गाउँ फर्किए। कतारमा रहेका बुवा मधुरी पनि घर फर्किए। मधुरी घर फर्किएपछि घर व्यवहारको जिम्मेवारी सत्यनारायणको काँधमा आइपऱ्यो। अनि घर निर्माणमा मजदुरी गर्न थाले। तर, डाक्टर बन्ने रहरलाई मजदुरीले छेकेन। मजदुरी गर्दै पढ्दै गरेका उनले दोस्रो प्रयासमा पूर्ण छात्रवृत्तिमै नाम निकाले।

'पहिलोपटक गाउँमा १० हजार ऋण गरेर एमबिबिएसको प्रवेश परीक्षा दिन काठमाडौं गएँ। डेढ महिनामा उक्त

» पृष्ठ २ मा क्रमशः

■ सत्यनारायणको यति ठुलो सफलतामा पनि परिवारलाई खुसी हुन फेरि गरिबी नै तगारो



घरको आँगनमा आमा सुनिता र बुवा मधुरीका साथमा सत्यनारायण साफी

सत्यनारायणका अनुसार पूर्ण छात्रवृत्तिमा नाम निस्किए पनि एमबिबिएस पढ्दा मासिक करिब ३० हजारजति खर्च निस्किन्छ। होस्टेलमा मात्रै मासिक १५ हजार बुझाउनुपर्छ। किताब, स्टेसनरी र लत्ताकपडामा आफैंले खर्च गर्नुपर्छ। तर, यत्रो पैसा जुटाउन परिवारको आयस्रोत छैन। २४ मंसिरमा नाम निस्किएपछि ८० हजार ऋण काढेर सत्यनारायणले ४ पुसमा राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान दाङमा अध्ययनका लागि नाम टिपाएका छन्। जहाँ कलेजलाई धरौटी ५० हजार, रजिस्ट्रेसन फी ११ हजार र स्वास्थ्य बिमामा ३५ सय बुझाएका छन्। बाबु-छोराको जातेआतेमा थप खर्च भएपछि पैसा सकिएको सत्यनारायणले बताए। 'छोराको सफलतामा पनि खुसी हुन सकिरहेका छैनौं, किनकि छोरालाई आवश्यक खर्च जुटाउने उपाय नै छैन,' आमा सुनिताले भनिन्।

आन्तरिक...

पृष्ठ १ बाट क्रमशः

छ। जबकि, ०८१/८२ को सोही अवधिमा १० प्रतिशतले वृद्धि भएर दुई खर्ब ७१ अर्ब ९१ करोड संकलन भएको थियो। ०८०/८१ मा दुई खर्ब ४६ अर्ब ७७ करोड उठेको थियो।

तर, यस वर्ष धेरै राजस्व संकलन हुने भ्याट, आयकर र अन्तःशुल्क असुली नै घट्दा समग्र आय प्रभावित भएको हो। धेरै राजस्व प्राप्त हुनेमध्येको एक संस्थागत आयकर संकलन मात्रै अघिल्ला दुई आर्थिक वर्षको सोही अवधिको तुलनामा ६८.५९ प्रतिशत असुली घटेको आन्तरिक राजस्व विभागको तथ्यांक छ।

त्यस्तै, व्यक्तिगत आयकर २६.९२ प्रतिशत, लगानी आयकर ३०.१८ प्रतिशत, मूल्य अभिवृद्धि कर (भ्याट) ११.८१ प्रतिशत, अन्तःशुल्क ६.९४ प्रतिशत र स्वास्थ्य सेवा कर २१.६८ प्रतिशत घटेको विभागको तथ्यांक छ। तर, शिक्षा शुल्कमा ०.४८ प्रतिशत र अन्य कर संकलनमा ३.३९ प्रतिशतको सुधार छ।

कर्पोरेट क्षेत्रको मुनाफामा संकुचन आउनु, आर्थिक गतिविधिमा देखिएको सुस्तता र कर प्रशासनसम्बन्धी चुनौतीका कारण कर्पोरेट आयकर संकलनमा दबाब परेको सरकारी अधिकारीको विश्लेषण छ। संस्थागत आयभित्र सरकारी संस्थान, सार्वजनिक संस्थान, निजी कम्पनी, आकस्मिक लाभकर र अन्य केही ठुला कम्पनीबाट प्राप्त हुने आयकर गणना हुने गरेको छ। अर्थविद् केशव आचार्यले नेपालमा अहिले देखिएको राजस्व संकलनको संकुचन कुनै एक-दुई वर्षको समस्या नरहेको बताए। 'यसको जरा पञ्चायतकालदेखि नै विकास हुँदै आएको आयात-आधारित आर्थिक संरचनामा छ। हामीले आर्थिक क्रियाकलाप विस्तार गर्ने, औद्योगिकीकरण र आधुनिक व्यवसायीकरण गर्ने काम नगरी लामो समयसम्म आयातमै निर्भर रहने नीति अपनायौँ,' उनले भने।

सरकारले पुँजीगत खर्च गर्न नसक्दा र निजी क्षेत्रको लगानी पनि सुस्त हुँदा आन्तरिक राजस्वमा प्रभाव पारेको आचार्यले बताए। 'काठमाडौँ, चितवनलगायत ठाउँमा नयाँ घर निर्माणको गति स्पष्ट रूपमा घटेको देखिन्छ। यसले सिमेन्ट, निर्माण सामग्री उद्योगबाट आउने अन्तःशुल्क राजस्वसमेत प्रभावित भएको छ,' उनले सुनाए।

सरकारी स्वामित्वका संस्थानबाट उठ्ने आयकर तीन वर्षयता लगातार घटेको छ। आर्थिक वर्ष ०८०/८१ मा ७ पुससम्म चार अर्ब ३९ करोड संकलन भएकोमा आव ०८१/८२ को सोही अवधिमा घटेर तीन अर्ब ५८ करोडमा सीमित भयो। चालू आव ०८२/८३ मा ७ पुससम्म झन् घटेर एक अर्ब १८ करोड रुपैयाँ मात्र संकलन भएको विभागको तथ्यांक छ।

पब्लिक लिमिटेड कम्पनीबाट संकलन हुने आयकरमा झन् ठुलो गिरावट (८४.३९ प्रतिशत कम) देखिएको छ। आर्थिक वर्ष ०८०/८१ को ७ पुससम्म ४० अर्ब ५८ करोड रुपैयाँ उठेको यस शीर्षकमा अघिल्लो वर्ष २६ अर्ब २५ करोडमा खुम्चिएको थियो। चालू आवको ७ पुससम्म भने चार अर्ब नौ करोड रुपैयाँ उठेको छ।

निजी कम्पनीहरूबाट उठ्ने आयकरमा भने अघिल्लो वर्षसम्म सुधार देखिएको थियो, तर यस वर्ष घटेको छ। ०८०/८१ को ७ पुससम्म १७ अर्ब तीन करोड र ०८१/८२ मा २३ अर्ब ४२ करोड संकलन भएको निजी कम्पनीतर्फको आयकर चालू वर्ष ०८२/८३ को ७ पुससम्म आठ अर्ब ४१ करोड रुपैयाँमा मात्रै संकलन भएको छ। जुन अघिल्लो वर्षको तुलनामा ६४.०८ प्रतिशतले गिरावट हो।

नबिल बैंक लिमिटेड, ललितपुर शाखा, ललितपुरको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी ७ दिने सूचना गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी

(प्रकाशित मितिः २०८२/०९/१३)

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी कम्पनीले तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याँज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति **२०८१/०३/२७ को आर्थिक अभियान दैनिक पत्रिका**मा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋणकर्जाको बाँकी सावाँ ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरे को/नबुझाएको एवं ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपशिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा र परिमाणमा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गर्नका लागि यो ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित सघं संस्थाले यो सूचना प्रकाशित भएको सात (७) दिन (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपुर्वक भरी यस बैंकको **ललितपुर शाखा, ललितपुर**मा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आव्हान गरिन्छ।

यसै सूचनालाई आधार मानी सम्वन्धित ऋणी तथा जमानतकर्ता तथा सम्वद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ। प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने ब्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्वन्धित सवैमा जानकारी गराईन्छ। साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली सम्वन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्वन्धित सवैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ।

	तपसिल
१	**ऋणी कम्पनीको नाम र ठेगानाको विवरण**
	कम्पनी ऐन २०६३ बमोजिम नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७७/११/०६ मा दर्ता नं. २५६२८७/०७७/०७८ अन्तर्गत दर्ता भएको **नामसङ्गती ह्याण्डीक्राफ्ट प्रा. लि।** ठेगानाः ललितपुर जिल्ला ललितपुर म.न.पा. वडा नं. १६, बुबहाल, ललितपुर।
	कम्पनीका संचालक तथा व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण
	१. हिरारत्न बज्राचार्यकी छोरी हेराकाजी शाक्यकी बुहारी शुशील कुमार शाक्यकी श्रीमती ललितपुर जिल्ला ललितपुर (बुवहाल) नगर पञ्चायत वडा नं. १७ स्थायी घर भई हाल ललितपुर जिल्ला ललितपुर म.न.पा वडा नं. १७ बस्ने ना.प्र.नं. ३३(२६९९)(जारी मितिः २०४६/०३/१६, स्थान ललितपुर) भएकी **रत्न शोभा बज्राचार्य।** २. मिन वहादुर शाक्यको नाति हेराकाजी शाक्यको छोरा ललितपुर जिल्ला ललितपुर नगर पञ्चायत वडा नं १५ स्थायी घर भई हाल ललितपुर जिल्ला ललितपुर म.न.पा वडा नं. १५ बस्ने, ना.प्र.नं. ३/१४१५ (जारी मितिः २०४४/१२/०४, स्थान ललितपुर) भएका **शुशील कुमार शाक्य।** ३. हेराकाजी शाक्यको नाति शुशील कुमार शाक्यको छोरा ललितपुर जिल्ला ललितपुर म.न.पा वडा नं १६ बस्ने, ना.प्र.नं. २८-०१-७२-००६४७ (जारी मितिः २०७२/०३/०२, स्थान ललितपुर) भएका **सुशार कुमार शाक्य।** ४. हेराकाजी शाक्यको नातिनी शुशील कुमार शाक्यको छोरी ललितपुर जिल्ला ललितपुर म.न.पा वडा नं १६ बस्ने, ना.प्र.नं. २८-०१-७६-०३१४५ (जारी मितिः २०७६/०६/०१, स्थान ललितपुर) भएकी **सुधा शाक्य।**
२	**ऋणीको नाम र ठेगानाको विवरण**
	हेराकाजी शाक्यको नाति शुशील कुमार शाक्यको छोरा ललितपुर जिल्ला ललितपुर म.न.पा वडा नं १६ बस्ने, ना.प्र.नं. २८-०१-७२-००६४७ (जारी मितिः २०७२/०३/०२, स्थान ललितपुर) भएका **सुशार कुमार शाक्य।**
	व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण
	१. हिरारत्न बज्राचार्यकी छोरी हेराकाजी शाक्यकी बुहारी शुशील कुमार शाक्यकी श्रीमती ललितपुर जिल्ला ललितपुर (बुवहाल) नगर पञ्चायत वडा नं. १७ स्थायी घर भई हाल ललितपुर जिल्ला ललितपुर म.न.पा वडा नं. १७ बस्ने ना.प्र.नं. ३३(२६९९) (जारी मितिः २०४६/०३/१६, स्थान ललितपुर) भएकी **रत्न शोभा बज्राचार्य।** २. मिन वहादुर शाक्यको नाति हेराकाजी शाक्यको छोरा ललितपुर जिल्ला ललितपुर नगर पञ्चायत वडा नं १५ स्थायी घर भई हाल ललितपुर जिल्ला ललितपुर म.न.पा वडा नं. १५ बस्ने, ना.प्र.नं. ३/१४१५ (जारी मितिः २०४४/१२/०४, स्थान ललितपुर) भएका **शुशील कुमार शाक्य।** ३. हेराकाजी शाक्यको नातिनी शुशील कुमार शाक्यको छोरी ललितपुर जिल्ला ललितपुर म.न.पा वडा नं १६ बस्ने, ना.प्र.नं. २८-०१-७६-०३१४५ (जारी मितिः २०७६/०६/०१, स्थान ललितपुर) भएकी **सुधा शाक्य।**
	संयुक्त धितोको विवरण
	धितोमा रहेको घर/जग्गाको विवरणः १. ललितपुर जिल्ला (बुवहाल) नगर पञ्चायत वडा नं. १७ स्थायी घर भई हाल ललितपुर जिल्ला ललितपुर म.न.पा वडा नं. १७ बस्ने **रत्न शोभा बज्राचार्य**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको ललितपुर जिल्ला, ललितपुर उ.म.न.पा वडा नं. ५ सिट नं ५ण मा अवस्थित कि.नं. २९८ र ३०० क्षेत्रफल ०-५-०-२ र १-३-१-० रोपनी जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत। २. ललितपुर जिल्ला (बुवहाल) नगर पञ्चायत वडा नं. १७ स्थायी घर भई हाल ललितपुर जिल्ला ललितपुर म.न.पा वडा नं. १७ बस्ने **रत्न शोभा बज्राचार्य**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको ललितपुर जिल्ला, ललितपुर उ.म.न.पा वडा नं. ८ सिट नं ८क मा अवस्थित कि.नं. २५९ क्षेत्रफल ०-५-१-० रोपनी जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

लिलामबिक्री सम्बन्धी अन्य शर्तहरु :

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्रफाराम रु १०००।०० दस्तुर (पछि फिर्ता नहुने गरी) तिरी बैंकको केन्द्रीय कार्यालय, **कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं वा ललितपुर शाखा, ललितपुर**बाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ।
२. शिलवन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र अर्थात मिति २०८२/०९/२० गते ५:०० बजे भित्र यस बैंकको केन्द्रीय कार्यालय, **कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं वा ललितपुर शाखा, ललितपुर**मा बुझाई सक्नु पर्नेछ।
३. प्राप्त बोलपत्रहरु मिति २०८२/०९/२१ गते ३:०० बजे बैंकको **ललितपुर शाखा, ललितपुर**मा उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। तर बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन।
४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक बिदा भएमा बिदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको ५:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ। त्यस्तै बोलपत्र खोल्ने दिन बैंक बिदा भएमा बिदाको लगत्तै बैंक खुलेको दिन ३:०० बजे बोलपत्र खोलिनेछ।
५. लिलामगर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थमा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्ने छ। बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुलगर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ। बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ।
६. बोलपत्रमा आफुले सकार गरी लिनचाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० (दश) प्रतिशत रकम बैंकमा नगदै जम्मा गरेको सक्कल भौचर वा बैंकको नाममा खिचिएको "गुड फर पेमेण्ट" अर्थात् "भुक्तानी योग्य चेक" (Good for Payment Cheque) वा ड्राफ्ट वा मेनेजर/बैंकर्स चेक वा बैंक जमानत संलग्न गरी तोकिएको म्याद भित्रैमा बैंकमा पेश गर्नु पर्नेछ। धरौटी स्वरुप जम्मा गरिएको रकममा ब्याज दिईने छैन।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईनेछ। स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको अवधीभित्र आफुले कबुल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ। साथै उक्त समय भित्र कबुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ। त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटीवापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ। तर सो मा कुनै ब्याज प्रदान गरिने छैन।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ। रीत नपुऱ्याई दर्ता हुनआएको बोलपत्रउपर कुनै कारवाही हुने छैन।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको केन्द्रीय कार्यालय, **कर्जा असुली विभाग,बिजुलीबजार,काठमाडौं वा ललितपुर शाखा,ललितपुर**मा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ।

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१

कुलमानको...

पृष्ठ १ बाट क्रमशः

उहाँहरू फेरि वार्तामा बस्नुभएको छ, केही निचोड आउला।'

केन्द्रीय समिति बैठकमा कुलमान र सदस्यहरूले रवि सभापति र बालेन प्रधानमन्त्री हुने कुरा उज्यालो नेपाललाई स्वीकार्य नहुने बताएका थिए। 'मुख्य कुरा पावर सेयरिङ हो। उज्यालो नेपाल पार्टीको पनि व्यवस्थापन हो,' ती सदस्यले भने, 'कुलमानजी र बालेनजीमा मोटामोटी समझदारी भइसकेपछि रविजीसँग त्रिपक्षीय बसाइ होला।' केन्द्रीय सदस्यहरूले एकीकृत पार्टीको नेतृत्वमा उज्यालो नेपाललाई नसमेटिएको गुनासो गरेका थिए।

उज्यालो नेपाल पार्टीका केन्द्रीय सदस्य ई. शंकर ढकालले सबैको सहअस्तित्व स्थापित हुने गरी आफूहरू सदैव एकताको पक्षमा रहेको बताए। केन्द्रीय समिति बैठकले आवश्यक सहकार्यका लागि सबै वैकल्पिक तथा अग्रगामी राजनीतिक दललाई आह्वान गर्ने निर्णय गरेको र एकताको संवाद गर्न पार्टी अध्यक्ष अनुपकुमार उपाध्यायलाई जिम्मेवारी दिने निर्णय गरेको ढकालले बताए।

'हामी तीनवटै (रवि, बालेन, कुलमान)को सहअस्तित्वबाट एकतामा खुला छौँ। सहअस्तित्वका आधारमा हदैसम्मको लचकता अपनाउँछौँ। अब एउटै चुनाव चिह्नबाट लड्ने हो भने सहअस्तित्वका लागि अध्यक्षमण्डल बनाएर जाऔँ,' उनले भने, 'तीनवटा समूह मिसिँदा कसैलाई प्रधानमन्त्रीको उम्मेदवार किन तोक्ने ? समाजमा कसैले कुलमान, कसैले बालेन त कसैले रविलाई प्रधानमन्त्री देख्न चाहेका छन्। मिल्ने हो भने सबैको मतको सम्मान हुने गरी जानुपर्‍यो भनेका छौँ।'

ढकालले रवि र बालेन उज्यालो नेपाल पार्टीमा आए आफूहरू अध्यक्ष र प्रधानमन्त्री दुवै पद छोड्न तयार रहेको जिकिर गरे। 'त्यसैले तीनवटैको सहअस्तित्वको मोडल एक्सप्लोर गरौँ। अहिलेसम्मका प्रस्ताव ब्यालेन्स देखिएनन्,' उनले भने, 'साँच्चैको एकतामा जाने हो भने हदैसम्म लचकतासहित सहअस्तित्व स्विकारेर जान सकिन्छ।' सहअस्तित्वबाट तीनवटै शक्तिको संयोजन हुनुपर्ने आफूहरूको धारणा रहेको र सहकार्यको बटमलाइन रहेको उनले बताए।

Marriage Registration Notice

This is to inform that **Rakesh Dalmia** holding Indian Passport Number Z7847911 son of Sh. Vinod Kumar Dalmia and Late Smt. Lalita Devi Dalmia and **Sweety Singh** holding Nepali passport Number PA1146074, Daughter of Ashok Kumar Singh and Bimala Devi Singh got married in Kathmandu on 30TH January of 2005 and have now applied for registration of their married at Embassy of india in Kathmandu, If anyone has any objection, the concerned is requested to contact Embassy of India, Kathmandu within 30 days of publication of the notice.

बागमती प्रदेश सरकार
श्रम, रोजगार तथा यातायात मन्त्रालय
यातायात व्यवस्था कार्यालय
बालाजु, काठमाण्डौ

शिलबन्दी प्रस्तावको चरणहरु स्थगन सम्बन्धी सूचना

प्रकाशित मितिः २०८२/०९/१३ गते आइतबार

यस कार्यालयको मिति २०८२/०८/२६ गते शुक्रबार नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा तथा पूर्ण विवरणको सूचना विभागिय मन्त्रालयको आधिकारिक Website https://molet.bagamati.gov.np/ मा शिलबन्दी प्रस्ताव आव्हानको सूचना प्रकाशन भएकोमा प्रचलित कानून बमोजिम प्रस्ताव फाराम खरिद मिति २०८२/०९/११ मा सम्पन्न भई केहि प्रस्ताव फाराम दर्ता समेत भई सकेकोमा विभागिय माननिय मन्त्रीज्यूको स्थगन आदेश सम्बन्धि पत्र समेतको आधारमा मिति २०८२/०९/१३ गते आईतबार शिलबन्दी प्रस्ताव फाराम दर्ता गर्ने समय (दिउसो १:०० बजे) सम्मको कार्यलाई यथावत राख्दै प्रचिलत ऐन, कानून बमोजिमका सूचनाका बाँकी चरणहरु अर्को सूचना नभए सम्मको लागि स्थगित गरिएको व्यहोरा जानकारी गराईन्छ।

कार्यालय प्रमुख

ECAN नेपाल शैक्षिक परामर्श संघ

नेपाल शैक्षिक परामर्श संघ (ECAN) को
२०औं बार्षिक साधारण सभा सम्बन्धि सूचना

प्रकाशित मिति : २०८२/०९/१३

यस नेपाल शैक्षिक परामर्श संघ (ECAN) को बार्षिक साधारण सभा बोलाउने गरी २०८२/०९/०९ गते बसेको ECAN कार्य समितिको बैठकबाट निर्णय भएको हुदाँ निम्न स्थान, मिति र समयमा हुने साधारण सभामा सहभागी भईदिन हुन सम्पूर्ण सदस्यज्यूहरूमा अनुरोध गर्दै यो सुचना प्रकाशित गरिएको छ।

साधारण सभामा छलफल र पारीत हुने बिषयहरू
१. महासचिवद्वारा प्रस्तुत हुने बार्षिक प्रतिवेदन।
२. कोषाध्यक्षद्वारा प्रस्तुत हुने आर्थिक प्रतिवेदन।
३. आर्थिक बर्ष २०८२/०८३ को लागि लेखा परीक्षक नियुक्ति।
४. केन्द्रिय कार्यसमितिको चयन।
५. बिबिध।

कार्यक्रम :
मिति : २०८२/०९/२८ गते, सोमबार
समय : बिहान ०८ बजे
स्थान : एलिस रिसेप्सन, गैह्रिधारा, काठमाण्डौ।

नोट :
१. आ.व. २०८२/०८३ को लागि ECAN को सदस्यता नविकरण गराएका सदस्यहरूले मात्र साधारण सभामा भाग लिन पाउने छन्। साधारण सभामा सहभागिताका लागि सदस्यता नविकरण गर्ने अन्तिम मिति २०८२/०९/१८ गते शुक्रबारको दिन कार्यालय समयसम्म कायम गरिएको छ।
२. यस साधारण सभामा सहभागि हुने साधारण सदस्य कम्पनीहरूलाई आफ्नो आधिकारिक प्रतिनिधि चयन गर्ने व्यवस्था गरिएको छ। माथि बुदा नं १ बमोजिम नविकरण भएका कम्पनीहरूले चयन गरेका आधिकारिक प्रतिनिधिहरू मात्र यस सभामा सहभागी हुन सक्नु हुनेछ।
३ केन्द्रिय कार्यसमितिको निर्वाचन कार्यक्रम नेपाल शैक्षिक परामर्श संघ (ECAN) को सुचना पाटीमा प्रकाशित गरिने छ साथै साधारण सदस्यहरूलाई ईमेल मार्फत जानकारी गरिनेछ।
४. थप जानकारीको लागि नेपाल शैक्षिक परामर्श संघ (ECAN) केन्द्रिय कार्यालय डिल्लीबजारमा सम्पर्क गर्नु होला।

दिपक राज भुसाल
महासचिव

चुनावमा जान...

पृष्ठ १ बाट क्रमशः

शेरबहादुर देउवा, एमाले अध्यक्ष केपी ओली र नेकपा संयोजक पुष्पकमल दाहाल प्रचण्डलाई बालुवाटारमा आमन्त्रण गरी छलफल गरेकी थिइन्। छलफलको प्रारम्भमै प्रधानमन्त्री कार्कीले निर्वाचनलाई सफल बनाउनु सबै राजनीतिक शक्तिको साझा दायित्व भएको उल्लेख गर्दै त्यसैका लागि आफूले नेताहरूलाई निमन्त्रणा गरेको बताइन्। त्यसपछि तीनै दलका नेताहरूले लोकतान्त्रिक प्रक्रियाप्रति आफ्नो प्रतिबद्धता दोहोऱ्याउँदै सुरक्षासहित निष्पक्ष, स्वच्छ र विश्वसनीय निर्वाचनका लागि आवश्यक सम्पूर्ण वातावरण निर्माण गर्न सरकारसँग आग्रह गरका थिए।

नेताहरूको सुझावपछि प्रधानमन्त्री कार्कीले सरकार निर्वाचन सम्पन्न गराउन आवश्यक सबै तयारीमा गम्भीर रहेको स्पष्ट पार्दै दलहरूलाई आश्वस्त पारिन्। स्रोतका अनुसार देउवा र प्रचण्डको प्रस्तुति पनि ओलीलाई चुनावका लागि सहमत गराउन खालको थियो। छलफलपछि प्रधानमन्त्री कार्कीले दलहरूबाट व्यक्त भएको प्रतिबद्धतालाई स्वागतयोग्य र सकारात्मक संकेतका रूपमा व्याख्या गरेकी छिन्। 'दिगो लोकतन्त्र र स्थिरताका लागि फागुन २१ को निर्वाचन सफल पार्नु सबैको साझा दायित्व हो भन्ने हृदयंगम गरी दलहरूबाट प्राप्त प्रतिबद्धता स्वागतयोग्य छ,' कार्कीले शनिबार राति सामाजिक सञ्जालमा लेखेकी छिन्, 'निष्पक्ष र भयरहित वातावरणको ग्यारेन्टी सरकारले गर्छ। कुनै पनि संशय नरहने गरी हामी काम गर्दै छौँ।'

यस्तै, सञ्चारमन्त्री जगदीश खरेलले पनि छलफलमा प्रधानमन्त्री र तीन नेताबिच चुनावमा जाने समझदारी भएको बताए। 'अब चुनावमा जाने विषयमा प्रमुख दल र अन्य सबै दल सहमत भएका छन्,' उनले भने। खरेलका अनुसार ओलीले स्पष्ट रूपमा एमाले चुनावमा जान तयार रहेको, तर सरकारले वातावरण बनाउनुपर्ने धारणा राखेका थिए। 'एमाले चुनावमा जान तयार छ। तर, चुनावमा जानका लागि सरकारले वातावरण बनाओस्,' ओलीको भनाइ थियो, 'एमाले चुनावसँग भाग्ने पार्टी होइन।'

यस्तै, छलफलमा कांग्रेस सभापति देउवाले संसद् पुनर्स्थापनातिर नभई चुनावमै जानुपर्ने मत राखेको मन्त्री खरेलले बताए। 'कांग्रेसको प्राथमिकता संसद् पुनर्स्थापना होइन, चुनाव नै हो,' देउवाको भनाइ थियो। देउवाले चुनावका लागि तयार रहन ओलीलाई पनि आग्रह गरेका थिए। नेकपाका संयोजक प्रचण्डले पनि चुनावमै जानुपर्छ भनेको खरेलले बताए। 'फागुन २१ को चुनाव यताउता नगरौँ, जसरी हुन्छ चुनाव गरौँ। अगाडि बढ्नुस्, हामी चुनावमा भाग लिन्छौँ। सबै दलले भाग लिन्छन्,' प्रचण्डको भनाइ थियो। प्रचण्डले पनि ओलीलाई चुनावमा भाग लिन अनुरोध गरेका थिए।

नेताहरूको चासोमा प्रधानमन्त्री कार्कीले सबैलाई चुनावमा भाग लिएर सहयोग गर्न अनुरोध गर्दै सरकारले उचित सम्पूर्ण सुरक्षाको वातावरण बनाउने प्रतिबद्धता जनाएकी थिइन्। यसले निर्वाचनको सुनिश्चितता गरेको मन्त्री खरेलले बताए। 'चुनावका विषयमा देखिएको द्विविधा अव हटेको छ। चुनाव हुन्छ कि हुँदैन भन्ने प्रश्नको स्पष्ट उत्तर प्राप्त भएको छ। साथै, राजनीतिक दलहरू निर्वाचनमा सहभागी हुन्छन् कि हुँदैनन् भन्ने अन्योलसमेत अन्त्य भएको छ। सबै दलहरू चुनावका लागि तयार रहेको सन्देश स्पष्ट रूपमा आएको छ,' मन्त्री खरेलले भने, 'निर्वाचनका लागि आवश्यक वातावरण निर्माण, सुरक्षा व्यवस्था कस्तो हुने भन्ने विषयमा पनि प्रधानमन्त्रीले सरकारका तर्फबाट स्पष्ट प्रतिबद्धता जनाउनुभएको छ। त्यसैले अब चुनाव निश्चित रूपमा हुन्छ।' बैठकपछि कांग्रेस सभापति देउवाले सबै दल चुनावका लागि तयार रहेको र सुरक्षालगायत वातावरण बनाउनुपर्ने बताए। 'कांग्रेसलगायत सबै पार्टी चुनावमा जान तयार छन्। तर, यसका लागि वातावरण बनिसकेको छैन। वातावरण बनाउनुपर्छ, सुरक्षाको व्यवस्था हुनुपऱ्यो। त्यही हो,' उनले भने, 'एमाले पनि तयार छ। गइहाल्छ नि !'

छलफलमा नेताहरूले मौसम प्रतिकूल हुन सक्ने हिमाली जिल्लामा केही समयपछि चुनाव गर्न सकिने धारणा राखेका थिए। 'चुनाव २१ फागुनमै हुनुपर्छ। हिमाली जिल्ला डोल्पा, हुम्लालगायत ठाउँमा मौसमका कारण हुन नसके ती ठाउँको केही समय सारेर गर्दा हुन्छ,' देउवाको भनाइ थियो।

छलफलमा एमाले अध्यक्ष ओलीले जेन-जीसँग गरेको सम्झौतामा असन्तुष्टि जनाएका थिए। 'त्यो आन्दोलन होइन। ४०-५० जना केटाकेटीको खेल हो। राजनीति र राज्य नबुझेकाहरू आए, लुटे, विध्वंस मच्चाए,' ओलीको भनाइ थियो, 'त्यस्तालाई सरकारले मान्यता दिनुहुँदैन, उनीहरूसँगको सम्झौता पनि उपयुक्त छैन। सम्झौताको नाममा संविधान संशोधन गर्ने अधिकार यो सरकारलाई छैन।'

यसैबिच, कांग्रेस सभापति देउवाले २१ फागुनमा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनअन्तर्गत समानुपातिक बन्दसूचीको बुझाउने म्याद पाँच दिन थपिदिन प्रधानमन्त्री कार्कीलाई अनुरोध गरेका थिए। निर्वाचन आयोगले बन्दसूची बुझाउने समय १३ र १४ पुसमा तोकेको छ।

त्यस्तै, एमालेले पनि समानुपातिक उम्मेदवारबारे निर्णय गर्न आइतबार बिहान ११ बजे केन्द्रीय सचिवालय बैठक बोलाएको छ। सचिव पद्मा अर्यालले आइतबार बिहान ११ बजे सचिवालयको बैठक बोलाइएको र औपचारिक एजेन्डा जानकारी नभए पनि समानुपातिक निर्वाचनतर्फ बन्दसूचीमा समावेश गर्ने उम्मेदवारबारे छलफल हुन सक्ने बताइन्।

माघ पहिलो...

पृष्ठ १ बाट क्रमशः

आचारसंहितामा दल वा उम्मेदवारले निर्वाचन घोषणापत्रमा उल्लेख भएबमोजिमको कार्यप्रगतिको प्रतिवेदन प्रत्येक वर्ष सर्वसाधारणको जानकारीका लागि सार्वजनिक गर्नुपर्ने व्यवस्था थपिएको छ। यसैगरी हरित निर्वाचनको परिकल्पना गरिएको छ। यसअन्तर्गत प्रदूषण नियन्त्रण हुने गरी वातावरणमैत्री डिजिटल प्रचार गर्नुपर्ने भनिएको छ।

निर्वाचन आयोग ऐनको दफा २२ अनुसार आयोगले तयार पारेको आचारसंहिता संघ, प्रदेश, स्थानीय सरकारका पदाधिकारी, कर्मचारी, संवैधानिक निकायका पदाधिकारी, सरकारी, गैरसरकारी संस्था, संस्थानका कर्मचारी, सुरक्षाकर्मी, दल र भ्रातृ संगठन, उम्मेदवार, निर्वाचन प्रतिनिधि, मतदान तथा मतगणना प्रतिनिधि, सार्वजनिक पद धारण गरेका व्यक्ति, पर्यवेक्षक, सञ्चारकर्मी, विद्यालयका शिक्षक र कर्मचारी, मतदाता, बैंक तथा वित्तीय संस्था, व्यापारिक क्षेत्र, सेवाप्रदायक संस्थाका पदाधिकारी र कर्मचारीलाई लाग्ने भनिएको छ। यो हेर्ने केन्द्रदेखि जिल्लासम्म अनुगमन समिति हुनेछन्।

आचारसंहितामा सरोकारवालाले कुनै दल वा उम्मेदवारको पक्ष वा विपक्षमा स्रोत-साधन र सम्पत्ति प्रयोग गर्न नहुने, निर्वाचन व्यवस्थापनसँग सम्बन्धित कार्यमा अवरोध गर्न नहुने, सरकारी, सार्वजनिक संस्था तथा विद्यालय क्षेत्रभित्र निर्वाचनसम्बन्धी भेला वा प्रचार गर्न नहुने भनिएको छ।

यसैगरी, दल वा उम्मेदवारको चुनाव चिह्नअंकित ज्याकेट, कमिज, भेस्ट, टिसर्ट, टोपी वा क्याप, गम्छा, मास्क, लकेट वा अन्य कुनै किसिमको पहिरन वा स्टीकरण, लोगो, झोला, ब्याज, ट्याटुजस्ता सांकेतिक सामग्री उत्पादन, प्रयोग, बिक्री-वितरण वा प्रदर्शन गर्न नहुने, स्वीकृति नलिई कसैको निजी वा संस्थागत स्वामित्वको घरजग्गामा राजनीतिक गतिविधि वा प्रचार गर्न नहुने भनिएको छ।

ज्येष्ठ नागरिक, महिला, यौनिक तथा लैंगिक अल्पसंख्यक समुदाय र अपांगता भएका व्यक्तिको भावनामा आँच आउने वा चरित्र हत्या हुने गरी चुनाव प्रचार गर्न नहुने, बालबालिकालाई निर्वाचन प्रचारमा प्रयोग गर्न नहुने, निषेध गरिएको समय र स्थानमा कुनै किसिमको जुलुस, आमसभा, कोणसभा, बैठक भेला गर्न नहुने, सार्वजनिक यातायातमा अवरोध हुने गरी जुलुस, सभा, भेला गर्न नहुने भनिएको छ।

सामाजिक सञ्जालमा गलत, भ्रामक वा द्वेषपूर्ण सूचना प्रवाह गर्न नहुने, चुनावमा प्रतिकूल प्रभाव पार्ने उद्देश्यले सामाजिक सञ्जालमा एकाउन्ट सञ्चालन वा झुटा साइट खोलेर चलाउन नहुने र चुनावलाई प्रभाव पार्ने उद्देश्यले होच्याउने, दुष्प्रचार गर्ने, भ्रामक सूचना सम्प्रेषण गर्ने, अपमान गर्ने, द्वेषपूर्ण भाषण (हेट स्पिच)जस्ता भ्रामक टिप्पणी गर्न नहुने भनिएको छ।

कुनै प्रयोजनका लागि प्रकाशन वा प्रसारण भएको सूचना वा सामग्रीलाई चुनाव प्रभावित पार्ने उद्देश्यले तोडमोड गरी सामाजिक सञ्जालमा सेयर, ट्याग, कमेन्ट गर्न नहुने भनिएको छ। यसबाहेक निर्वाचनको विश्वसनीयता वा आयोग, आयुक्त वा कर्मचारीको प्रतिष्ठामा प्रतिकूल असर पर्ने गरी कुनै अवाञ्छित लाञ्छना लगाउन नहुने, कसैको चरित्र हत्या गर्न, व्यक्तिगत लाञ्छना लगाउन, मानहानि गर्न वा यस्तै प्रकृतिका सामग्री कुनै स्वरूपमा उत्पादन गर्न तथा प्रकाश वा प्रसारण गर्न नहुने भनिएको छ।

यसैगरी, उम्मेदवारको मनोनयन दर्ता भएको मितिदेखि मतदान सम्पन्न नभएसम्म उम्मेदवार वा दलको मतपरिणामको सम्बन्धमा मत सर्वेक्षण गर्न वा परिणाम घोषणा वा प्रकाश गर्न नहुने पनि भनिएको छ।

दल, उम्मेदवार र भ्रातृ संगठनले गर्न नहुने

आचारसंहितामा जुलुस, आमसभा, कोणसभा, बैठक वा भेला गर्दा कसैको घरआसपास गई विरोध प्रदर्शन गर्न नहुने, २४ घण्टाअघि स्थानीय प्रशासनको अनुमति लिनुपर्ने, बिहान ७ देखि बेलुका ७ बजेसम्म गर्नुपर्ने, बालबालिका प्रयोग गर्न नहुने, चुनाव चिह्न वा झन्डाअंकित लोगो, स्टिकर वा कपडा, टोपी, भेस्ट, टिसर्ट, ज्याकेट कमिज, गम्छा, ब्याच, मास्क वा लकेट लगाउन वा झोला बोक्न नहुने भनिएको छ।

यसैगरी, कसैको निजी घरजग्गा, सार्वजनिक भवन, उद्यान, सडकका पोल वा सार्वजनिक स्थानमा दलको झन्डा, चुनाव चिह्न राख्न नहुने उल्लेख छ, राखेमा उम्मेदवारले नै राखेको मानेर कारबाही गर्ने भनिएको छ। व्यक्ति, संस्था र समूहहरूलाई नगद वा जिन्सी वितरण, अनुदान र आर्थिक सहायता, चन्दा, पुरस्कार तथा निर्वाचन खर्च वा बुथ खर्च दिन नहुने उल्लेख छ। दलहरूले निर्वाचन प्रयोजनका लागि ७५ ग्रामसम्मको कागजमा तीन सय वर्गइन्चसम्म क्षेत्रफल भएको आकारको एउटै रङ र मुद्रकको नामसहितको पर्चा मात्र प्रयोग गर्नुपर्नेछ। उम्मेदवार वा दलको कार्यालयमा साइनबोर्ड तथा कपडामा बनाइएको तीन-चार फिटको दलको झन्डा र सोही नापको चुनाव चिह्न राख्नबाहेक दलको प्रचारप्रसार गर्ने उद्देश्यले कुनै किसिमको डिजिटल बोर्ड, फ्लेक्स वा ग्लुसाइन बोर्ड राख्न, श्रव्य सामग्री बजाउन र श्रव्यदृश्य सामग्री प्रदर्शन गर्न नहुने उल्लेख छ।

यसैगरी, उम्मेदवार वा दलले आफ्नो कार्यालयबाहेकका स्थानमा दलका वा उम्मेदवारको चुनाव चिह्न, कुनै किसिमको डिजिटल बोर्ड, फ्लेक्स वा ग्लुसाइन बोर्ड राख्न तथा श्रव्य सामग्री बजाउन, श्रव्यदृश्य सामग्री प्रदर्शन गर्न पाइनेछैन। तर, राजनीतिक वा उम्मेदवारले आयोजना गरेको जुलुस, आमसभा, घरदैलो कार्यक्रममा ३/४ आकारको दश-दशवटासम्म झन्डा र चुनाव चिह्न प्रयोग गर्न तथा राजनीतिक दल तथा उम्मेदवारको नाम र चिह्न भएको एउटासम्म तुल वा फ्लेक्स राख्न पाउनेछन्।

२५ जनाभन्दा बढीको जुलुस लिउन नपाउने

उम्मेदवारको मनोनयनपत्र पेस गर्न जाँदा वा प्रचारप्रसारका घरदैलो कार्यक्रम गर्दा उम्मेदवार, प्रस्तावक, समर्थकसहित २५ जनाभन्दा बढीको जुलुस लिएर तथा बाजागाजा तथा झाँकीसहित जान पाइनेछैन। यसैगरी, अनलाइन वेबपेज, टिभी स्कोलिङ, सपिङ मलमा डिस्प्ले, कलसेन्टर सञ्चालन, बैंकका एटिएम काउन्टरमा सन्देश वा सडक नाटक आदि माध्यमबाट दल वा उम्मेदवारबारे कुनै प्रचारप्रसार गर्न पाउनेछैनन्। तर, राजनीतिक दल वा उम्मेदवारको बढीमा एउटा निजी र आधिकारिक वेबपेजमा त्यस्तो प्रचारप्रसार सामग्री राख्न बाधा पर्नेछैन।

दलको झन्डाको वा दल वा उम्मेदवारको चुनाव चिह्नको तोरण बनाई सार्वजनिक प्रदर्शन गर्न पाउनेछैनन्। कुनै किसिमको भित्तेलेखन गर्न वा गराउन, चारपांग्रे गाडी, मोटरसाइकल, साइकल, बयलगाडा, रिक्सा, टाँगा, ठेलागाडालगायत सबै प्रकारका सवारीसाधन प्रयोग गरी न्याली आयोजना वा प्रचार गराउन नहुने भनिएको छ।

ज्येष्ठ नागरिक, महिला, यौनिक तथा लैंगिक अल्पसंख्यक तथा अपांगता भएका व्यक्तिहरूको भावना, इज्जत, चरित्र तथा प्रतिष्ठामा आँच आउन सक्ने प्रकारले कुनै किसिमका प्रचार गर्न पाइनेछैन। उम्मेदवार तथा निजको परिवारलाई कुनै तवरबाट डर, त्रास तथा धम्की दिन नहुने, कुनै साम्प्रदायिक विद्वेष फैलाउने गरी प्रचार गर्न वा मत माग्न पाइनेछैन। दल वा उम्मेदवारले बढीमा दशवटा राष्ट्रिय झन्डा प्रयोग गर्न पाउनेछ।

चुनाव खर्च १५ दिनभित्र दिनुपर्ने

निर्वाचन प्रचारका लागि कोणसभा वा आमसभा गर्दा मञ्चको तयारीका लागि लागेको खर्चको विवरण सम्बन्धित उम्मेदवारले आफैँ वा आफ्नो प्रतिनिधिमार्फत मतदान सम्पन्न भएको मितिले १५ दिनभित्र सम्बन्धित निर्वाचन कार्यालयमा पेस गर्नुपर्नेछ।

मजदुरी गर्दागर्दै...

पृष्ठ १ बाट क्रमशः

पैसा सकियो, तर नाम निस्किएन। त्यही वेला कतारको रोजगारी छाडेर बुवा पनि फर्किएपछि बुवा-आमा, दुई बहिनी र एक भाइसमेत गरी ६ जनाको परिवारको हातमुख जोड्ने आयस्रोत पूर्ण रूपमा बन्द भयो। घरमा चुलो बाल्नसमेत सकस भएपछि मजदुरी गर्न थालेँ,' सत्यनारायणले भने, 'मजदुरीको कमाइले परिवारका लागि खाद्यान्न जोहो गर्ने, भाइ-बहिनीलाई पढाउने र आफूलाई चाहिने किताब किनेर रातिराति एमबिबिएस प्रवेश परीक्षाको तयारी गरेँ। दोस्रो प्रयासमा सफलता हात लाग्यो।'

गाउँले ठेकेदारले घर निर्माणको ठेक्का लिन्थे, सत्यनारायण दैनिक पाँच सय ज्यालामा मजदुरी गर्थे। घर बनाउने मजदुरी १३ महिना गरेको उनले बताए।

मजदुरी गरेरै एमबिबिएसको पूर्णछात्रवृत्तिमा नाम निकाल्न त सफल भए। तर, विपन्न परिवारको यति ठुलो सफलतामा खुसी हुन फेरि पनि गरिबी नै तगारो बनेको छ। एमबिबिएस पढ्दा खाने-बस्ने, पाठ्यपुस्तक, स्टेसनरी, कपडाका लागि आवश्यक रकम कसरी जोहो गर्ने भन्ने चिन्ता सुरु भएको छ। 'छोराको सफलतामा पनि खुसी हुन सकिरहेका छैनौँ, किनकि छोरालाई कलेजले खबर गरेलगत्तै पढ्न पठाउनुपर्छ, तर खर्च कसरी जुटाउने ?' आमा सुनिताले बताइन्। उनीहरूको जस्ताले छाएको सानो घर र केही बाख्राबाहेक केही छैन। मधुरीले गाउँमै काम पाउँदा सामान्य मजदुरी गर्छन्।

मजदुरी गरेर पूर्ण छात्रवृत्तिमा एमबिबिएसको प्रवेश परीक्षामा नाम निकालेको खबर सामाजिक सञ्जालमा छाएपछि उनलाई सघाउन सहयोगी हात पनि अगाडि बढेका छन्। पढाइका लागि खान-बस्नलगायत अन्य खर्चका लागि शुक्रबार आशिका तामाङले सत्यनारायणलाई घरमै पुगेर एक लाख रुपैयाँ नगद उपलब्ध गराएको बरियारपट्टी गाउँपालिका- ३ का वडाध्यक्ष विनोदकुमार यादवले बताए।

महाधिवेशनको कार्यतालिका परिमार्जन गर्दै कांग्रेस

क्रियाशील सदस्यता नटुंगिएका कारण कार्यतालिका प्रभावित भएपछि परिमार्जन गर्न लागिएको नेताहरूको भनाइ



● कांग्रेस प्रचार विभाग प्रमुख **मीन विश्वकर्मा** भन्छन्- कार्यतालिकाअनुसार क्रियाशील सदस्यताको विषय ८ पुसभित्रै सक्नुपर्ने थियो । तर, अहिलेसम्म पनि भएको छैन । त्यसैले परिमार्जन गरेर जान सुझाव आएको छ । परिमार्जित कार्यतालिकाअनुसार अघि बढ्छौं ।



● क्रियाशील सदस्यता व्यवस्थापन समिति सदस्य **प्रकाश स्नेही** भन्छन्- तोकिएको समयमा महाधिवेशन नहुने भए रातदिन काम गरेको के अर्थ ? तोकिएको समयमै महाधिवेशन हुनुपर्छ भन्नेमै छौं, सोहीअनुसार काम गरिरहेका छौं ।



प्रेम गौतम/नयाँ पत्रिका

काङ्ग्रेसले महाधिवेशनको कार्यतालिका परिमार्जन गर्ने भएको छ । क्रियाशील सदस्यता नटुंगिएका कारण कार्यतालिका प्रभावित भएपछि परिमार्जन गर्न लागिएको नेताहरूले बताएका छन् । ८ पुसभित्र क्रियाशील सदस्यताको विषय टुंगो लाग्नुपर्नेमा हालसम्म नटुंगिएकाले बाँकी कार्यतालिकासमेत प्रभावित अवस्थामा कसरी अर्को तालिका बनाउने भन्ने विषयमा छलफलकेन्द्रित भएको प्रचार विभाग प्रमुख मीन विश्वकर्माले बताए । जारी केन्द्रीय कार्यसम्पादन समिति बैठकमा नेताहरूले व्यावहारिक कार्यतालिका ल्याउन नेतृत्वलाई सुझाब दिएको उनले बताए ।

'महाधिवेशनको कार्यतालिका अलिक अव्यावहारिक भयो भन्ने साथीहरूको गुनासो आयो । कार्यतालिकाअनुसार क्रियाशील सदस्यताको विषय ८ पुसभित्रै सक्नुपर्ने थियो । तर, अहिलेसम्म पनि त्यो काम सम्पन्न भएको छैन । त्यसैले कार्यतालिका परिमार्जन गरेर जान बैठकमा सुझाब आएको छ । हामी परिमार्जित कार्यतालिकाअनुसार अघि बढ्छौं,' विश्वकर्माले भने । क्रियाशील सदस्यता नै प्रारम्भिक मतदाता भएकाले त्यसको टुंगो नलागेको अवस्थामा कसरी कार्यतालिका सार्वजनिक गर्ने भन्ने विषयमा छलफल जारी रहेको उनले बताए ।

क्रियाशील सदस्यता टुंग्याएर १६ पुसमा वडा अधिवेशन गर्ने कार्यतालिका छ । १७ पुसमा पालिका अधिवेशन, १९ पुसमा प्रदेश सभा क्षेत्रीय अधिवेशन गर्ने तालिका छ । यस्तै, २१ पुसमा प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन र एक मात्र प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्लाको अधिवेशन गर्ने तालिका छ । २२ पुसमा दुई वा दुईभन्दा बढी निर्वाचन क्षेत्र रहेका जिल्ला अधिवेशन गर्ने तालिका छ । २३ र २४ पुसमा प्रदेश अधिवेशन र २६, २७ र २८ पुसमा काठमाडौंमा केन्द्रीय महाधिवेशन गर्ने कार्यतालिका छ ।

२६-२८ पुसमा तोकिएको महाधिवेशन सारेर जानुपर्ने पक्षमा संस्थापन पक्ष देखिएको छ भने महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्मा पक्ष निर्धारित मितिमै महाधिवेशन गर्नुपर्ने अडानमा छ । त्यहीकारण संशोधित कार्यतालिका सार्वजनिक हुन नसकेको एक नेताले बताए । महामन्त्रीद्वय थापा र शर्मा पक्षले तोकिएको समयमा नियमित महाधिवेशन हुन नसके विशेष महाधिवेशनमा जाने चेतावनी दिँदै आएका छन् । विशेष महाधिवेशन पक्षधरले कानुन व्यवसायीसँग छलफलसमेत गरेका छन् ।

क्रियाशील सदस्यता व्यवस्थापन समितिका सदस्य प्रकाश स्नेहीका अनुसार अधिल्लो महाधिवेशनको भन्दा यसपटक धेरै सदस्यता नवीकरण भएको छ । ७५ प्रतिशत सदस्यता नवीकरण भइसकेको उनले बताए । व्यवस्थापन समितिले छुटेको क्रियाशील सदस्यता केन्द्रबाट सीधै नवीकरण गर्ने व्यवस्थासमेत मिलाएको छ । 'तोकिएको समयमा महाधिवेशन नहुने भए हामीले रातदिन काम गरेको के अर्थ ?' स्नेहीले प्रश्न गर्दै भने, 'तोकिएको समयमै महाधिवेशन हुनुपर्छ भन्नेमा हामी छौं । सोहीअनुसार हामीले काम गरिरहेका छौं ।' क्रियाशील सदस्यताको काम अन्तिम चरणमा पुगिसकेको र केही जिल्लामा विवाद भएका कारणले मात्रै समस्या भएको उनको दाबी छ ।

क्रियाशील सदस्यताको विषयमा विवाद भएमा छानबिन गर्न सहमहामन्त्री महेन्द्र यादवको संयोजकत्वमा पाँच सदस्यीय सदस्यता छानबिन समिति बनाइएको छ । समितिमा केन्द्रीय सदस्यहरू शिवप्रसाद हुमागाईं, प्रा.डा. गोविन्दराज पोखरेल, अजयबाबु शिवाकोटी र शान्ति परियार विक छन् । समितिले विवाद भएका सदस्यताको विषयमा छानबिन गरेर व्यवस्थापन समितिलाई प्रतिवेदन बुझाउनेछ । त्यसपछि क्रियाशील सदस्यताको अन्तिम नामावली व्यवस्थापन समितिले पार्टी नेतृत्वलाई बुझाउनेछ ।

विशेष महाधिवेशन पक्षधर काङ्ग्रेस नेता मधु आचार्यले संस्थापन पक्षको महाधिवेशन गर्ने नियत नभएकाले समस्या भएको आरोप लगाएका छन् । उनले नियमित महाधिवेशन नभए २६-२८ पुसमै विशेष महाधिवेशन हुने दाबी गरे । विशेष महाधिवेशनमा १४औं महाधिवेशनकै प्रतिनिधि सहभागी हुने र नेतृत्व चयन गर्ने उनको जिकिर छ । 'अहिलेको नेतृत्व लिएर आमनिर्वाचनमा जान सम्भव छैन । त्यसैले नेतृत्व परिवर्तन अनिवार्य छ । नियमित नभए विशेष महाधिवेशन गरेर नयाँ नेतृत्वसहित निर्वाचनमा जानुको विकल्प छैन,' घिमिरेले भने ।

कारबाही फिर्ता, घर फर्किन आह्वान

काङ्ग्रेसले अनुशासनका कारबाहीमा परेकाहरूलाई माफी दिने र पार्टी परित्याग गरेकाहरूलाई घर फर्कन आह्वान गरेको छ । शनिबारको केन्द्रीय कार्यसम्पादन समिति बैठकले अनुशासनका कारबाहीमा परेकाहरूलाई माफी दिने र पार्टी परित्याग गरेकाहरूलाई घर फर्कन आह्वान गर्ने निर्णय गरेको प्रचार विभाग प्रमुख मीन विश्वकर्माले बताए । बैठक कार्यवाहक सभापति पूर्णबहादुर खड्काको सभापतित्वमा बसेको थियो । बैठकले आगामी २१ फागुनको निर्वाचनका लागि समानुपातिकतर्फका ११० उम्मेदवार चयनको मापदण्ड तयार पार्ने प्रक्रिया पनि प्रारम्भ भएको उनले बताए ।

'बैठकले वर्तमान राजनीतिक अवस्था र आसन्न प्रतिनिधिसभा तथा राष्ट्रिय सभाको निर्वाचनलाई मध्यनजर गर्दै पार्टीलाई सुसंगठित बनाउने र बृहत् एकता कायम गर्ने उद्देश्यले विगतका निर्वाचनमा पार्टीका उम्मेदवार वा पार्टीले समर्थन गरेका उम्मेदवारका विरुद्ध उम्मेदवार भएका, तिनका प्रस्तावक र समर्थक वा असहयोग गरी अनुशासनविपरीतका काम गर्नेहरूमाथि केन्द्रीय अनुशासन समितिले गरेको निष्कासन, निलम्बन र पार्टीको विधान अनुसार स्वतः कारबाहीमा परेकाहरूको बाँकी अवधि माफी र मिनाहा गर्ने निर्णय भएको छ,' उनले भने । कारबाही माफी र मिनाहा भएकाहरूको क्रियाशील सदस्यतालाई निरन्तरता कायम गरी नवीकरण गर्ने निर्णय बैठकले गरेको छ । विगतमा विभिन्न कारणले पार्टी परित्याग गरेर स्वतन्त्र बनेका वा अन्य पार्टीमा गएर उम्मेदवार, प्रस्तावक वा प्रचारक बनेका नेता तथा कार्यकर्ताहरूलाई पार्टीमा फर्कन आह्वान गरेको छ । त्यसरी फर्किनेहरूलाई क्रियाशील सदस्यतासहित आवश्यक जिम्मेवारी प्रदान गर्ने निर्णय बैठकले गरेको छ ।

जनकपुरधाममा जाडो बिदा थप

जनकपुरधाम/ शीतलहर र हुस्सुका कारण अत्यधिक चिसो बढ्दै गएपछि जनकपुरधाम उपमहानगरपालिकाले सामुदायिक तथा संस्थागत विद्यालयमा जाडो बिदा थप गरेको छ । नगरकार्यपालिकाले शनिबार जारी गरेको सूचनाअनुसार मौसममा सुधार नआएको र विद्यार्थीलाई चिसोबाट जोगाउन आवश्यक देखिएकाले १३ देखि पुस पुसमम्म विद्यालयमा जाडो बिदा दिइएको हो । यसअघि शुक्रबार एक दिन जाडो बिदा दिएको थियो ।

लागुऔषधसहित दुईजना पक्राउ

पर्सा/ सशस्त्र प्रहरीले शनिबार पर्सामा लागुऔषधसहित दुईजनालाई पक्राउ गरेको छ । पर्साको पटेर्वासुगौली गाउँपालिका- ५ मनिहर्वा चोकमा सुरक्षा बेस पोखरियाबाट डिएसपी शम्भु कटुवालको कमान्डमा खटिएको टोलीले भारततर्फ लैजाँदै गाँजासहित रवीन्द्र महतोलाई पक्राउ गरेको हो । त्यस्तै, बेतियाको बेहरा झुम्का- १४, घर भएका ३७ वर्षीय अशोक महतो सवार बिआर २२ ए ५३०२ नम्बरको मोटरसाइकलको सिटमुनि लुकाइछिपाइ राखेको अवस्थामा चार केजी तीन सय ग्राम लागुऔषधसहित पक्राउ परेका छन् ।

नागरिकता त्यागेका पूर्वराष्ट्रसेवकको रोकियो पेन्सन

नयाँ पत्रिका

नेपालको नागरिकता त्यागेर विदेशी नागरिकता लिएका पूर्वराष्ट्रसेवकको पेन्सन रोकिन थालेको छ । पेन्सनका लागि राष्ट्रिय परिचयपत्र अनिवार्य गरिएपछि पेन्सन रोकिन थालेको हो । कतिपयले भने रोकिएको पेन्सन पाउनका लागि निवेदन दिन थालेका छन् । देशको नागरिकता नै त्यागिसकेकालाई पेन्सन दिने वा नदिने भन्ने विषयमा सरकारले केही निर्णय गरेको छैन । यस सम्बन्धमा हालको कानुनी प्रावधान पनि प्रस्ट छैन ।

पेन्सन रोकिएपछि हालै पूर्वउपसचिव गायत्री पाण्डेले गृह मन्त्रालयदेखि पेन्सन व्यवस्थापन कार्यालयमा निवेदन दिएका छन् । डिभी परेपछि उनी जागिरबाट राजीनामा दिएर अमेरिका गएका थिए । दुई वर्षयता उनको पेन्सन रोकिएपछि नेपाल आएर निवेदन दिएका हुन् ।

पेन्सनपट्टा हरेक आर्थिक वर्षमा नवीकरण गर्नुपर्ने हुन्छ । नवीकरण गर्दा राष्ट्रिय परिचयपत्र अनिवार्य चाहिने प्रावधान आर्थिक वर्ष ०८१/८२ देखि लागू भएको हो । विदेशी नागरिकता त्यागेकाहरूले पेन्सनपट्टा नवीकरण गर्न सकेका छैनन् । परिचयपत्र अनिवार्य नगर्दा पुरानै नेपाली नागरिकता देखाएर उनीहरूले नवीकरण गर्दै आएका थिए । त्याग गरिसकेको जाँच गर्ने प्रणाली थिएन ।

अहिले परिचयपत्र बनाउने क्रममा त्याग गरिसकेको नागरिकको विवरण पत्ता लाग्ने भएकाले पेन्सन रोकिएको हो । नागरिकता त्यागिसकेकाले राष्ट्रिय परिचयपत्र बनाउन नसक्दा पेन्सन रोकिएको निवृत्तिभरण व्यवस्थापन कार्यालयका सूचना अधिकारी राजभाइ श्रेष्ठले बताए । 'अहिले पेन्सन नवीकरणका लागि राष्ट्रिय परिचयपत्र अनिवार्य गरिएको छ,' उनले भने, 'जसकारण कतिपयले आफ्नो पेन्सन रोकेर अन्याय भयो भनेर निवेदन दिनुभएको छ, त्यसमा हामी महालेखा नियन्त्रणको कार्यालयसँग छलफल गरिरहेका छौं ।' परिचयपत्र लागू गरिएपछि सामाजिक सुरक्षा भत्ता र पेन्सन दुवै लिने प्रवृत्तिमा पनि कमी आएको तथा कतिपयले त पेन्सन त्यागसमेत गरेको निवृत्तिभरण व्यवस्थापन कार्यालयले जनाएको छ ।

पेन्सन रोकिएपछि कतिपय गैरआवासीय नेपालीले चित्त बुझाउने गरेका छन् भने कतिपयले भने कानुनविपरीत पेन्सन रोकिएको भन्दै असन्तुष्टि जनाएका छन् । बिदेसिएका नेपालीहरूले गैरआवासीय नेपाली नागरिकता भने पाउने सुविधा छ । तर, उनीहरूलाई राष्ट्रिय परिचयपत्र दिने प्रस्ट प्रावधान छैन । गैरआवासीय नेपाली नागरिकले हालसम्म राष्ट्रिय परिचयपत्र पाएका छैनन् । परिचयपत्र नहुँदा नेपालमा बैंक खाता खोल्नदेखि व्यवसायमा लगानी गर्न समस्या भएको उनीहरूले गुनासो गर्दै आएका छन् । यससम्बन्धी कानुनी व्यवस्था गरेर मात्र गैरआवासीय नेपालीलाई परिचयपत्र दिने गृह मन्त्रालयको तयारी छ ।

गैरआवासीय नेपालीलाई व्यवसायलगायतको प्रयोजनका लागि परिचयपत्र दिए पनि पेन्सनको प्रयोजनका लागि भने दिन नहुने धेरैको राय छ ।

■ सुशीला हत्या प्रकरण

नन्द मीनाले स्वीकार गरिन् हत्यामा आफ्नो संलग्नता

नयाँ पत्रिका

सिन्धुली कमलामाई नगरपालिका- ४ धुरा बजारकी ३२ वर्षीया सुशीला घिसिङ बम्जनको हत्यामा उनकी नन्द मीना बम्जन संलग्न रहेको अनुसन्धानबाट खुलेको छ । उनले प्रहरीसँगको बयानमा आफ्नो संलग्नता रहेको स्वीकार गरेकी छिन् ।

सुशीलाको गत ६ पुसको साँझ करिब ४ बजे धुरा बजारस्थित दुईतले घरको किचनमा पेट्रोल खन्याएर आगो लगाई हत्या गरिएको थियो । घटनालगत्तै प्रहरीले नन्द ३५ वर्षीया मीनासहित सासु मायारानी बम्जनलाई प्रहरीले पक्राउ गरेको थियो । त्यसवेलासम्म उनीहरूले घटनामा आफ्नो संलग्नता नभएको दाबी गर्दै आएका थिए । अनुसन्धानपछि भने मीनाले घटना स्वीकार गरेको जिल्ला प्रहरी कार्यालय सिन्धुलीका प्रमुख एसपी लालध्वज सुवेदीले बताए । 'घटनालगत्तै मृतककी सासु मायारानी र नन्द मीनालाई पक्राउ गर्‍यौं । विभिन्न कोणबाट अनुसन्धान सुरु भयो । तथ्य संकलन हुँदै गए । घटनामा प्रयोग भएको पेट्रोल मीनाले खरिद गरेको खुल्यो । हामीले उनीसँग बयान लियौं । अहिलेसम्मको अनुसन्धानमा उनले घटना स्वीकार गरेकी छिन्,' उनले भने ।

प्रहरीका अनुसार मीनाले घटना हुनु केही घन्टाअघि मात्रै नजिकैको बजारबाट प्लास्टिकको दुईवटा बोतलमा चार लिटर पेट्रोल किनेर ल्याएकी थिइन् । सात-सात वर्षीय दुई छोरा र छोरीलाई ट्युसन सेन्टरबाट घर ल्याएकी सुशीला किचेनमा प्रवेश गरेकी थिइन् । सोहीक्रममा मीनाले लुकाई राखिएको पेट्रोल सुशीलाको शरीरमा खन्याएकी थिइन् । आगो लगाएर बाहिर निस्केकी उनले किचेनको ढोका बन्द गरेकी थिइन् । सुशीला भने बन्द किचेनमा गुहार माग्दै थिइन् ।

सो दृश्य देख्न नसकेपछि प्यारालाइसिसबाट थलिएका सुशीलाका ससुरा दुर्गाबहादुर बम्जन ह्विलचियरमै गुडेर किचेनको ढोका खोल्न पुगेका थिए । जल्दै गरेकी सुशीला सोहीक्रममा बाहिर निस्केकी थिइन् । आगोको लप्काले दुर्गाबहादुरलाई पनि भेटेको थियो । सुशीलाका मामा सोनाम लामाका अनुसार उनको हातखुट्टामा गहिरो चोट लागेको छ ।



सुशीला बम्जन



सुशीलाका नन्द मीना (बायाँ) र सासू मायारानी



● एसपी **लालध्वज सुवेदी**
जिल्ला प्रहरी कार्यालय, सिन्धुली

घटनालगत्तै मृतककी सासू मायारानी र नन्द मीनालाई पक्राउ गर्‍यौं । विभिन्न कोणबाट अनुसन्धान सुरु भयो । तथ्य संकलन हुँदै गए । घटनामा प्रयोग भएको पेट्रोल मीनाले खरिद गरेको खुल्यो । हामीले उनीसँग बयान लियौं । अहिलेसम्मको अनुसन्धानमा उनले घटना स्वीकार गरेकी छिन् ।

'मीनाले सुशीलाको शरीरमा पेट्रोल खन्याएर आगो लगाइन् । जल्दै गरेकी भाउजुलाई किचेनमा थुनेर ढोका बन्द गरिन् । भित्र सुशीला जल्न थालिन् । पीडाले उनीभित्रै छटपटाउन थालिन् । यहीक्रममा बन्द ढोका खोल्न सुशीलाको ससुरा किचेन पुगे । ढोका खोलेलगत्तै सुशीला बाहिर निस्किइन् । यही क्रममा ससुराको ह्विलचियरमा अल्झिन पुगिन् । दुर्गाबहादुरको शरीरमा चोट लागेको सोहीकारण हो,' उनले भने ।

मामा सोनामका अनुसार सुशीलाका श्रीमान् सूर्यबहादुर बम्जन वैदेशिक रोजगारका लागि दक्षिण कोरियामा छन् । उनीहरूको ०६७ मा मागी विवाह भएको हो । विवाह भएकै केही महिनामै दुईबिच खटपट सुरु भएको थियो । विवाद बढ्दै गएपछि उनले सुशीलालाई निर्घात कुटपिट गर्दै आएका थिए । दक्षिण कोरिया गएपछि पनि दुईबिचको सम्बन्ध राम्रो थिएन । सासु र ससुराले पनि सुशीलालाई दैनिक टोकस गर्दै आएका थिए । सम्बन्धविच्छेदपछि माइतमै बस्दै आएकी नन्द मीनाले उनलाई अझ धेरै तनाव दिने गर्थिन् । घटनाको दिन पनि सुशीलालाई मीनाले बिहानैदेखि मारिदिने धम्की दिएकी थिइन् । डराएकी उनले आफ्नो पीडा बहिनीलाई टेलिफोन गरी सुनाइन् । बहिनीको ढाडसपछि मात्रै ट्युसनबाट फर्किएका छोराछोरीसँगै उनी घर प्रवेश गरेकी थिइन् । त्यहीक्रममा उनीमाथि मीनाले पेट्रोल खन्याएर आगो लगाइन् । चोटका कारण उनको घटनास्थलमै मृत्यु भयो ।

प्रहरीका अनुसार सुशीला घर प्रवेश गरेलगत्तै मीनाले घरको मूलगेटमा ताला ठोकेर बन्द गरेकी थिइन् । ढोकाको च्यानल गेटमा पनि उनले साँचो लगाएकी थिइन् । घरमा निर्माण कार्य चल्दै थियो । घटनाका दिन मीनाले कामदारलाई समेत काममा नआउन भनेकी थिइन् । 'हालसम्मको अनुसन्धानमा घटनामा मीनाकै संलग्नता भएजस्तो देखिन्छ । नन्द-भाउजुबिचको इगो नै घटनाको मुख्य कारण रहेको जस्तो देखिन्छ,' एसपी सुवेदीले भने । सुशीलाको शव ६ दिनदेखि सिन्धुली अस्पतालमै छ । माइती पक्षले सुशीलाका पति सूर्यबहादुरलाई दक्षिण कोरियाबाट झिकाउनुपर्ने र तीन सन्तान (बालबालिका)का नाममा पैतृक सम्पत्ति नआएसम्म शव नबुझ्ने अडान राखेको हो ।

रिज लाइन इनर्जी लिमिटेड
Ridge Line Energy Ltd.

रजिष्टर्ड कार्यालय, ललितपुर महानगरपालिका-१, ललितपुर, फोन नं.: ०१-५९००११४

(आयोजनाको नाम : सुपर चेपे जलविद्युत आयोजना-९.०५ मे.वा.)

वेवसाईट: https://www.ridgeline.com.np, इमेल : info@ridgeline.com.np

आयोजना प्रभावित क्षेत्रका स्थानिय बासिन्दाहरू र वैदेशिक रोजगारीमा रहेका नेपालीहरूको निमित्त साधारण शेयर निष्काशन तथा बिक्री खुल्ला गरिएको बारे सूचना

रिज लाइन इनर्जी लिमिटेडले आफ्नो जारी पूँजी रु.१,१८,५०,००,०००/- (एक अर्ब अठार करोड पचास लाख) को २२% अर्थात् रु.२६,०७,००,०००/- (छब्बिस करोड सात लाख) को २६,०७,००० कित्ता (छब्बिस लाख सात हजार) साधारण शेयर सर्वसाधारणको लागि निष्काशन गर्नेछ । जस मध्ये जारी पूँजीको १०% अर्थात रु.११,८५,००,०००/- (एघार करोड पचासी लाख) रकम बराबरको रु.१०० अंकित दरका ११,८५,००० कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरूको लागि तथा सार्वजनिक निष्काशन गरिने शेयरको १० प्रतिशत अर्थात रु.१,४२,२०,०००/- (एक करोड बयालिस लाख बिस हजार) रकम बराबरको रु.१००/- अंकित दरका १,४२,२०० कित्ता शेयरहरु नेपाल सरकारको सम्बधित निकायबाट श्रम स्वीकृत प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरुका लागि **आज मिति २०८२ पुस १३ गते आइतबारदेखि** निष्काशन तथा बिक्री खुल्ला गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि सूचित गरिन्छ ।

आयोजना प्रभावित क्षेत्र	छुट्टाइएको शेयर संख्या	पुँजी रकम (रु)
प्रभावित क्षेत्र : गोरखा जिल्लाका अजिरकोट गाउँपालिकाको सम्पुर्ण वडाहरु र लमजुङ जिल्ला दुधपोखरी गाउँपालिकाको वडा नं. १, २, ३ तथा दोर्दी गाउँपालिकाको वडा नं. ४, ५, ६	११,८५,०००	११,८५,००,०००/-

आयोजना प्रभावित क्षेत्रका वासिन्दाहरुका लागि		वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि	
दरखास्त दिनुपर्ने न्युनतम कित्ता :	१० कित्ता	दरखास्त दिनुपर्ने न्युनतम कित्ता :	१० कित्ता
दरखास्त दिन पाउने अधिकतम कित्ता :	५०,००० कित्ता	दरखास्त दिन पाउने अधिकतम कित्ता :	५०,००० कित्ता

दरखास्तसाथ भुक्तानी गर्नुपर्ने रु. १००/- प्रति शेयरको दरले

सि.नं.	विवरणपत्र प्राप्त गर्ने स्थानको नाम र ठेगाना
१.	प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाडौं, नेपाल, वेवसाइट : www.prabhucapital.com फोन नं.– ०१- ४१६९१००, ५९७०२००
२.	रिज लाइन इनर्जी लिमिटेड, ल.म.न.पा-०१, ललितपुर वेवसाइट : www.ridgeline.com.np
३.	नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुरको वेवसाइट: www.sebon.gov.np
सि.नं.	**दरखास्त फारम प्राप्त गर्न र बुझाउने स्थान** : आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुको लागि देहाय बमोजिमका स्थानहरुबाट भौतिक रुपमा दरखास्त फारम लिने व्यवस्था गरिएको छ :
१.	**आयोजना प्रभावित क्षेत्रका वासिन्दाहरुको हकमा** : १. रिज लाइन इनर्जी लिमिटेड आयोजना कार्यालय, गोरखा । २. प्रभु क्यापिटल लिमिटेडको कमलादी तथा यस क्यापिटलले निर्माण गरिएको अनलाईन https://ipoapply.prabhucapital.com लिङ्क मा गई आवेदन दिन सक्नेछन् । ३. प्रभु बैंक लिमिटेड छेपेटार शाखा गोरखा । ४. प्रभु बैंक लिमिटेड पालुङटार शाखा गोरखा । ५. ग्लोबल आईएमई बैंक लिमिटेड दोर्दी शाखा, लमजुङ । ६. राष्ट्रिय वाणिज्य बैंक लिमिटेड भच्चेक शाखा, गोरखा । **आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाले शेयर खरीद आवेदन प्राप्त गर्नका लागि दरखास्त फारम बापत रु.२/-(दुई रुपैया) शुल्क बुझाउनु पर्नेछ ।**
२.	**वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि दरखास्त फाराम प्राप्त गर्ने र दरखास्त बुझाउने स्थानहरु** : नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई आस्वा (ASBA) सेवामा सहभागी बैक तथा वित्तीय संस्थाहरुबाट सि-आस्वा (C–ASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ ।

आयोजना प्रभावित क्षेत्रका वासिन्दाहरुका लागि साधारण शेयरको विक्री खुल्ला अवधि		वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि साधारण शेयरको विक्री खुल्ला अवधि	
निष्काशन खुल्ला मिति :	२०८२/०५/१३	निष्काशन खुल्ला मिति:	२०८२/०५/१३
निष्काशन बन्द हुने मिति (छिटोमा) :	२०८२/०५/२८ (बैकिङ्ग समय पश्चात्)	निष्काशन बन्द हुने मिति (छिटोमा) :	२०८२/०५/१७ (बैकिङ्ग समय पश्चात्)
निष्काशन बन्द हुने मिति (ढिलोमा) :	२०८२/१०/१२ (बैकिङ्ग समय पश्चात)	निष्काशन बन्द हुने मिति ढिलोमा) :	२०८२/०५/२८ (बैकिङ्ग समय पश्चात्)

कम्पनीको संक्षिप्त वित्तीय विवरण सम्बन्धी विवरण

विवरण	वास्तविक			प्रक्षेपित		
	२०७५/८०	२०८०/८१	२०८१/८२	२०८२/८३	२०८३/८४	२०८४/८५
प्रति शेयर आम्दानी रु.	२१।५७	१२।३०	७।९२	८।०२	११।२२	१२।५१
प्रति शेयर नेटवर्थ रु.	१३६।६९	१२६।३९	१३१।३६	१२५।०८	१३६।२९	१४८।७९
संचित नाफा नोक्सान (रु हजारमा)	८६,८७७।०२	१५९,५५१।२७	२८९,८५५।७३	२९७,२५७।१२	४,३०,०७२।२४	५७८,२०६।७३
प्रति शेयर आम्दानी रु. (IFRIC 12 बाहेक)	-२।१७	८।९२	७।९२	८।०२	११।२२	१२।५१
प्रति शेयर नेटवर्थ रु. (IFRIC 12 बाहेक)	९२।२०	१०५।७५	११८।२८	११५।२२	१२६।७५	१३९।५९
संचित नाफा नोक्सान (रु.हजारमा) (IFRIC 12 बाहेक)	-१८,४६८।३१	३४,७६९।७६	१६८,९८९।०६	१८०,३०५।३०	३१७,०३५।२६	४६९,०८४।५९

आयोजनाको नाम	उत्पादन क्षमता	कुल लागत रकम	प्रति मेगावाट लागत रकम	विद्युत उत्पादन अनुमति प्राप्त गरेको मिति
सुपर चेपे जलविद्युत आयोजना	९.०५ मे.वा	रु.२ अर्ब ९ करोड ६० लाख	रु.२३ करोड १६ लाख	२०७८/०२/०७
अनुमति बहाल रहने मिति	विद्युत उत्पादन अनुमतिको बाकी अवधी	साधारण लगानी फिर्ता हुने अवधी	डिस्काउन्टमा लगानी फिर्ता हुने अवधी	परियोजना सरकारलाई हस्तान्तरण गर्ने मिति
२११३/०२/०६	३० वर्ष ११ महिना	७ वर्ष ४ महिना	१० वर्ष ९ महिना	२११३/०२/०६

क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था :

यस विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (सातौं संशोधन सहित) मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्यूवर रेटिङ्ग गराउनु पर्ने भएकोले क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था केयर रेटीङ्ग नेपाल लिमिटेड पुतलीसडक, काठमाडौंबाट इस्यूवर रेटिङ्ग गराई CARE-NP BB(Is) [Double B (Issuer)] रेटिङ्ग प्राप्त गरेको छ । CARE-NP BB (Is) ले "Moderate risk of default regarding timely servicing of financial obligations, in Nepal" जनाउँदछ जसको नेपालीमा "समयमै वित्तीय दायित्व भुक्तानीका सन्दर्भमा मध्यम स्तरको जोखिम रहेको" बुझिन्छ । केयर नेपाल लिमिटेडले CARE-NP AAA(Is) देखि CARE-NP D (Is) सम्मको रेटिङ्ग प्रदान गर्दछ जसमा ग्रेड CARE-NP AAA(Is) ले बलियो आधार जनाउँछ र CARE-NP D(Is) ले कमजोर आधार जनाउँदछ । यसको अर्थ CARE-NP BB (Is) को स्थिति CARE-NP BBB(Is) को भन्दा एक चिन्ह तल रहन्छ । रेटिङ्ग ग्रेड प्रदान गरेको मितिः सेप्टेम्बर १८,२०२५, रेटिङ्ग ग्रेड बहाल रहने अवधिः अक्टोबर ८, २०२६

लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा लिखित वा विद्युतीय माध्यमबाट आवेदन दिँदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिनुहुन अनुरोध गर्दछौं ।

यस निष्काशन सम्बन्धी विस्तृत जानकारीको लागि मिति २०८२ पुस ०३ गतेको "नयाँ पत्रिका" राष्ट्रिय दैनिकमा प्रकाशित आव्हान-पत्र वा निष्काशन कम्पनीको वेभसाइट www.ridgeline.com.np, नेपाल धितोपत्रबोर्डको वेभसाइट www.sebon.gov.np अथवा निष्काशन तथा बिक्री प्रबन्धकको वेभसाइट www.prabhucapital.com मा रहेको विवरण पत्र हेर्नुहुन अनुरोध गर्दछौं ।

यस विवरणपत्र मार्फत निष्काशन भएका शेयरहरु मध्ये आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुको लागि बिक्री वितरण गरेको शेयर सर्वसाधारणका लागि निष्काशन गरिएको शेयर बाँडफाँट भएको मितिले तीन वर्ष पूरा नभए सम्म अरु कसैलाई कई बिक्री वा हस्तान्तरण गर्न पाइने छैन ।

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक

प्रभु क्यापिटल लिमिटेड

(A Subsidiary of Prabhu Bank Limited)

कमलादी, काठमाडौं, नेपाल, फोन नं.: ०१-४१६५१००, ५९७०२००

Email : info@prabhucapital.com, Web: www.prabhucapital.com

ली क्वान युबाट नेपालले सिक्नुपर्ने पाठ

आर्थिक वृद्धि, विदेशी लगानी, सामाजिक सद्भाव र कूटनीतिक विश्वसनीयताका लागि पनि राज्य आफैँलाई जोगाउन सक्षम हुनुपर्छ



● बिनोज बस्न्यात

अग्रलेख

सन् १९६५ मा सिंगापुर स्वतन्त्र हुँदा धेरैले त्यसलाई दीर्घकालीन रूपमा नटिक्ने ठानेका थिए। सानो भूभाग, प्राकृतिक स्रोतको अभाव, जातीय विभाजन र अनिश्चित क्षेत्रीय वातावरण, यी सबै कमजोरीबिच पनि सिंगापुरका संस्थापक प्रधानमन्त्री ली क्वान युले एउटा निर्णयलाई प्राथमिकता दिए, जुन आज पनि साना राष्ट्रका लागि मार्गदर्शक बनेको छ, सुरक्षा। उनको दृष्टिमा सुरक्षा विलासिता होइन- यो विकास, कूटनीति र समृद्धिको पूर्वसर्त हो।

लीको आत्मकथा 'फ्रम थर्ड वर्ल्ड टु फर्स्ट'को दोस्रो अध्यायले स्पष्ट सन्देश दिन्छ, आत्मरक्षा गर्ने क्षमताविनाको स्वतन्त्रता केवल कागजी अवधारणा मात्र हुन्छ। अस्तित्व सुरक्षित नभएसम्म विकास, कूटनीति र समृद्धिका सपना दिगो हुँदैनन्। आज नेपाल सिंगापुरको जस्तो अवस्थामा छैन। तर, लोकतान्त्रिक थकान, युवा असन्तुष्टि, संस्थागत राजनीतिकरण र तीव्र हुँदै गएको भूराजनीतिक दबाबबिच नेपालले पनि उस्तै रणनीतिक प्रश्न सामना गरिरहेको छ, के सुरक्षा राष्ट्रिय प्राथमिकताको केन्द्रमा नराखी सार्वभौमिकता र लोकतन्त्र दीर्घकालीन रूपमा जोगाउन सकिन्छ ?

साना राज्यहरूको रणनीतिक परीक्षा : आजको विश्व संरचना न त शीतयुद्धकालीन द्विध्रुवीय छ, न त पूर्ण बहुध्रुवीय। यो प्रतिस्पर्धात्मक, अनिश्चित र तरल छ। अमेरिका-चीन प्रतिस्पर्धा अब केवल सैन्यशक्ति वा व्यापारमा मात्र सीमित छैन। यो प्रविधि, डेटा, आपूर्ति शृंखला, पूर्वाधार, ऋण, सूचना, कथानक र राजनीतिक पहुँचसम्म फैलिएको छ। दक्षिण एसिया यो प्रतिस्पर्धाको रणनीतिक चौराहा हो। पाकिस्तान, श्रीलंका, बंगलादेश, माल्दिभ्स, सबै कुनै न कुनै रूपमा यसबाट प्रभावित छन्। साना राज्यहरूका लागि मुख्य प्रश्न शक्ति रोज्ने होइन। मुख्य प्रश्न हो, राज्य क्षमता कति बलियो छ ?

दक्षिण एसियाली अनुभवको चेतावनी : नेपालको राजनीतिक विमर्शमा राष्ट्रिय सुरक्षा अझै पनि प्रायः 'अन्तिम एजेन्डा'जस्तो देखिन्छ- चुनाव, सत्तासमीकरण, पहिचान राजनीति र तत्कालीन गठबन्धनपछि मात्र आउने विषय। नीति-निर्माण प्रतिक्रियात्मक छ, रणनीतिक छैन। लीले यस्तो सोचलाई सुरुदेखि नै अस्वीकार गरे। उनका लागि सुरक्षा विकाससँग प्रतिस्पर्धी विषय नभई सुरक्षा नै विकासको आधार थियो।

आर्थिक प्रगतिलाई धान्न नसकेको बंगलादेश : बंगलादेशलाई लामो समयसम्म दक्षिण एसियाको 'सक्सेस स्टोरी' मानिन्थ्यो। निरन्तर आर्थिक वृद्धि, गार्मेन्ट उद्योगको विस्तार, गरिबी न्यूनीकरण र सामाजिक सूचकांकमा सुधार, यी सबैले बंगलादेशलाई क्षेत्रीय उदाहरण बनाएका थिए। तर पछिल्ला वर्षमा देखिएको राजनीतिक दमन, संस्थागत क्षय, सुरक्षा संयन्त्रको राजनीतिकरण र युवा असन्तोषले त्यो उपलब्धिको नाजुक आधार उजागर गरिदिएको छ। बंगलादेशको संकट केवल सत्ता परिवर्तन वा चुनावी विवादको विषय होइन, गहिरो संरचनागत समस्या हो : १. सुरक्षा निकायको दलीय प्रयोग, २. विपक्षी राजनीतिक स्थानको संकुचन, ३. न्यायिक र प्रशासनिक संस्थाको क्षय, ४. युवामा वैधता र भविष्यप्रतिको निराशा।

परिणामस्वरूप, आन्तरिक अस्थिरता बढ्दै गयो। यही अस्थिरताले बाह्य प्रभाव, कूटनीतिक दबाब र अन्तर्राष्ट्रिय हस्तक्षेपलाई सहज बनायो। यो आकस्मिक घटना होइन। कमजोर, राजनीतिकरण भएको राज्य संरचना अन्ततः बाह्य प्रतिस्पर्धाको अखडा बन्छ नै। नेपालका लागि बंगलादेश भविष्यवाणी होइन, रोकथामको चेतावनी हो।

श्रीलंका : आर्थिक संकटअगावै राज्य क्षमताको पतन : श्रीलंकाको उदाहरण अझ कठोर छ। धेरैले श्रीलंकाको पतनलाई ऋण, गलत आर्थिक नीति र महामारीसँग जोड्छन्। तर, वास्तविक कारण गहिरो छ- संस्थागत क्षय, नीति निरन्तरताको अभाव, र सुरक्षा-राजनीतिक निर्णयको संकीर्णता। सुरक्षा निकायमा राजनीतिकरण भयो, रणनीतिक निर्णय परिवार र सानो वृत्तमा सीमित भयो र राज्यले जोखिम मूल्यांकन गर्न सकेन। परिणामस्वरूप, आर्थिक संकटले सम्पूर्ण राज्यसंरचना ढालिदियो। यसबाट नेपालका लागि स्पष्ट सन्देश छ- राज्य क्षमता कमजोर छ भने आर्थिक वृद्धि मात्र पर्याप्त हुँदैन।

चीन-भारत प्रतिस्पर्धा र नेपालको रणनीतिक परीक्षा : भारत र चीनबिच रहेको नेपालको भूरणनीतिक अवस्था संवेदनशील छ। तर, भूगोल आफैँ रणनीति होइन। चीन-भारत प्रतिस्पर्धा अब सीमित विवादभन्दा पर गइसकेको छ। यो प्रभाव क्षेत्र, कनेक्टिभिटी परियोजना, पूर्वाधार र राजनीतिक पहुँचसम्म फैलिएको छ। नेपालले प्रायः 'सन्तुलन' शब्द प्रयोग गर्छ। तर, सन्तुलन भाषण होइन, संस्थागत क्षमता हो। कमजोर राज्यले सन्तुलन गर्न सक्दैन- ऊ केवल प्रतिक्रियात्मक हुन्छ।

लीका दृष्टिमा, सानो राज्यले ठुलो शक्ति पराजित गर्ने होइन, हस्तक्षेपको मूल्य बढाउने हो। त्यसका लागि पेसागत सुरक्षा निकाय, स्पष्ट नीति, आन्तरिक स्थिरता र विश्वसनीय शासन अपरिहार्य छन्।

नेपालमा के गलत भइरहेको छ ? : १) रणनीतिक सोचको अभाव : नेपालसँग दीर्घकालीन राष्ट्रिय रणनीति छैन। सुरक्षा, कूटनीति, अर्थतन्त्र, ऊर्जा, आपूर्ति शृंखला र साइबर जोखिम सबै अलग-अलग छन्। सरकार बदलिँदा प्राथमिकता बदलिन्छ। राज्य स्मृति कमजोर छ। रणनीतिविनाको राज्य इन्जिन चलिरहेको, तर दिशा संकेत नभइरहेको जहाजजस्तै हो। २) दलकेन्द्रित राज्य : नेपालमा राज्यभन्दा दल बलिया छन्। सुरक्षा, प्रशासन, कूटनीति र संवैधानिक निकाय पनि दलीय गणनाबाट प्रभावित छन्। परिणामः नीतिगत निरन्तरता टुटुछ, संस्थागत विश्वास घट्छ र निर्णय डर र स्वार्थबाट निर्देशित हुन्छ। ३) केन्द्रीकरण र अपूर्ण संघीयता : संविधान संघीय छ, तर सोच अझै केन्द्रीय छ। काठमाडौंमा शक्ति थुप्रिएको छ। यसले स्थानीय असन्तोष बढाउँछ, सेवाप्रवाह कमजोर बनाउँछ र राष्ट्रिय एकताभन्दा विभाजन बढाउँछ। ४) राजनीतिकरण र भ्रष्टाचार : भ्रष्टाचार केवल नैतिक समस्या होइन, यो राष्ट्रिय सुरक्षाको जोखिम हो। यसले राज्य क्षमतामा क्षय ल्याउँछ र बाह्य हस्तक्षेप सजिलो बनाउँछ।



विलासिता होइन सुरक्षा : दक्षिण एसियाबाट सिक्दै, नेपालको राजनीतिक विमर्शमा राष्ट्रिय सुरक्षा प्रायः दोस्रो तहको विषयका रूपमा देखिन्छ- चुनाव, गठबन्धन, पहिचान र तत्कालीन राजनीतिक सौदाबाजीपछि मात्र आउने विषय। ली क्वानले यस्तो सोचलाई पूर्ण रूपमा अस्वीकार गरे। उनको नेतृत्वको सिंगापुरले बुझ्यो, आर्थिक वृद्धि, विदेशी लगानी, सामाजिक सद्भाव र कूटनीतिक विश्वसनीयता सबै एकै कुरामा निर्भर छन्- राज्य आफैँलाई जोगाउन सक्षम हुनुपर्छ।

> सुरक्षा लोकतन्त्रको विरोधी होइन, त्यसको ढाल हो। र ढाल कमजोर भयो भने, लोकतन्त्र पनि असुरक्षित हुन्छ।

नेपालमाथि तत्काल सैन्य आक्रमणको खतरा छैन। तर, आजको विश्वमा सार्वभौमिकता प्रायः ट्यांकबाट होइन, आन्तरिक अस्थिरता, आर्थिक दबाब, सूचना युद्ध र संस्थागत क्षयबाट कमजोर बनाइन्छ। सुरक्षा अब केवल सीमाको रक्षा होइन, यो राज्य क्षमताको रक्षा हो।

भूगोल आफैँमा रणनीति होइन : नेपाल आफ्नो भूगोलबाट प्रायः ढुक्क हुने प्रवृत्ति राख्छ। सिंगापुरसँग त्यो सुविधा थिएन। तर, लीको चेतावनी स्पष्ट थियो- भूगोलले मात्र सुरक्षा सुनिश्चित गर्दैन। भारत र चीनबिचको अवस्थिति नेपालका लागि अवसर पनि हो र चुनौती पनि। रणनीतिक गहिराइ हुनु भनेको रणनीतिक स्वायत्तता हुनु होइन। त्यसका लागि राज्य सक्षम, अनुशासित र विश्वासयोग्य हुनुपर्छ। सिंगापुरले ठुलो शक्तिलाई पराजित गर्ने उद्देश्य राखेन। उसले दबाबको मूल्य बढाउने रणनीति अपनायो। नेपालका लागि पनि प्रतिरोध शक्ति निम्न माध्यममा निहित छ :

१. पेसागत र अनुशासित सुरक्षा निकाय, २. प्रभावकारी सीमा व्यवस्थापन, ३. द्रुत विपत् तथा संकट प्रतिक्रिया, ४, आन्तरिक शान्ति र कानुनी नियन्त्रण, ५. पूर्वानुमेय र कार्यशील राज्य।

राजनीतीकरण होइन, पेसागत दक्षता : ली क्वानको सबैभन्दा कडा धारणा थियो- राजनीतिकरण भएको सेना कमजोर हुन्छ। सिंगापुरमा नागरिकको नियन्त्रण पूर्ण थियो, तर राजनीतिक हस्तक्षेप न्यून। नेपालको लोकतान्त्रिक यात्राले समावेशिता र नागरिक सर्वोच्चतालाई बलियो बनाएको छ। तर, यस क्रममा संस्थागत राजनीतिकरण पनि बढेको छ। सुरक्षा निकायलाई कहिलेकाहीँ ऐतिहासिक बोझ वा राजनीतिक शंकाका दृष्टिले हेरिन्छ। वास्तविकता के हो भने, पेसागत, गैरदलीय नेपाली सेना लोकतन्त्रको खतरा होइन, लोकतन्त्रको आधार हो। विश्व अनुभवले देखाउँछ, कमजोर वा विभाजित सुरक्षा संस्थाले लोकतन्त्र जोगाउन सक्दैन।

राष्ट्रिय सेवा र सामाजिक एकता : सिंगापुरमा राष्ट्रिय सेवा विवादास्पद थियो। तर, लीले त्यसलाई सैन्य मात्र होइन, राष्ट्र निर्माणको साधन माने। यसले अनुशासन, सामाजिक घुलमिल, र साझा जिम्मेवारीको भावना विकास गऱ्यो। नेपाललाई अनिवार्य सैन्य सेवा आवश्यक छैन। तर युवा अलगाव, असंयमित राजनीतिक सक्रियता र नागरिक उत्तरदायित्वको क्षय गम्भीर समस्या बनेका छन्। नागरिक नेतृत्वमा, तर सुरक्षा क्षमतासँग जोडिएको संरचित राष्ट्रिय सेवा कार्यक्रमले युवालाई निम्न क्षेत्रमा परिचालित गर्न सक्छ :

१. विपत् व्यवस्थापन र जलवायु अनुकूलन, २. पूर्वाधार तथा रसद सहयोग, ३. साइबर र सूचना सुरक्षा, ४. स्वास्थ्य आपत्कालीन तयारी। यसले समाजलाई सैन्यीकरण नगरी राज्य क्षमता बलियो बनाउँछ।

ठुलो आवाज होइन, मौन क्षमता : सिंगापुरले आफ्नो सैन्य निर्माण शान्त रूपमा गऱ्यो। इजरायली विज्ञहरू गोप्य रूपमा ल्याइए, कुनै वैचारिक प्रदर्शनविना। नेपालका लागि यो अत्यन्तै सान्दर्भिक पाठ हो। छिमेकीविरोधी नाराबाजी वा शक्ति-पक्षधरता देखाउने कसरतले सुरक्षा बढाउँदैन, जोखिम बढाउँछ। नेपालका लागि उपयुक्त बाटो भनेको सन्तुलित कूटनीति, मौन क्षमता निर्माण र आवश्यक परे रणनीतिक स्पष्टता हो। विश्वसनीयता कामबाट देखाइन्छ, भाषणबाट होइन।

अन्य साना राष्ट्रका पाठ : फिनल्यान्डले ठुलो छिमेकीसँग सीमा जोडिँदा पनि सार्वभौमिकता जोगाउन सार्वभौमिक सेवा, गहिरो रिजर्भ र 'समग्र रक्षा' नीति अपनायो। इजरायलले अस्तित्वको चुनौतीलाई राष्ट्रिय पहिचानसँग जोडेर रक्षा प्रणाली विकास गऱ्यो। स्विट्जरल्यान्डले तटस्थतासँगै सर्वसाधारण मिलिसिया र विकेन्द्रित रक्षा प्रणालीमार्फत शताब्दियौँसम्म स्थायित्व कायम गऱ्यो। यी सबैको साझा विशेषता सैन्यवाद होइन, गम्भीर राज्यचिन्तन नै हो।

नेपालको रणनीतिक जिम्मेवारी : नेपालले कुनै मोडेल हुबहु नक्कल गर्नुपर्दैन। तर, ती सबैबाट एउटा साझा सोचका साथ आत्मसात् गर्नुपर्छ :

१) **सोचको सुधार** : १. सुरक्षा लोकतन्त्रको शत्रु होइन, संरक्षक हो, २. पेसागत सेना राज्यको सम्पत्ति हो, राजनीतिक उपकरण होइन, ३. युवालाई समेट्नु राज्य क्षमताको हिस्सा हो , ४. भ्रष्टाचार राष्ट्रिय सुरक्षाको खतरा हो, ५. दीर्घकालीन रणनीति अलोकतान्त्रिक होइन। ६. राज्य सोच 'सत्ता व्यवस्थापन'बाट 'राष्ट्र व्यवस्थापन'तर्फ सर्नुपर्छ।

२) **संरचनागत सुधार** : १. राष्ट्रिय सुरक्षा रणनीति अमेरिका, भारत, चीन सबैसँग छ, नेपालसँग छैन, २. राष्ट्रिय सुरक्षा परिषद्लाई विश्लेषणमुखी बनाउने।

नेतृत्वको स्पष्टता : लीको सबैभन्दा ठुलो पाठ संरचनागत होइन, राजनीतिक स्पष्टता थियो। सिंगापुरको नेतृत्वमा एउटा साझा सहमति थियो- पहिला अस्तित्व। नेपालमा आज समस्या विचारको कमी होइन, रणनीतिक एकरुपताको अभाव हो। बारम्बार सरकार परिवर्तन, प्रतिक्रियात्मक नीति, र संस्थागत अस्थिरताले दीर्घकालीन सोच कमजोर बनाएको छ। सुरक्षा सुधारका लागि संविधान फेर्नुपर्दैन। चाहिन्छ- माथिल्लो तहमा स्पष्टता, तल पेसागत इमानदारी र भाषामा संयम।

निष्कर्ष : गम्भीर राज्य बन्ने कि प्रयोग हुने राज्य ? : दक्षिण एसियाको यथार्थ बंगलादेशको अस्थिरता, श्रीलंकाको पतन, अमेरिका-चीन प्रतिस्पर्धा, चीन-भारत तनाव सबैले एउटै सन्देश दिन्छन्- साना राज्यहरू नाराबाट होइन, संस्थाबाट टिक्छन्। सार्वभौमिकता भाषणले होइन, अभ्यासले जोगाइन्छ। सुरक्षा लोकतन्त्रको विरोधी होइन- त्यसको ढाल हो। र ढाल कमजोर भयो भने, लोकतन्त्र पनि असुरक्षित हुन्छ। नेपाललाई अब भावनात्मक राजनीति होइन, रणनीतिक राज्यचिन्तन चाहिएको छ। त्यो नै लीबाट नेपालले सिक्नुपर्ने सबैभन्दा ठुलो पाठ हो। नेपालका लागि सन्देश सरल तर गहिरो छ- सार्वभौमिकता अनुमान गरेर होइन, अभ्यास गरेर जोगाइन्छ। आजको अनिश्चित विश्वमा साना राष्ट्रहरू नाराबाट होइन, विश्वसनीय संस्थाबाट टिक्छन्।

(रणनीतिक मामिला विश्लेषक बस्न्यात नेपाली सेनाका अवकाशप्राप्त उपरथी हुन्)

---

३ प्रश्न

संविधानसभा सदस्य तथा वरिष्ठ अधिवक्ता **राधेश्याम अधिकारी**लाई



■ संविधान निर्माण गर्दै गर्दा समानुपातिक प्रणाली ल्याउनुको उद्देश्य के थियो ?

संविधानसभाले संविधान निर्माण गर्दै गर्दा समानुपातिक प्रणाली ल्याउनुका पछाडि निश्चित तर्क थिए। खासगरी प्रत्यक्ष निर्वाचनमा जान नसक्ने, गएर पनि जित्न नसक्ने वर्ग र समुदायको संसद्मा प्रतिनिधित्व गराउन यो व्यवस्था ल्याइएको हो। त्यसका लागि महिला, जनजाति, दलित, पिछडिएका वर्ग, मधेसी, मुस्लिमलगायत विभिन्न वर्ग र समुदायका लागि निश्चित 'क्लस्टर' नै तोकिएको छ। दलहरूले निर्वाचन प्रयोजनका लागि समानुपातिकको बन्द सूची बुझाउँदा नै क्लस्टरअनुसार नै क्रम तोकेर बुझाउनुपर्छ। यस प्रणालीले राज्यको नीति निर्माण गर्ने थलोमा सबै नागरिकको समानुपातिक प्रतिनिधित्व सम्भव गराउँछ।

■ उद्देश्यअनुरूप नै कार्यान्वयन भइरहेको छ त यो प्रणाली ?

पछिल्लो समयमा दलहरूका कारण अत्यन्त राम्रो हुँदाहुँदै पनि यो प्रणालीमाथि प्रश्न उठिरहेको देखिन्छ। नेताहरूले सूचीमा नाम समावेश गर्दा नातावाद, कृपावादलाई प्रश्रय दिनु सबैभन्दा बढी आपत्तिजनक कार्य ठहरिएको छ। यसरी नातावाद, कृपावादलाई प्रश्रय दिनु र पहुँचवालालाई बन्द सूचीमा समावेश गर्नु समानुपातिक प्रणालीको मर्म र उद्देश्यअनुकूल छैन। यसलाई पार्टीहरूले नै सच्याउनुपर्छ। अन्यथा, आमजनतामा असन्तुष्टि बढी नै रहनेछ। र, कालान्तरमा त्यही असन्तुष्टि दलहरूविरुद्ध विस्फोट बन्न पनि बेर लाग्नेछैन।

■ दलहरूका क्रियाकलापले त यो प्रणालीकै हुर्मत लिइरहेको छैन र ?

हो, दलहरूबाट भएका एक-दुई कमजोरीले गर्दा सिंगो प्रणालीमाथि नै प्रश्न उठिरहेको छ। निर्वाचनमा दलहरू मत माग्न जनतामाझ जाँदा आफूहरूले पेस गरेको बन्द सूची जायज र तर्कसंगत छ भनेर पुष्टि गर्न सक्नुपर्छ। अन्यथा, दल र तिनका नेतृत्वमाथि यस विषयमा प्रश्न पनि उठी नै रहनेछ र समानुपातिक प्रणाली पनि बदनाम भई नै रहनेछ।

प्रेरक प्रसंग

भ्यागुताको दुःख

एउटा भ्यागुतो एक पोखरीको छेवैबाट जाँदै थियो। उसले अर्को भ्यागुतोको दुःखी आवाज सुन्यो। ऊ रोकिएर आवाजतिर फर्कियो। त्यहाँ एउटा भ्यागुतो बडो दुःखी देखिन्थ्यो। पहिलो भ्यागुतोले दोस्रो भ्यागुतोलाई सोध्यो- के भयो, दुःखी देखिन्छौ नि मित्र ?



दोस्रो भ्यागुतोले जवाफ दियो- देख्दैनौ, यो पोखरी कति फोहोर छ। यहाँ बाँच्न निकै कठिन छ। पहिला यहाँ कति धेरै किरा, फट्यांग्रा पाइन्थे। अहिले केही खानेकुरै पाइँदैन। भोकै मर्ने अवस्था आइसक्यो। पहिलो भ्यागुतोले भन्यो- चिन्ता नगर मित्र ! म नजिकैको पोखरीमा बस्छु। त्यो सफा पनि छ र त्यहाँ धेरै किरा, फट्यांग्रा पनि पाइन्छन्। आऊ, तिमी पनि त्यतै हिँड। के गर्नु, यहीँ धेरै किरा, फट्यांग्रा पाइने भए मलाई कतै चल्नु पनि पर्ने थिएन। दोस्रो भ्यागुताले दुःखी हुँदै भन्यो। पहिलोले सम्झाउँदै भन्यो- तिमी उता गयौ भने पेटभरि किरा खान पाउनेछौ। दोस्रोले दुःखी हुँदै भन्यो- मेरो जिब्रो तिम्रो पोखरीसम्म पुग्ने भइदिएको भए यहीँ बसीबसी किरा समातेर खान सक्थें नि ! पहिलोले सम्झाउँदै भन्यो- तिम्रो जिब्रो त्यति लामो हुन सक्दैन भन्ने तिमीलाई पनि थाहा छ। यस्तोमा बेकारको कुरा सोचेर समय खेर नफाल। खुरुक्क हिँड।

दुवै कुराकानी गर्दै थिए। त्यहाँ एउटा ठुलो बकुल्लो पोखरीको किनारमा आएर बस्यो। दोस्रो भ्यागुतोले लगभग रुँदै भन्यो- हे भगवान्, यति ठुलो विपत्तिसँगै फेरि अर्को विपत्ति आइलाग्यो। यो बकुल्लो पक्कै पनि मलाई नै खान आएको हो। अब मेरो मृत्यु निश्चित छ। पहिलोले आफ्नो पोखरीतिर दौडिँदै भन्यो- हरेस नखाऊ मित्र मेरो साथ हिँड। दोस्रो भ्यागुतोले पहिलोलाई जाँदै गरेको हेरिरहेको थियो, त्यति नै वेला बकुल्लोले आफ्नो चुच्चोले उसलाई च्याप्प समात्यो। बकुल्लाको आहारा बन्दाबन्दै उसले मनमनै सोचिरहेको थियो- बाँकी भ्यागुता कति भाग्यमानी छन्।

टिप्पणी nayapatrikaofficial @naya_patrika

कांग्रेस नेतृत्वलाई प्रश्न

यतिखेर नयाँ दल र शक्तिहरू आपसमा एकता या सहकार्य गर्ने प्रयासमा लगातार 'म्याराथन' संवादमा छन्। उनीहरू जसरी पनि एक भएर या निर्वाचनमा सहकार्य गरेर पुराना दलहरूलाई 'देखाइदिने' तयारीमा देखिन्छन्। तर, पुरानामध्येको एक र गत निर्वाचनको परिणामअनुसार सबैभन्दा ठुलो दल कांग्रेस भने विशेष महाधिवेशन कि नियमित महाधिवेशन भन्ने रडाकोमै रुमल्लिइरहेको छ। के नेपाली कांग्रेस र उसका नेताहरूलाई जेन-जी आन्दोलन आफूहरूविरुद्धको आक्रोश विस्फोट भएको हो भन्ने चेत छैन। जेन-जीले पार्टीहरूमा रूपान्तरण खोजेका छन् भन्ने ज्ञान छैन ? के कांग्रेस महाधिवेशनको रडाकोमै सकिने तयारीमा छ हो ? के कुनै दिन कांग्रेस इतिहासमा मात्र सीमित हुन चाहन्छ हो ?

● **गौरव पुन**, लामाचौर, कास्की

यो अत्याचार कहिलेसम्म ?

अन्तर्जातीय बिहे गरेका युवकको घरमा आगजनी गरिएको समाचार पढ्दा हाम्रो समाज अझै कहाँ छ भन्ने प्रश्नले बारम्बार घोचिरह्यो। बर्दियामा भएका घटनामा उमेर पुगेका युवक र युवतीले आफूखुसी आफ्नो जीवनसाथी रोज्नु कुनै हालतमा गलत काम होइन। तैपनि, किन केटीका आफन्तले त्यसरी युवकको घरमा आगजनी गरे ? यस अत्याचारमा संलग्नजति सबैको खोजी गरी तिनलाई कानुनी कठघरामा उभ्याउन ढिलो नगरियोस्।

● **भावना पण्डित**, सैँबु, ललितपुर

धनगढीले ठिक गऱ्यो

धनगढी उपमहानगरपालिकाले नगरभित्रको एक सडकलाई 'जेन-जी मार्ग' नामाकरण गरेको समाचार पढियो। यो त्यति ठुलो काम नभए पनि यसको निकै ठुलो महत्त्व रहेको छ। खास गरी भ्रष्ट दल र तिनका नेताहरूविरुद्ध जम्मा भएको आक्रोशको विस्फोट हो जेन-जी आन्दोलन। त्यसैले, यो जेन-जी आन्दोलनलाई अपराधीकरण गर्ने होइन, धनगढीले जसरी नै सम्मान गर्न सक्नुपर्छ। अरूले पनि यसैगरी जेन-जी आन्दोलनलाई सम्मान गर्न सक्नुपर्छ।

● **पूर्ण कपाली**, सामाखुसी, काठमाडौं

समानुपातिकमा दलहरूको मनोमानी

समानुपातिक निर्वाचन प्रणाली किन र केका लागि राखियो भन्ने हेक्का दलहरूमा देखिएजस्तो लाग्दैन। पछिल्लो समय समानुपातिक निर्वाचन प्रणाली भनेको निर्वाचनमा हारेका, निर्वाचनमा जनमत जोगाउन नसक्ने र नेताका आफन्तलाई राजनीतिमा ल्याउने सजिलो बाटो भएको छ। समानुपातिक निर्वाचन प्रणाली भनेको देश र जनताका लागि होइन भन्ने प्रस्ट देखिएको छ। खासै भन्नुपर्दा हिजो संविधान बनाउँदा यसको आवश्यकता थियो, तर अहिले यो प्रणाली खासै आवश्यक छैन भन्ने लाग्छ। हुन त दलहरूलाई फाइदा हुने प्रणाली हामीले ठिक छ या छैन भनेर केही हुनेवाला छैन। हामीजस्ता निम्छरोले भनेको कसले सुन्ने ?

आफूलाई परिवर्तनकारी भन्ने दल हुन् या अन्य, सबैलाई चाहिएको छ समानुपातिक प्रणाली, किनभने यसले पार्टीको सिट बढाउन मद्दत गर्छ। यसलाई हटाएर फाइदा के ? जसले जतिसुकै तर्क या नीतिसंगत कुरा गरे पनि नेपालका लागि हरेक दृष्टिले ४७ कै संविधान नै उपयुक्त थियो। नाउँ मात्रको गणतन्त्रले जनतालाई के नै दिएको छ र ?

यसअघि समानुपातिकबाट आरजु देउवा र मञ्जु खाणजस्ता व्यक्तिहरू सांसद र मन्त्री भएका होइनन् ? के उनीहरूकै लागि समानुपातिक निर्वाचन प्रणाली छुटाइएको हो त ?

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

भारतमा अझै 'सामान्य' ठानिँदै जलवायु संकट

आमभारतीय जलवायु परिवर्तनको गम्भीरता आत्मसात् गरी यसविरुद्ध ठोस कदम चाल्न दबाब दिनुभन्दा नयाँ परिस्थितिमा बानी पार्दै छन्



देश/विदेश

● आमना बेगम

जलवायु संकट 'सामान्य परिघटना' बन्नु खतरानाक विषय हो। प्राणघातक लु, रोजगारी र घरपरिवार विनाश गर्ने बाढी, समयभन्दा ढिलो आउने वा आउँदै नआउने हिउँदजस्ता विषम परिस्थिति अहिले भारत र वरपरका क्षेत्रमा आपत्कालीन अवस्थाभन्दा सामान्य मौसमी समस्या तथा कष्ट मानिन थालेको छ। भारतलगायत दक्षिण एसियाभरका करोडौँ किसान खेतीका लागि मनसुन तथा मौसमी बदलीमा निर्भर छन्। यस्तोमा जलवायु परिवर्तन हरेक बहसको केन्द्रमा हुनुपर्ने हो। तर, अझै यो विषयले महत्त्व पाउनु त कता हो कता, चासोमै परेको छैन।

बढ्दो गर्मीले अहिले विश्वमा हरेक मिनेटमा एकजना अतिरिक्त व्यक्तिको ज्यान लिइरहेको छ। भारतभित्र मात्र नौ महिनामा ४,०६४ जनाको यसै कारण मृत्यु भएको रेकर्ड छ। विषम मौसमी घटनाबाट विश्वभर हुने कुल आर्थिक क्षतिको ४.२ प्रतिशत हिस्सा भारतले भोगिरहेको छ। तैपनि, यहाँ यो विषय पत्रिकाको पहिलो पन्नाको हेडलाइन बन्दैन, टिभी च्यानलमा बहसको विषय बनेकै छैन।

जलवायु परिवर्तनसम्बन्धी प्रकोप एकअर्काबाट अलग परिघटना होइनन्। खासमा यी विस्तारै निर्माण हुने प्रभावका परिणत हुन्, जुन अहिले टड्कारो हुँदै गएका छन्। हामी अहिले संकटको सुरुवाती चरणमै छौँ। तर, संकटको विकरालताप्रति ब्युँझनुको सट्टा मानिस यसलाई 'न्यु नर्मल'का रूपमा लिँदै छन्। सबैभन्दा बढी चिन्ताको विषय यही संकटको आम स्वीकारोक्ति हो। तापक्रम बढ्दै गइरहेको छ, पानी सुक्दै छ, हावा श्वास फेर्न नसकिने गरी प्रदूषित हुँदै छ, तर आममानिस भने यसविरुद्ध ठोस कदम चाल्न दबाब दिनुभन्दा नयाँ परिस्थितिमा बानी पार्दै छन्।

गृष्ममा भारतीय सहरहरूको तापक्रम हिजोआज ४५-५० डिग्री सेल्सियससम्म पुग्छ। यस्तोमा बाहिर काम गर्ने कामदार निर्माणस्थलमै बेहोस हुन्छन्। असह्य गर्मीपछि केही समय विद्यालय बन्द गरिन्छ। तातो हावा चल्न थालेपछि पानीका ट्यांकर सहरवासीको जीवनरेखा बन्छ। गर्मीमा चल्ने तातो लहर अब भारतका लागि वातावरणीय मुद्दा मात्र होइन, शासनकै संकट हो। यो ज्याला र जनस्वास्थ्य संकटको मुद्दा हो।

जलवायु विज्ञहरूले सन् २०५० सम्ममा तापक्रम मानव सहनशीलताभन्दा बढी हुने देशहरूमा भारत पहिलो स्थानमा हुने चेतावनी दिएका छन्। गृष्मको तातो लहरको आर्द्रता बढेकाले यो थप विनाशकारी हुँदै गएको छ। यसलाई बलेको बल्बमा भिजेको कपडा बेर्दाको प्रभाव अर्थात् 'वेट बल्ब' तापक्रम भनिन्छ, जुन सुक्खा गर्मीभन्दा धेरै खतरनाक हुन्छ। हालैका वर्ष, ७० प्रतिशतभन्दा बढी भारतीयले गम्भीर तातो हावाको



लहर, खडेरी, पानीको अभाव र निसास्सिने वायु प्रदूषणको अनुभव गरेका छन्।

मिहीन रूपमा हेरियो भने जलवायु संकट वर्गीय संकटका रूपमा देखिन्छ। अर्थात् गर्मीले सबैलाई समान रूपमा असर गर्दैन। वातानुकूलित कोठा, लचिलो कामको तालिका र उचित चिकित्सा सेवा लिन सक्ने क्षमता भएकाहरूका लागि बढ्दो तापक्रम सामान्य असुविधा मात्र हो। तर, दैनिक ज्यालादारी गर्ने मजदुर, निर्माण कामदार, सफाइकर्मी, किसान, डिजिटल क्षेत्रका 'गिग' कामदारका लागि बढ्दो तापक्रम तिनको जीवनका लागि प्रत्यक्ष खतरा हो। उच्च तापक्रममा शरीरको ख्याल गरेर बिदामा बसियो भने परिवारको सामान्य आवश्यकता पुऱ्याउन गाह्रो हुन्छ। जलवायु परिवर्तन केवल पग्लँदो हिमनदी वा बढ्दो समुद्री तहको कथा मात्र होइन, यो पहिल्यै अधिक श्रम गरिरहेकाहरूमाथिको बज्रपात हो।

जलवायु परिवर्तनविरुद्धको कदमलाई अझै दया वा सद्भावका कारण उठाइने विषयका रूपमा हेर्नुहुँदैन। यो कानुनी, नैतिक र जीवन बचाउने जिम्मेवारी हो। भारतजस्ता देशका लागि पहिल्यैदेखि भन्ने गरिएको 'विकास र जलवायु न्यायलाई अलग गर्न सकिँदैन' भन्ने नाराले थप बल पाएको छ। औद्योगिकीकरणबाट सबैभन्दा बढी लाभ उठाउने देश तथा समूहले यस संकटले निम्त्याएको बोझको असमान हिस्सा वहन गर्नुपर्छ। आममानिसले पनि भावी खतराको गम्भीरता बुझ्नेर समयमै समाधानको माग गर्नुपर्छ। भारतलगायत विश्वभर कमजोर जनसंख्याले पहिल्यै जलवायु परिवर्तनको सबैभन्दा ठुलो मूल्य चुकाइरहेका छन्। समयमै सम्बोधन प्रयास गरिएन भने यसले थप विनाशकारी शृंखला निम्त्याउनेछ, जसमा सामाजिक, आर्थिक र राजनीतिक असरसमेत पर्नेछ।

(युट्युबमा 'इन्डिया दिस विक' साप्ताहिक सो चलाउने बेगम स्तम्भकार तथा टिभी समाचार प्यानलिस्ट पनि हुन्)

द प्रिन्टबाट

अर्थ पत्रिका

नयाँ पत्रिका
आइतबार १३ पुस ०८२

सुन आयात ठप्प, बैंकमै थन्कियो डेढ सय केजी

मूल्य बढेर कारोबारमा शिथिलता आएपछि वाणिज्य बैंकहरूले गरेनन् मंसिरदेखि सुन र कात्तिकदेखि चाँदी आयात

मिलन विश्वकर्मा/नयाँ पत्रिका

मूल्य बढेर कारोबारमा शिथिलता आएपछि एक महिनादेखि नेपालमा सुन आयात ठप्प देखिएको छ। नेपालमा सुन आयात गर्ने अख्तियार वाणिज्य बैंकहरूलाई मात्रै छ। तर, बैंकहरूले गत मंसिरदेखि सुन आयात गरेका छैनन्। वाणिज्य बैंकहरूले सुन आयात गरेर व्यवसायीलाई बिक्री गर्छन्। भन्सार विभागको तथ्यांकअनुसार मंसिर महिनामा एक केजी मात्रै सुन आयात भएको छ ।

चालू आर्थिक वर्षको पहिलो पाँच महिनामा कुल नौ सय तीन केजी सुन आयात भएको छ। त्यसमा साउनमा एक सय केजी, भदौमा एक सय एक केजी, असोजमा चार सय केजी, कात्तिकमा तीन सय केजी सुन आयात भएको तथ्यांक छ। मंसिरमा बिहेको सिजन भएका कारण नयाँ सुनका गरगहनाको माग उच्च हुन्छ। तर, यसपालि मंसिरमा नै नयाँ सुनको माग न्यून भएको नेपाल सुनचाँदी व्यवसायी महासंघका निवर्तमान अध्यक्ष माणिकरत्न शाक्यले बताए। 'अहिले सुनको मूल्य अत्यधिक बढेको छ। लगानीका हिसाबले सुनको माग बढेको छ। सुनका गरगहनाको माग नहुँदा व्यवसाय शिथिलजस्तै छ,' उनले भने, 'पहिला मंसिरमा सुनका गरगहनाको माग उच्च हुने गरेको थियो। तर, यसपालि ग्राहकले पुरानै सुन प्रयोग गरेका छन्। १० तोलाको गरगहना बनाउनुपर्ने ग्राहकले ६-७ तोला सुन पुरानै गरगहनाबाट ल्याउँछन्। बाँकी एक-दुई तोला भने नयाँ किन्छन्। त्यसले गर्दा पनि नयाँ सुन खपत न्यून छ।'

पछिल्लो समय व्यवसायीले बैंकबाट सुन खरिद गर्न छाडेको उनले बताए। 'अहिले सुनको माग छैन। त्यसपछि अहिले व्यवसायीले बैंकबाट सुन उठाउन पनि कम गरेका छन्। दिनमा एक-दुई केजी सुन मात्रै बैंकबाट खरिद गरिन्छ,' उनले भने, 'अहिले बैंकहरूमा एक सय ५० केजी सुन स्टक छ। तिहारपछि सुनको आयात भएको छैन।'

तर, गत वर्षको तुलनामा ३८५.५४ प्रतिशतले बढी

मंसिरमा सुन आयात नभए पनि पाँच महिनाको भित्रिएको सुन गत आवको सोही अवधिको भन्दा ३८५.५४ प्रतिशतले बढी हो।

गत आवको पहिलो पाँच महिनामा एक सय ८६ केजी सुन आयात भएको थियो। चालू आव पहिलो पाँच महिनामा नौ सय तीन केजी सुन आयात भएको छ। गत आवमा सुनको मूल्य बढेपछि पहिलो पाँच महिना कारोबार पनि धेरै सुस्ताएको थियो, त्यसले गर्दा गत आवको समीक्षा अवधिमा सुनको आयात न्यून थियो।

रकमका आधारमा समीक्षा अवधिमा १५ अर्ब ७२ करोड ११ लाख ५० हजार रुपैयाँको सुन आयात भएको छ। यो गत आवको सोही अवधिको तुलनामा ६७०.५५ प्रतिशतले बढेको छ। गत आवको पहिलो पाँच महिनामा दुई अर्ब चार करोड दुई लाख २७ हजार रुपैयाँको सुन आयात भएको थियो। मूल्य बढेपछि रकमका आधारमा वृद्धिदर बढी देखिएको हो। गत आवभर १७ अर्ब १२ करोड ८९ लाख ५० रुपैयाँबराबरको १३ सय ८९ केजी सुन आयात भएको थियो। आव ०८०/८१ मा २३ अर्ब ६५ करोड ३९ लाख १६ हजार रुपैयाँबराबरको २६ सय ५१ केजी सुन आयात भएको थियो।

चाँदीको आयात पनि कात्तिकदेखि ठप्प

यता चाँदीको आयात भने कात्तिकदेखि नै ठप्प देखिएको छ। विभागको तथ्यांक कात्तिकमा दुई सय ग्राम मात्रै चाँदी आयात भएको छ। मंसिरमा चाँदी आयात नै भएको छैन। अहिले चाँदीको मूल्य पनि बढ्दो क्रममा छ। मूल्य बढेपछि यसको कारोबार पनि प्रभावित भएको छ। पछिल्लो समय केही व्यक्तिले लगानीकै रूपमा चाँदीको माग गर्ने गरेका छन्। चालू आवको पाँच महिनामा कुल एक हजार केजी तीन सय ३४ ग्राम चाँदी आयात भएको छ। त्यसमा साउनमा ३४ ग्राम र असोजमा एक हजार केजी १०० ग्राम चाँदी आयात भएको छ। तथ्यांकअनुसार गत भदौमा पनि चाँदी आयात भएको थिएन। गत आवको पाँच महिनामा एक केजी एक सय तीन ग्राम मात्रै चाँदी आयात भएको थियो। त्यसको तुलनामा भने चाँदीको आयात बढेको हो।

रकमका आधारमा समीक्षा अवधिमा २० करोड १४ लाख ११ हजार रुपैयाँको चाँदी आयात भएको थियो। गत आवको पाँच महिनामा दुई लाख १० हजार रुपैयाँको चाँदी आयात भएको थियो। गत आवभर भने पाँच लाख ३० हजार रुपैयाँ रुपैयाँबराबरको झन्डै पाँच केजी मात्रै चाँदी आयात भएको थियो। मूल्य बढेकै कारण गत आवमा चाँदीको कारोबार प्रभावित भएको थियो।

आव ०८०/८१ मा ११ करोड ६२ लाख २ ९ हजार रुपैयाँबराबरको १२ सय २४ केजी र आव ०७९/८० मा एक अर्ब ५१ करोड ८० लाख ७८ हजारबराबरको १५ हजार चार सय ३० केजी चाँदी आयात भएको थियो। नेपाल सुनचाँदी व्यवसायी महासंघले शुक्रबारका लागि सुनको मूल्य प्रतितोला दुई लाख ६९ हजार तीन सय र चाँदीको मूल्य प्रतितोला चार हजार पाँच सय ६५ रुपैयाँ तोकेको छ, जुन हालसम्मकै उच्च हो।

कुन महिना कति सुन आयात ?
साउन - १०० केजी
भदौ - १०१ केजी
असोज - ४०० केजी
कात्तिक - ३०१ केजी
मंसिर - १ केजी



कुन महिना कति चाँदी आयात ?
साउन - ३४ ग्राम
भदौ - शून्य
असोज - १००० केजी
कात्तिक - २०० ग्राम
मंसिर - शून्य

पर्यटनमन्त्रीलाई होटेल संघ पोखराको ध्यानाकर्षण पत्र

कास्की/ होटेल संघ पोखरा नेपालले संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री अनिलकुमार सिन्हालाई पाँचबुँदे ध्यानाकर्षण पत्र बुझाएको छ। शनिबार पोखरामा आयोजित कार्यक्रममा संघका अध्यक्ष लक्ष्मण सुवेदीले मन्त्री सिन्हालाई ध्यानाकर्षण पत्र बुझाउँदै त्यसको कार्यान्वयनका लागि आवश्यक पहल र समन्वय गर्न माग गरेका छन्।

कार्यक्रममा अध्यक्ष सुवेदीले संघमा चार सयभन्दा बढी होटेल आबद्ध रहेको, कुल पाँच खर्बभन्दा बढी लगानी र हजारौंलाई रोजगार दिएको, संघले पोखरासँगै गण्डकी प्रदेश र समग्र देशको पर्यटन प्रवर्द्धन एवं दिगो पर्यटन विकासलाई प्रभावकारी बनाउन आन्तरिक तथा बाह्य पर्यटकलाई लक्षित गरी विगत चार दशकदेखि राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा पर्यटन प्रवर्द्धनका कार्यक्रम सञ्चालन गर्दै आएको जानकारी दिएका थिए।

ध्यानाकर्षण पत्र बुझेपछि मन्त्री सिन्हाले संघले उठाएका सबै विषय सकारात्मक रहेको बताउँदै पर्यटन क्षेत्रलाई उद्योगसरहको सहुलियत दिने विषयमा छलफल भइरहेको बताए। त्यस्तै, पोखराबाट अन्तर्राष्ट्रिय उडानका लागि समन्वय भइरहेको, २४ भदौमा भएको क्षतिको विवरण संकलन भइरहेको र विवरण आएपछि के गर्ने भनेर छलफलमै रहेको बताए।

अलपत्र कमला पुलको निर्माण अघि बढ्यो

पप्पुले अलपत्र पारेको पुल ठेक्का साझेदार लुम्बिनीले अघि बढायो, चैतभित्र सञ्चालनमा ल्याउने लक्ष्य



काठमाडौं/ ठेक्का सम्झौता भएको १४ वर्ष बित्दासमेत निर्माण हुन नसकेको हुलाकी राजमार्गअन्तर्गत सिराहा र धनुषा सिमानामा पर्ने कमला नदीमा निर्माणाधीन कमला पुलको बाँकी काम सुरु भएको छ। आगामी चैतभित्र पुल निर्माण सम्पन्न गरी यातायात सञ्चालन गर्ने कार्यतालिकासाथ काम भइरहेको निर्माण व्यवसायीले बताएका छन्। निर्माण व्यवसायीले नै पुलको डिजाइन गरी निर्माण गर्ने मोडेलमा ठेक्का सम्झौता भएको कमला पुलको लम्बाइ चार सय ६९ मिटर रहेको छ। पम्पु-लुम्बिनी जेभीले यसको काम गरिरहेको छ।

तराई-मधेशको लाइफलाइन मानिएको कमला पुल निर्माणका लागि ०६८ को जेठमा २४ करोड ९१ लाख (भ्याटसहित)मा पप्पु-लुम्बिनी जेभीसँग ठेक्का सम्झौता भएको थियो। सुरुको सम्झौताबमोजिम पुल निर्माण ०७१ को मंसिरमा सम्पन्न हुनुपर्ने थियो। तर, पटक-पटक म्याद थप गर्दा पनि काम भएको छैन। तोकिएको समयमा पुल निर्माण हुन नसकेपछि सातौंपटक थपिएको ठेक्का सम्झौताको म्याद गत असारमा सकिएको थियो। निर्माण व्यवसायीबाट आगामी असारसम्मका लागि म्याद थपका लागि प्रस्ताव पेस भएको छ। हाल ठेक्काको म्याद थपको प्रक्रियामा रहेको छ। हालसम्म २० करोड ४३ लाख (भ्याट)सहित भुक्तानी भइसकेको छ।



NEPAL CANCER HOSPITAL
"Care with Excellence"
quality austria SYSTEM CERTIFIED ISO 9001:2015 No.218069

Invitation for Tender for Various Hospital Items

Nepal Cancer Hospital and Research Center Ltd.
Harisiddhi, Lalitpur

Date of first Publication: 28th December, 2025 ***Reference: NCHRC/02/2082/83***

Last Submission Date: 11th January, 2026

The Nepal Cancer Hospital and Research Center Ltd. (NCHRC), Harisiddhi, Lalitpur invites sealed tenders from registered company/firm for various hospital items. A complete set of Bidding Documents may be purchased from the office of the NCHRC by eligible bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and a deposit receipt.

S.N.	Description	Bid Security	Non Refundable Fee of NRS.
1.	PFT Machine	1% of bid price	2500/-
2.	Ambulance Category A (4 wheelers) Euro 6 Standard	1% of bid price	10000/-
3.	Trinocular Microscope with Trihead Assistant Scope and 16 MP digital camera	1% of bid price	10000/-
4.	Nerve Monitoring System (ENT)	1% of bid price	10000/-
5.	NPL Scope (compatible with CV-170 Endoscope System)	1% of bid price	10000/-
6.	PACS System	1% of bid price	10000/-
7.	Server and NAS Storage	1% of bid price	10000/-

1. Eligible bidders may obtain further information and inspect the site at NCHRC, Harisiddhi, Lalitpur.
2. Bids must be submitted in sealed envelopes to the above office of NCHRC before 5 PM on the 15th days from the date of first publication of this notice. Documents received after the last date for submission shall not be accepted.
3. Bids shall be opened in the presence of bidder's representatives who chose to attend as per given schedule above. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by bid security, amounting to a minimum of 1% of the quoted bid amount (inclusive of VAT) from any A Class Commercial Bank with validity of 45 days beyond the bid validity period and also with updated documents as indicated in the bid document.
4. If the last date of purchasing, submission and opening falls on a government holiday then, the next working day shall be considered as the last day.
5. The NCHRC reserves the right to accept or reject or negotiate, any or all the bids without assigning any reason, whatsoever.

Bank Details:
Bank Name: Everest Bank Limited
Account Holder's Name:
NEPAL CANCER HOSPITAL AND RESEARCH CENTER LTD (NCHRC)- EXP
Account No.: 05700105200166

कुमारी बैक लिमिटेडको धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८२/०९/१३ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीहरुलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दे दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत निज ऋणीहरुले प्राप्त ऋणकर्जाको बैंकलाई तिर्न बुझाउनु पर्ने ऋणकर्जाको साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान नगरेकाले बैंकलाई कर्जाको सुरक्षण बापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा बिक्री गर्न यो १५ दिने लिलाम सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको **मितिले १६ औं दिन अर्थात मिति २०८२ पुष २८ गते सोमबार**का दिन सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

तपसिल

विरगंज, पर्सा

१. ऋणीको विवरण

जितेन्द्र चौधरी
ना.प्र.नं.- ३३३०५६/२०८९
जारी मिति - २०६३/११/०३, जि.प्र.का. बारा।
बाबु - लक्ष्मण प्रसाद चौधरी
बाजे - रामदत्त प्रसाद चौधरी
स्थायी ठेगाना- बारा जिल्ला, डुमरवाना उ.म.न.पा/गा.वि.स वडा नं. ०८
हालको ठेगाना- बारा जिल्ला, जितपुर सिमरा उ.म.न.पा वडा नं. १४

लिलाम हुने सम्पतिको विवरण

१. **पिकी देवी चौधरी**को नाममा मालपोत कार्यालय, बारा सिमरामा दर्ता कायम रहेको बारा जिल्ला, डुमरवाना गा.वि.स. वडा नं. ०८ स्थित कित्ता नं. ३०६८ को क्षे.फ. ०-१-२-७ (वि.क.धु.क) जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत।

व्यक्तिगत जमानीकर्ताको विवरण

१. **पिकी देवी चौधरी**
ना.प्र.नं.- ३३३०५६/२१७१
जारी मिति -२०६३/११/४, जि.प्र.का. बारा
बाबु - राजेन्द्र प्रसाद चौधरी
बाजे - छबिलाल चौधरी
स्थायी ठेगाना- बारा जिल्ला, डुमरवाना उ.म.न.पा/गा.वि.स वडा नं. ०८
हालको ठेगाना- बारा जिल्ला, जितपुर सिमरा उ.म.न.पा वडा नं. १४

जितपुर, बारा

१. ऋणीहरूको विवरण

क. कम्पनी ऐन, २०६३ (संशोधन सहित) बमोजिम, नेपाल सरकार उद्योग, वाणिज्य तथा आपुर्ती मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाण्डौमा मिति २०७७/०८/१६ मा दर्ता नं.२४८५७६/०७७/०८७ कायम भई दर्ता रहेको बारा जिल्ला, जितपुर सिमरा उ.म.न.पा. वडा नं.०५ स्थित रजिष्टार्ड कार्यालयमा रहेको **पि आर डि फुड एण्ड बेभेरेज प्रा.लि.** ।
सचालक: - रमेनद्र प्रसाद चौधरी
- पुनम चौधरी

ख. **रमेनद्र प्रसाद चौधरी**
ना.प्र.नं.- ६३९८/९२
जारी मिति - २०५७/०७/१५ जि.प्र.का. बारा
बाबु - जगरनाथ चौधरी
बाजे - महजर चौधरी
स्थायी ठेगाना- बारा जिल्ला, जितपुर सिमरा उ.म.न.पा. वडा नं. ०५ (साविक भ जितपुर गा.वि.स. वडा नं. ५)
हालको ठेगाना- ऐ. ऐ

व्यक्तिगत जमानीकर्ताहरूको विवरण

१. **रमेनद्र प्रसाद चौधरी**
ना.प्र.नं.- ६३९८/९२
जारी मिति - २०५७/०७/१५ जि.प्र.का. बारा
बाबु - जगरनाथ चौधरी
बाजे - महजर चौधरी
स्थायी ठेगाना- बारा जिल्ला, जितपुर सिमरा उ.म.न.पा. वडा नं. ०५ (साविक भ जितपुर गा.वि.स. वडा नं. ५)
हालको ठेगाना- ऐ. ऐ

२. **पुनम चौधरी**
ना.प्र.नं.- १५७४७
जारी मिति - २०६१/११/२६ जि.प्र.का. बारा
बाबु - लक्ष्मण चौधरी
बाजे - जय गोपाल चौधरी
स्थायी ठेगाना- बारा जिल्ला, जितपुर सिमरा उ.म.न.पा. वडा नं. ०५ (साविक भ जितपुर गा.वि.स. वडा नं. ५)
हालको ठेगाना- ऐ. ऐ

लिलाम हुने सम्पतिको विवरण

१. **रमेनद्र प्रसाद चौधरी**को नाममा मालपोत कार्यालय, बारामा दर्ता कायम रहेको बारा जिल्ला भ. जितपुर गा.वि.स./न.पा. वडा नं. ०५ स्थित कित्ता नं. ७४ को क्षे.फ. ०-२-८-० (वि.क.धु.क.) जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत।
२. **पि आर डि फुड एण्ड बेभेरेज प्रा.लि.**को नाममा मालपोत कार्यालय, बारामा दर्ता कायम रहेको बारा जिल्ला भ. जितपु गा.वि.स./न.पा. वडा नं. ०६ स्थित कित्ता नं. ७६ को क्षे.फ. ०-०-१०-० (वि.क.धु.क.) जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत।
३. धनी कुमारी बैंक लिमिटेड र ऋणी **पि आर डि फुड एण्ड बेभेरेज प्रा लि.** कायम भई मधेश प्रदेश यातायात व्यवस्था कार्यलय, पर्सामा दर्ता कायम रहेको चे.न. MAT54810M8R08255, ई.न. 497TC44EYX618159, सवारी नं प्रदेश-२-०३-००१क-१७७६ को TATA गाडी (ट्रक) थान १
४. धनी कुमारी बैंक लिमिटेड र ऋणी **पि आर डि फुड एण्ड बेभेरेज प्रा.लि.** कायम भई मधेश प्रदेश यातायात व्यवस्था कार्यलय, पर्सामा दर्ता कायम रहेको चे.न. MB1AA22E6MRDP8438, ई.न. DMH042522P, सवारी नं प्रदेश-२-०३-००१च-५३०५ को Ashok Leyland गाडी (मिनी ट्रक) थान १
५. धनी कुमारी बैंक लिमिटेड र ऋणी **पि आर डि फुड एण्ड बेभेरेज प्रा.लि.** कायम भई मधेश प्रदेश यातायात व्यवस्था कार्यलय, पर्सामा दर्ता कायम रहेको चे.न. MC2C9CRCOLM476834, ई.न. E413CDLM334554, सवारी नं प्रदेश-२-०३-००१क-१५७४ को Eicher गाडी (ट्रक) थान १
६. धनी कुमारी बैंक लिमिटेड र ऋणी **पि आर डि फुड एण्ड बेभेरेज प्रा.लि.** कायम भई मधेश प्रदेश यातायात व्यवस्था कार्यलय, पर्सामा दर्ता कायम रहेको चे.न. MC2C9CRCOMC489732, ई.न. E41BCDMC345863, सवारी नं प्रदेश-२-०३-००१क-१५७९ को Eicher गाडी (ट्रक) थान १

२. ऋणीहरूको विवरण

क. कम्पनी ऐन, २०६३ (संशोधन सहित) बमोजिम, नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपुर्ती मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाण्डौमा मिति २०७५/११/०९ मा दर्ता नं. २०९१४५/०७५/०७६ कायम भई दर्ता रहेको बारा जिल्ला, जितपुर सिमरा उ.म.न.पा. वडा नं. ०५ स्थित रजिष्टार्ड कार्यालयमा रहेको **रोहित प्लाजा प्रा. लि. ।**
सचालक : बृज किशोर राउत

ख. **बृज किशोर राउत**
ना.प्र.नं.- १३५२२४६५
जारी मिति - २०५९/०५/२५ जि.प्र.का. पर्सा
बाबु - शम्भु रउत कुर्मी
बाजे - राधा किशुन राउत कुर्मी
स्थायी ठेगाना- पर्सा जिल्ला, बहुदरमाई न.पा. वडा नं. ०७ (साविक भौराटार गा.वि.स. वडा नं. ०३)
हालको ठेगाना- ऐ.ए

लिलाम हुने सम्पतिको विवरण

१. **बृज किशोर राउत**को नाममा मालपोत कार्यालय, बारामा दर्ता कायम रहेको बारा जिल्ला भ. जितपुर गा.वि.स./न.पा. वडा नं. ०६ स्थित कित्ता नं. १३९६ र १५०२ को क्रमस क्षे.फ. ०-०-२-० र ०-१-०-० (वि.क.धु.क.) जग्गा र सोमा बनेको घर तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत।
२. ऋणी **रोहित प्लाजा प्रा. लि.**को सम्पूर्ण चल अचल श्रीसम्पत्ति तथा अन्य आसामीहरुसंग लेना रकम उपर उल्लेखित कर्जा रकम तथा सोवाट उत्पन्न दायित्वको हदसम्म धनि बैंकको हक रहने गरी धितो सुरक्षण लिखत वा हाईपोथिकेशन तमसुक।

व्यक्तिगत जमानीकर्ताहरूको विवरण

१. **बृज किशोर राउत**
ना.प्र.नं.- १३५२२४६५
जारी मिति - २०५९/०५/२५ जि.प्र.का. पर्सा
बाबु - शम्भु रउत कुर्मी
बाजे - राधा किशुन राउत कुर्मी
स्थायी ठेगाना- पर्सा जिल्ला, बहुदरमाई न.पा. वडा नं. ०७ (साविक भौराटार गा.वि.स. वडा नं. ०३)
हालको ठेगाना- ऐ. ए

२. **सुनिता कुमारी**
ना.प्र.नं.- ३४-०१-७५-१८०६७
जारी मिति - २०७५/१२/२४ जि.प्र.का. पर्सा
बाबु - चोकट राउत कुर्मी
बाजे - बसुली
स्थायी ठेगाना- पर्सा जिल्ला, बहुदरमाई न.पा. वडा नं. ०७ (साविक भौराटार गा.वि.स. वडा नं. ०३)
हालको ठेगाना- ऐ. ऐ

३. **उर्मीला देवी**
ना.प्र.नं.- १३५२२६३०
जारी मिति - २०४६/०२/०८ जि.प्र.का. पर्सा
बाबु - भिखा राउत
बाजे - हिरा राउत कुर्मी
स्थायी ठेगाना- पर्सा जिल्ला, बहुदरमाई न.पा. वडा नं. ०७ (साविक भौराटार गा.वि.स. वडा नं. ०३)
हालको ठेगाना- ऐ. ए

४. **शम्भु रउत कुर्मी**
ना.प्र.नं.- १३५२२०३२
जारी मिति - २०३९/१२/०३ जि.प्र.का. पर्सा
बाबु - राधा किशुन राउत कुर्मी
बाजे - शिव रतन राउत कुर्मी
स्थायी ठेगाना- पर्सा जिल्ला, बहुदरमाई न.पा. वडा नं. ०७ (साविक भौराटार गा.वि.स. वडा नं. ०३)
हालको ठेगाना- ऐ.ऐ

जलवीरे, सिन्धुपाल्चोक

१. ऋणीको विवरण

१. **टिकाराम तामाङ**
ना.प्र.नं.- १५२८३३
जारी मिति-२०६३/०३/२८ जि.प्र.का. सिन्धुपाल्चोक
बाबु - बलबहादुर तामाङ
बाजे - लक्ष्मण तामाङ
स्थायी ठेगाना- सिन्धुपाल्चोक जिल्ला जुगल गाँउपालीका वडा नं. ०७ (साविक हगाम गा.वी.स वडा नं. ०४)

व्यक्तिगत जमानीकर्ताको विवरण

१. **बल बहादुर तामाङ**
ना.प्र.नं.- १५४०/३९६६
जारी मिति-२०४४/११/२९, जि.प्र.का सिन्धुपाल्चोक
बाजे - नयां तामाङ
बुवा- लक्ष्मण तामाङ
स्थायी ठेगाना- जुगल गाँउपालीका वडा नं. ०७ (साविक हगाम गा.वी.स वडा नं. ०४)

लिलाम हुने सम्पतिको विवरण

१. **बल बहादुर तामाङ** को नाममा मालपोत कार्यालय सिन्धुपाल्चोकमा दर्ता कायम रहेको सिन्धुपाल्चोक जिल्ला, हगाम गा.वि.स. डा नं. ०४ स्थित कित्ता नं १०७८,७७९,६०९,७७३ र ५१५ को क्षेत्रफल क्रमश १-८-०-०,२-५-०-२, १-३-०-३, ०-१०-२-२ र ०-४-१-२ रोपनी जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत।
२. धनी कुमारी बैंक लि.(साविक देव बिकास बैंक लि).र ऋणी **टिकाराम तामाङ** रहि बाग्मती अञ्चल यातायात व्यवस्था कार्यलयमा दर्ता कायम रहेको चे.नं. MBUWEL4XAU0230803 ई.नं. SLTHT3AU224389 को बा ४ ख ९९२२ को मिनी ट्रक।

शर्तबन्देजहरु:

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले १५ दिन अर्थात २०८२ पुष २७ गते** भित्र बैंकको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ। उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन।
४. यो सूचना प्रकाशित भएको **मितिले १६ (सोह्रौं) दिन अर्थात २०८२ पुष २८ गते ०३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदातालाे सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ।
८. लिलाम गरिएको सम्पत्ति दाखिल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दे दस्तुर लिलाम सकार गरी लिनले नै व्यहोर्नु पर्नेछ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ।

बोलपत्र खोलिने मिति २०८२ पुष २८ गते सोमबार अपरान्ह ०३:०० बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

कर्जा असुली विभाग बागबजार, काठमाण्डौ फोन नं. ०१-५३४६९९१

कम्पनीले आफ्नो जारी पूँजी रु.१,५५,००,००,०००।- (अक्षरेपी रु.एक अर्ब पचपन्न करोड मात्र) को २०% अर्थात् रु.३१,००,००,०००।- (अक्षरेपी रु.एकतीस करोड मात्र) रकम बराबरको प्रति शेयर अंकित मूल्य रु.१००।- दरको ३१,००,००० (एकतीस लाख मात्र) कित्ता साधारण शेयर सर्वसाधारणमा सार्वजनिक निष्काशनको लागि छुट्ट्याएको र सो मध्ये जारी पूँजीको १०% अर्थात् रु.१५,५०,००,०००।- (अक्षरेपी रु.पन्ध्र करोड पचास लाख मात्र) बराबरको प्रति शेयर अंकित मूल्य रु.१००।- दरको १५,५०,००० (पन्ध्र लाख पचास हजार) कित्ता साधारण शेयरको ४० प्रतिशत अर्थात ६,२०,००० (छ लाख बीस हजार मात्र) कित्ता साधारण शेयर लमजुङ जिल्लाको आयोजना प्रभावित क्षेत्र मर्स्याङ्दी गाउँपालिकाको वडा नं. २ र ३ (साविक घनपोखरा गाविसको वडा नं. १, ५, ६, ७ र ८ र साविक खुदी गाविसको वडा नं. १ देखि वडा नं.९) का स्थानीय बासिन्दाहरुका लागि र बाँकि ६० प्रतिशत अर्थात ९,३०,००० (नौ लाख तीस हजार मात्र) कित्ता साधारण शेयर लमजुङ जिल्लाको आयोजना प्रभावित क्षेत्र मर्स्याङ्दी गाउँपालिकाको वडा नं. १, ४, ५, ६, ७, ८ र ९ (साविक घनपोखरा गाविसको वडा नं. २, ३, ४ र ९, साविक ताघ्रिङ गाविसको वडा नं. १ देखि वडा नं. ९, साविक घेर्मु गाविसको वडा नं.१ देखि वडा नं. ९, साविक बाहुनडाँडा गाविसको वडा नं. १ देखि वडा नं ९, साविक भुलभुले गाविसको वडा नं.१ देखि वडा नं.९ र साविक सिम्पानी गाविसको वडा नं. १ देखि वडा नं. ९) का स्थानीय बासिन्दाहरुको लागि निष्काशन तथा बिक्री खुल्ला गरिएको छ। त्यसैगरी, जारी पूँजीको बाँकी १०% अर्थात् रु.१५,५०,००,०००।- (अक्षरेपी रु. पन्ध्र करोड पचास लाख मात्र) रकम बराबरको प्रति शेयर अङ्कित मूल्य रु.१००।- दरको १५,५०,००० (पन्ध्र लाख पचास हजार मात्र) कित्ता साधारण शेयर मध्ये १०% अर्थात् १,५५,००० (एक लाख पचपन्न हजार मात्र) कित्ता साधारण शेयर नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी वैदेशिक रोजगारीमा रहिरहेका नेपाली नागरिकहरुको लागि निष्काशन तथा बिक्री खुल्ला गरी प्रारम्भिक निष्काशन गरिएको छ।

कथंकदाचित आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दा र वैदेशिक रोजगारीमा रहिरहेका नेपाली नागरिकहरुको लागि निष्काशन गरिएको शेयर सम्पूर्ण रुपमा बिक्री नभई बाँकी रहेमा बाँकी रहेको शेयर समेत सर्वसाधारणमा निष्कासन हुने शेयरमा थप गरी निष्काशन गरिनेछ।

आयोजना प्रभावित क्षेत्रका वासिन्दाहरुका लागि	
दरखास्त दिनुपर्ने न्युनतम कित्ता :	१० कित्ता
दरखास्त दिन पाउने अधिकतम कित्ता :	१,००,००० कित्ता

वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि	
दरखास्त दिनुपर्ने न्युनतम कित्ता :	१० कित्ता
दरखास्त दिन पाउने अधिकतम कित्ता :	१,००,००० कित्ता

यस विवरणपत्र मार्फत निष्काशन भएका शेयरहरु मध्ये आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुको लागि बिक्री वितरण गरेको शेयर सर्वसाधारणका लागि निष्काशन गरिएको शेयर बाँडफाँट भएको मितिले तीन वर्ष पूरा नभए सम्म अरु कसैलाई बिक्री वा हस्तान्तरण गर्न पाइने छैन।

सुपर खुदी हाइड्रोपावर लिमिटेड
Super Khudi Hydropower Limited

रजिष्टर्ड कार्यालय : का.म.न.पा.३० चारखाल, डिल्लीबजार, काठमाडौं, नेपाल। फोन नं.: ०१-४५२४६५५
ईमेल : info@superkhudi.com.np, वेभसाइट : www.superkhudi.com.np
(धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत प्रकाशित)

आव्हान-पत्र

यो विवरण-पत्र नभई केवल आव्हान-पत्र मात्र हो।

संक्षिप्त वित्तीय विवरण

विवरण	वास्तविक			अपरिष्कृत	प्रक्षेपित		
	आ.व. ०७९/०८०	आ.व. २०८०/०८१	आ.व. २०८१/०८२	आ.व.२०८२/०८३ आश्विन मसान्त	आ.व. २०८२/०८३	आ.व. २०८३/०८४	आ.व. २०८४/०८५
प्रति शेयर नेटवर्थ (रु.)	१००.१७	१२७.२७	१३३.०८	१३७.५३	१५१.८७	१६१.९३	१७४.६५
प्रति शेयर आम्दानी (रु.)	–	१६.७७	१५.७०	४.४५	२५.७३	१०.०६	१२.७२
संचित नाफा/नोक्सानी (रु. हजारमा)	१,०२५	२,१५,५५३	४,१०,१७५	४,६५,३५०	८,०३,९६३	९,५९,९६०	११,५७,११९

नोट: *आर्थिक वर्ष २०८२/८३ आश्विन मसान्तसम्मको अपरिष्कृत वित्तीय विवरण लेखापरिक्षक श्री किरण आचार्य एण्ड एसोसिएट्सका चार्टड एकाउन्टेन्ट श्री किरण आचार्यद्वारा प्रमाणित गरिएको।

आयोजना प्रभावित क्षेत्रका वासिन्दाहरुका लागि	
निष्काशन खुल्ला मिति :	२०८२/०९/२२
निष्काशन बन्द हुने मिति (छिटोमा) :	२०८२/१०/०६ (बैंकिङ्ग समय पश्चात्)
निष्काशन बन्द हुने मिति (ढिलोमा) :	२०८२/१०/२१ (बैंकिङ्ग समय पश्चात्)

वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि	
निष्काशन खुल्ला मिति :	२०८२/०९/२२
निष्काशन बन्द हुने मिति (छिटोमा) :	२०८२/०९/२५ (बैंकिङ्ग समय पश्चात्)
निष्काशन बन्द हुने मिति (ढिलोमा) :	२०८२/१०/०६ (बैंकिङ्ग समय पश्चात्)

दरखास्तसाथ भुक्तानी गर्नुपर्ने रु. १००/– प्रति शेयरको दरले

प्रति मेगावाट लागत सम्बन्धी विवरण : संगठित संस्थाको आ.व.२०८१/८२ को आषाढ मसान्तसम्मको वित्तीय विवरण अनुसार प्रति मेगावाट लागत रकम रु.२,०६,९३,८९६.५४ मात्र (निर्माण अवधिको ब्याज सहित) रहेको छ भने कुल लागत रु.५,३८,०४,११,३१०।- रहेको छ।

विद्युत उत्पादन अनुमतिको बाँकी अवधि सम्बन्धी विवरण : विद्युत विकास विभाग बाट मिति २०७५/०२/९ मा लिएको विद्युत अनुमतिपत्रको बहाल रहने अवधि मिति २११०/०२/०८ सम्म रहेकोले २७ वर्ष ०५ महिना बाँकी रहेको छ।

लगानी फिर्ता हुने अवधि (Pay Back Period) सम्बन्धी व्यवस्था : लगानी फिर्ता हुने अवधि (Pay Back Period) ७.२१ वर्ष र डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि (Discounted Pay Back Period) १३.४२ वर्ष रहेको छ।

इस्युअर रेटिङ्ग सम्बन्धी विवरण

यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरको धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (तेश्रो संशोधन सहित) मा भएको व्यवस्था बमोजिम क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम भएको व्यवस्था बमेजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था केयर रेटिङ्ग नेपाल लिमिटेड, काठमाडौंबाट मिति २०२५ नोभम्बर १८ गते इस्युअर रेटिङ्ग गराई "CARE-NP BB(Is) [Double B (Issuer)]" रेटिङ्ग प्रदान गरेको छ। यसले कम्पनीको वित्तीय दायित्व बहन गर्ने क्षमतामा मध्यम जोखिम रहेको (moderate risk of default regarding timely servicing of financial obligations in Nepal) जनाउँदछ। केयर रेटिङ्ग नेपाल लि.ले CARE-NP AAA (IS) देखि CARE-NP D (IS) प्वाइन्ट रेटिङ्ग प्रदान गर्दछ। जसमा ग्रेड CARE-NP AAA (IS) ले बलियो आधार जनाउँछ भने ग्रेड CARE-NP D (IS) ले कमजोर आधारहरु जनाउँछ। ग्रेड CARE-NP B (IS), CARE-NP C (IS), CARE-NP D (IS) ले औषत भन्दा कम आधारहरु जनाउँछ। दिइने आधारहरुमा प्रयोग गरिने (Plus) चिन्हले दिइएको समूहको तुलनात्मक सकारात्मक स्थितिलाई जनाउँछ। सो सम्बन्धी विवरण यस विवरण पत्रको दफा २२ को (ट) (पृष्ठ संख्या ४८) मा उल्लेख गरिएको छ।

इस्युअर रेटिङ्ग प्रदान गरेको मिति : ई.सं. २०२५/११/१८ — **बहाल रहने अवधि : ई.सं. २०२७/०२/११**

लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा लिखित वा विद्युतीय माध्यमबाट आवेदन दिंदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिनुहुन अनुरोध गर्दछौं।

नेपाल धितोपत्र बोर्डबाट विवरण पत्रमा स्वीकृति प्राप्त मिति: २०८२/०९/०६, कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरणपत्र दर्ता भएको मिति: २०८२/०९/०८ गते

१. संस्थाको नाम: सुपर खुदी हाइड्रोपावरर लिमिटेड (Super Khudi Hydropower Limited)

२. कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा: कम्पनी ऐन, २०६३ बमोजिम मिति २०६५ साल पौष ०२ गते कम्पनी रजिष्ट्रारको कार्यालयमा प्राइभेट लिमिटेड कम्पनीको रुपमा दर्ता भई मिति २०८० साल आषाढ १३ गतेदेखि पब्लिक लिमिटेड कम्पनीको रुपमा परिणत भएको यस कम्पनीले मिति २०८०/०६/१२ मा कम्पनी रजिष्ट्रारको कार्यालयबाट कारोबारको स्वीकृती पाइ कारोबार सञ्चालन गर्दै आएको छ।

३. संस्थाको रजिष्ट्रर्ड ठेगाना: यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ३०, चारखाल, डिल्लीबजारमा रहेको छ। आवश्यकतानुसार स्वीकृति लिई अन्य स्थानहरुमा पनि रजिष्टर्ड कार्यालय सार्न वा शाखा कार्यालय खोल्न सकिनेछ।

४. कारोवार गर्ने मुख्य स्थान: यस कम्पनीको जलविद्युत उत्पादन केन्द्र (पावर हाउस) लमजुङ्ग जिल्लाको मर्स्याङ्दी गाउँपालिका वडा नं. २ र ३ रहेको छ।

५. कम्पनीको स्थापनाकालदेखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरु :

१. नेपालमा रहेको अपार जलस्रोतको उपयोग गरी जलविद्युत आयोजनाहरुको पहिचान गरी संभाव्यता अध्ययन, निर्माण र सञ्चालन गर्ने अभिप्रायले सुपर खुदी हाइड्रोपावर लिमिटेडले प्रचलित कानुन बमोजिम मिति २०६५ साल पौष ०२ गते कम्पनी रजिष्ट्रारको कार्यालयमा प्राइभेट लिमिटेड कम्पनीको रुपमा दर्ता भई मिति २०८० साल आषाढ १३ गते देखि पब्लिक लिमिटेड कम्पनीको रुपमा परिणत भई कम्पनी ऐन, २०६३ अन्तर्गत काम/कारोबार गर्दै आईरहेको छ।
२. यस कम्पनीले माथिल्लो खुदी जलविद्युत आयोजना उत्पादन तथा सञ्चालन गर्न विद्युत उत्पादनको अनुमतिपत्र मिति २११०/०२/०९ गतेसम्म बहाल रहेको छ।
३. कम्पनीले आफ्नो जारी पूँजी रु.१,५५,००,००,०००।- (अक्षरेपी एक अर्ब पचपन्न करोड मात्र) को २०% अर्थात् रु.३१,००,००,०००।- (अक्षरेपी एकतीस करोड मात्र) रकम बराबरको प्रति कित्ता अंकित मूल्य रु.१००।- दरको ३१,००,००० कित्ता साधारण शेयर सर्वसाधारणको लागि निष्काशन गर्ने भएको छ। जसमध्ये जारी पूँजीको १०% अर्थात् रु.१५,५०,००,०००।- (अक्षरेपी पन्ध्र करोड पचास लाख मात्र) बराबरको प्रति कित्ता अंकित मूल्य रु. १००।- दरको १५,५०,००० कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्र अर्थात् लमजुङ्ग जिल्लाको मर्स्याङ्दी गाउँपालिका वडा नं. २ र ३ का स्थानीय बासिन्दाहरुका लागि कुल १५,५०,००० कित्ता शेयरको ४० प्रतिशत अर्थात ६,२०,००० कित्ता शेयर तथा अन्य वडाहरुका स्थानीय बासिन्दाहरुको लागि बाँकी ६० प्रतिशत अर्थात ९,३०,००० कित्ता शेयर निष्काशन गरिएको र बाँकी १०% अर्थात् रु.१५,५०,००,०००।-(अक्षरेपी पन्ध्र करोड पचास लाख मात्र) रकम बराबरको रु. १००।- अंकित दरको १५,५०,००० कित्ता साधारण शेयर मध्ये १०% अर्थात् १,५५,००० कित्ता साधारण शेयर वैदेशिक रोजगारीमा रहेका नेपालीहरुको लागि, ५% अर्थात् ७७,५०० कित्ता साधारण शेयर सामूहिक लगानी कोष र २% अर्थात् ३१,००० कित्ता साधारण शेयर कम्पनीका कर्मचारीका लागि छुट्याइएको र बाँकी १२,८६,५०० कित्ता साधारण शेयर सर्वसाधारणहरुको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अधिनमा रही निष्काशन गरिएको। यसरी छुट्याइएको शेयर मध्ये आयोजना प्रभावित क्षेत्रबाट माग गरे बमोजिम दरखास्त प्राप्त नभएमा सर्वसाधारणमा थप गरी शेयर निष्काशन गरिनेछ।
४. कम्पनीले पहिचान गरी विकास निर्माण प्रारम्भ गरेको लमजुङ्ग जिल्लाको मर्स्याङ्दी गाउँपालिका वडा नं २ र ०३ अन्तर्गत माथिल्लो खुदी जलविद्युत आयोजनाको ८३.३० प्रतिशत कार्य सम्पन्न भइसकेको छ।
५. यस आयोजनाको आ.व. २०८१/०८२ सम्मको खर्चको आधारमा प्रक्षेपित कुल लागत लगभग रु.५ अर्ब ३८ करोड ४ लाख ११ हजार मात्र निर्माण अवधिको ब्याज सहित) रहेको छ र यसको साधारण लगानीमा फिर्ता हुने अवधि ६.१० वर्ष र डिस्काउन्टमा लगानीमा फिर्ता हुने अवधि ९.६७ वर्ष रहेको छ।
६. माथिल्लो खुदी जलविद्युत आयोजनाबाट उत्पादन गरिएको सबै विद्युतशक्ती एकमुष्ट नेपाल विद्युत प्राधिकरणले खरिद गर्न मञ्जुर गरी कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच २०७६ साल वैशाख ११ गते विद्युत खरिद बिक्री सम्झौता सम्पन्न भइसकेको छ। मिति २०८०/०२/३२ पहिलो संशोधन, मिति २०८१/०३/२० मा दोस्रो संशोधन तथा मिति २०८१/०७/२८ मा तेस्रो संशोधन भइ व्यापारिक उत्पादन शुरु गर्नुपर्ने मिति २०८२ माघ ७ गते कायम गरिएको छ।
७. विद्युत विकास विभागबाट मिति २०७५/०२/९ मा लिएको विद्युत अनुमतिपत्रको बहाल रहने अवधि मिति २११०/०२/०८ सम्म रहेकोले २७ वर्ष ०५ महिना बाँकी रहेको छ। कम्पनीले निर्माण गरिरहेको आयोजना नेपाल सरकार (नेपाल विद्युत प्राधिकरण) सँग गरीएको सम्झौताको आधारमा ३० (तिस) वर्षका लागि निर्माण तथा सञ्चालन गर्ने र उक्त समय समाप्त भएपश्चात् सो परियोजना नेपाल सरकारलाई हस्तान्तरण गर्नुपर्ने हुन्छ।

संगठित संस्थाको माथिल्लो खुदी जलविद्युत आयोजनको संक्षिप्त प्राविधिक विवरणहरु निम्नानुसार रहेका छन् :

विद्युत परियोजनाको नाम	माथिल्लो खुदी जलविद्युत आयोजना।
विद्युत गृह स्थल	लमजुङ्ग जिल्लाको मर्स्याङ्दी गाउँपालिका (साविक घनपोखरा र खुदी गा.वि.स.)
श्रोत नदी	खुदी खोला
आयोजनाको किसिम	रन अफ रिभर
विद्युत उत्पादन अनुमति प्राप्त मिति	२०७५/०२/०९
विद्युत उत्पादन अनुमति वहाल रहने मिति	२११०/०२/०८
जडित क्षमता	२६ मेगावाट
आयोजनाको कुल लागत	रु.५,३८,०४,११,३१०
आयोजनाको प्रति मेगावाट लागत	रु. २,०६,९३,८९६।५४
आयोजनाको साधारण लगानी फिर्ता हुने अवधि	७.२१ वर्ष
आयोजनाको डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि	१३.४२ वर्ष
इन्टरनल रेट अफ रिर्टन {Internal Rate of Return (IRR)}	१३.४५%
नेट प्रिजेन्ट भ्यालु {Net Present Value (NPV)}	१,१९९,५०६,९९२

कम्पनी व्यवस्थापनले वित्तीय विश्लेषणको एक भागका रूपमा परियोजनाको आन्तरिक प्रतिफल दर (IRR), इक्विटी IRR तथा पुनर्प्राप्ति अवधि (Payback Period) को गणना गरेको छ। यस गणनाको लागि १०.५% को दरले (Discount Rate) प्रयोग गरिएको छ, जुन पूँजी तथा इक्विटीको अनुमानित लागतलाई प्रतिबिम्बित गर्दछ। यो दर प्रचलित बजार ब्याजदरहरूमा आधारित रही निर्धारण गरिएको हो र सम्पूर्ण वित्तीय विश्लेषणमा समान रूपमा प्रयोग गरी तुलना र मूल्याङ्कन सहज हुने व्यवस्था मिलाइएको छ।
IRR, इक्विटी IRR तथा पुनर्प्राप्ति अवधिका विवरणहरू देहाय बमोजिम रहेको छ।

उत्पादन वर्ष	आर्थिक वर्ष	नगद प्रवाह (रु हजारमा)	एनपिभि (रु हजारमा)	क्युमेलेटिभ नगद प्रवाह (रु हजारमा)	डिस्काउन्ट क्युमेलेटिभ नगद प्रवाह (रु हजारमा)	डिस्काउन्ट फ्याक्टर
०		(५३,८०,४११)	(५३,८०,४११)	(५३,८०,४११)	(५३,८०,४११)	
१	२०८२-८३	३,२९,९३३	२,९८,५८२	(५०,५०,४७८)	(५०,८१,८२९)	०.९०५०
२	२०८३-८४	७,५३,५६३	६,१७,१५६	(४२,९६,९१४)	(४४,६४,६७३)	०.८१९०
३	२०८४-८५	७,७५,४४९	५,७४,७३३	(३५,२१,४६६)	(३८,८९,९३९)	०.७४१२
४	२०८५-८६	८,००,५२२	५,३६,९३८	(२७,२०,९४३)	(३३,५३,००१)	०.६७०७
५	२०८६-८७	८,२२,२४८	४,९९,१०४	(१८,९८,६९५)	(२८,५३,८९७)	०.६०७०
६	२०८७-८८	८,४३,८८६	४,६३,५६५	(१०,५४,८०९)	(२३,९०,३३२)	०.५४९३
७	२०८८-८९	८,६५,४३३	४,३०,२२७	(१,८९,३७६)	(१९,६०,१०५)	०.४९७१
८	२०८९-९०	८,८६,८८३	३,९८,९९६	६,९७,५०७	(१५,६१,१०९)	०.४४९९
९	२०९०-९१	९,०६,७२२	३,६९,१५९	१६,०४,२२९	(११,९१,९५०)	०.४०७१
१०	२०९१-९२	९,१४,६९०	३,३७,०१६	२५,१८,९१९	(८,५४,९३४)	०.३६८४
११	२०९२-९३	८,५३,७४५	२,८४,६७१	३३,७२,६६४	(५,७०,२६३)	०.३३३४
१२	२०९३-९४	८,४६,२६१	२,५५,३६२	४२,१८,९२५	(३,१४,९०१)	०.३०१८
१३	२०९४-९५	८,३७,९२६	२,२८,८२१	५०,५६,८५०	(८६,०८०)	०.२७३१
१४	२०९५-९६	८,३३,६०४	२,०६,०१०	५८,९०,४५४	१,१९,९३०	०.२४७१
१५	२०९६-९७	८,३१,१०६	१,८५,८७६	६७,२१,५६०	३,०५,८०६	०.२२३६
१६	२०९७-९८	६,७६,२१३	१,३६,८६३	७३,९७,७७३	४,४२,६६९	०.२०२४
१७	२०९८-९९	६,७३,८६१	१,२३,४२७	८०,७१,६३४	५,६६,०९६	०.१८३२
१८	२०९९-२१००	६,७१,४३८	१,११,२९७	८७,४३,०७२	६,७७,३९४	०.१६५८
१९	२१००-२१०१	६,६८,९४४	१,००,३४८	९४,१२,०१७	७,७७,७४१	०.१५००
२०	२१०१-०२	६,६६,३७६	९०,४६४	१,००,७८,३९३	८,६८,२०५	०.१३५८
२१	२१०२-०३	६,६३,७३१	८१,५४३	१,०७,४२,१२४	९,४९,७४७	०.१२२९
२२	२१०३-०४	६,६१,००७	७३,४९१	१,१४,०३,१३१	१०,२३,२३९	०.१११२
२३	२१०४-०५	६,५८,२०२	६६,२२६	१,२०,६१,३३४	१०,८९,४६५	०.१००६
२४	२१०५-०६	६,५५,३१३	५९,६७०	१,२७,१६,६४७	११,४९,१३४	०.०९११
२५	२१०६-०७	६,५२,३३८	५३,७५५	१,३३,६८,९८४	१२,०२,८८९	०.०८२४
२६	२१०७-०८	६,४९,२७३	४८,४१८	१,४०,१८,२५७	१२,५१,३०७	०.०७४६
२७	२१०८-०९	६,२२,३२६	४१,९९९	१,४६,४०,५८३	१२,९३,३०६	०.०६७५
२८	२१०९-१०	५,२६,४०२	३२,१४९	१,५१,६६,९८५	१३,२५,४५५	०.०६११
		१,५०,२३,५४५	१३,१७,५२७	१६,८८,१२,४९७		

Net present Value	1,199,506,992
Internal rate of return(IRR)	13.45%
Equity IRR	19.21%
B/C ratio(Profitability Index)	1.25
Simple Pay Back Period(from COD)	7.21
Discounted Pay Back Period(from COD)	13.42

८. **आयोजनाको विभिन्न कार्यहरुको प्रगती विवरण: वि.सं. २०८२ आश्विन मसान्तसम्मको आयोजनाको कार्य ८३.३० प्रतिशत सम्पन्न भैसकेको छ, जसको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।**

सि.नं.	विवरण	कार्य प्रगति	प्रगति विवरण प्रतिशतमा
१	**आधारभूत निर्माण कार्य**		
	जग्गा प्राप्ती	१००	१०० प्रतिशत
	प्रवेश मार्ग	१००	१०० प्रतिशत
	निर्माणको लागि उर्जा कार्य	१००	१०० प्रतिशत
	स्थायी शिविर	१००	१०० प्रतिशत
२	कफर ड्याम		
	रिपर्‍याप + फीलीङ वेयर र अन्डरस्लुइस	१००	१०० प्रतिशत
३	वेयर र अन्डरस्लुइस		
	खुदाइ	१००	१०० प्रतिशत
	कंक्रिटिङ्ग इन्टेक	८०	८० प्रतिशत
४	इन्टेक		
	खुदाइ	१००	१०० प्रतिशत
५	ग्राभेल ट्र्याप		
	खुदाइ	१००	१०० प्रतिशत
६	एप्रोच पाइप		
	लम्बाइ	१०	१० प्रतिशत
७	एप्रोच टनेल		
	लम्बाइ	९६	९६ प्रतिशत
८	सेटलिङ्ग बेसिन		
	खुदाइ	६५	६५ प्रतिशत
९	बाढी सुरक्षा कार्य	६०	६० प्रतिशत
१०	पेनस्टक र एंकर ब्लक (सतहमा)		
	खुदाइ	९३	९३ प्रतिशत
	कंक्रिटिङ्ग	१००	१०० प्रतिशत
११	पावर हाउस		
	खुदाइ	१००	१०० प्रतिशत
	कंक्रिटिङ्ग	९०	९० प्रतिशत
१२	स्विचयार्ड		
	खुदाइ	३०	३० प्रतिशत
१३	पोर्टल, एडिट्स, हेडरेस टनेल र फोरबे		
	खुदाइ	१००	१०० प्रतिशत
१४	स्पिलवे केनल		
	खुदाइ	३०	३० प्रतिशत
	आयोजनाहरुको कूल प्रगति प्रतिशतमा जम्मा		**८३.३० प्रतिशत**
	व्यवसायिक उत्पादन सुरु गर्नुपर्ने मिति (RCOD)		**२०८२ माघ ०७ गते**
	व्यवसायिक उत्पादन सुरु हुने मिति (COD)		**२०८२ माघ ०१ गतेसम्म।**

समग्रमा आयोजनाको कार्य प्रगति ८३.३० प्रतिशत सम्पन्न भइसकेको र मिति २०८२ साल माघ ०१ गतेसम्ममा आयोजनाको कूल कार्य प्रगति १०० सम्पन्न गरी पूर्ण सञ्चालनमा ल्याउने योजना रहेको छ।
यस कम्पनीबाट प्रबर्द्धित आयोजनाको प्रसारण लाइन सम्बन्धी विस्तृत विवरण देहाय बमोजिम रहेको छ।

प्रसारण लाइनको दुरी	५.४९५ कि.मि
प्रसारण लाइन जोडिने नेपाल बिद्युत प्राधिकरणको सबस्टेशन	तादीकुना सबस्टेसन
खम्बा (एयभि) को संख्याः	२०
भोल्टेज लेभल	१३२ के.भि. (सिङ्गल सर्किट)
निर्माण प्रगति प्रतिशत	४५ प्रतिशत
प्रसारण लाइन सम्बन्धी अनुमति सम्बन्धी विवरण	अनुमतिपत्र संख्या - वि.वि.वि. ८१/८२ वि.प्र.२६३
प्रसारण लाइन सम्बन्धी अन्य विवरणः	बहाल मिति-२०८१/१२/०५ देखि २१०६/१२/०४

कम्पनी र नेपाल विद्युत प्राधिकरणबीच सम्पन्न विद्युत खरिद-बिक्री सम्झौताको मुख्य-मुख्य बूँदाहरू निम्नबमोजिम रहेका छन्।
क. माथिल्लो खुदी जलविद्युत आयोजनाबाट वार्षिक १५,६५,१०,८५४/kWh (Kilo Watt -Hour) विद्युत उत्पादन तथा बिक्री गरिने कुरा मासिक उर्जा उत्पादन तालिकामा तोकिएको छ। माथिल्लो खुदी जलविद्युत आयोजनामा वर्षायामको लागि १०,५१,५४,४९४/KWh (kilo Watt -Hour) र सुख्खायामका लागि ५,१३,५६,३५८/kWh (Kilo Watt-hour) निर्धारण गरिएको छ।

इनर्जी तालिका
PPA 26 MW

Table I			
जडित क्षमता (kW)	२६		
पिपिए क्षमता (kW)	२६	Rated Turbine Efficiency	९१ प्रतिशत
डिजाइन डिस्चाज (m3/s)	५.८५	Rated Generator Efficiency	९७ प्रतिशत
न्यूनतम रिलीज (m3/s)	१०	Rated Transformer Efficiency	९९ प्रतिशत
GrossHead (m)	५३१.८०	Combined Efficiency	८७.३९ प्रतिशत
Outage + Losses +Self Consumption (%)			४ प्रतिशत

Table II

महिना	जम्मा दिन	River Discharge (m3/sec)	विद्युत उत्पादनको लागि डिस्चार्ज (m3/sec)	Net Head (m)	औषत पावर (KW)	अधिकतम पावर (KW)	Monthly Generation before Outage & Losses (kWh)	Outage Including Losses (kWh)
	A	B	C	D	E	E1	F	G
वैशाख	३१	३.१७८	२.९२	५२३.७६	१३,२४३	९,७५४,४२३	३९०,१७७	९,३६४,२४६
जेष्ठ	३१	४.९९६	४.७३८	५१७.९९	२१,२५२	१५,६५३,४३४	६२६,१३७	१५,०२७,२९६
१५ सम्म	१५	–	–	–	–	–	–	७,२७१,२७२
१६औं पछि	१६	–	–	–	–	–	–	७,७५६,०२४
आषाढ	३२	११.१०४	५.८५२	५१३.११	२६,०००	१९,७६८,३२०	७९०,७३३	१८,९७७,५८७
श्रावण	३१	१७.५९६	५.८५२	५१३.११	२६,०००	१९,१५०,५६०	७६६,०२२	१८,३८४,५३८
भाद्र	३१	१७.८५९	५.८५२	५१३.११	२६,०००	१९,१५०,५६०	७६६,०२२	१८,३८४,५३८
आश्विन	३१	११.५९०	५.८५२	५१३.११	२६,०००	१९,१५०,५६०	७६६,०२२	१८,३८४,५३८
कार्तिक	३०	६.३१४	५.८५२	५१३.११	२६,०००	१८,५३२,८००	७४१,३१२	१७,७९१,४८८
मंसिर	२९	३.७९८	३.५४०	५२२.१०	१६,००४	११,०२७,६१७	४४१,१०५	१०,५८६,५१२
१५ सम्म	–	–	–	–	–	–	–	५,४७५,७८२
१६औं पछि	–	–	–	–	–	–	–	५,११०,७३०
पौष	३०	२.८८०	२.६२२	५२४.४४	११,९०७	८,४८७,४५३	३३९,४९८	८,१४७,९५५
माघ	२९	२.५८३	२.३२५	५२५.०५	१०,५७१	७,२८३,६२६	२९१,३४५	६,९९२,२८१
फाल्गुण	३०	२.५८३	२.३२५	५२५.०५	१०,५७१	७,५३४,७८६	३०१,३९१	७,२३३,३९४
चैत्र	३०	२.५८४	२.३२६	५२५.०५	१०,५७५	७,५३७,९९९	३०१,५२०	७,२३६,४७९
जम्मा	३६५					१,६३,०३२,१३७	६,५२१,२८५	१५६,५१०,८५२

नोट :
१) यस टेबलमा दिइएको भन्दा फरक दिन संख्या परेका महिनाहरुमा यस टेबलको आधारमा निस्कने प्रति दिनको कन्ट्रायाक्ट इनर्जीले महिनाको वास्तविक दिन संख्यालाई गुणा गरी सो महिनाको कन्ट्रायाक्ट इनर्जी निर्धारण गरिनेछ।
२) सम्झौताको बुंदा ३८.१८ मा व्यवस्था भए अनुसार व्यापारिक उत्पादन (COD) भएको प्रत्येक ५ वर्ष पूरा भए पछि प्रत्येक महिनाको कन्ट्रायाक्ट इनर्जी (Total Contract Energy) परिवर्तन गर्न सकिनेछ।

Table III		
सुख्खा याम (मंसिर १६ देखि जेष्ठ १५ सम्म) को कूल इनर्जी (kWh)	५,१३,५६,३५८	३२.८१%
वर्षा याम (जेष्ठ १६ देखि मंसिर १५ सम्म) को कूल इनर्जी (kWh)	१०,५१,५४,४९४	६७.१९%
जम्मा (kWh)	१५,६५,१०,८५२	१००.००%

कन्ट्र्याक्ट इनर्जीको वा Availability Declaration को आधारमा गणना हुने मासिक उर्जा मध्ये जुन घटी छ सो को ८० (असी) प्रतिशत भन्दा कम नहुने गरी प्रत्येक महिना कम्पनीले आयोजनाबाट विद्युत उत्पादन गरी प्राधिकरणलाई विद्युत आपूर्ति गर्नु पर्नेछ। प्राधिकरणको कारण वा Schedule Outage वा आकस्मिक मर्मत सम्भार वा काबू बाहिरको परिस्थितीको कारण बाहेक अन्य कारणले यसरी तोकिएको परिमाण सम्मको विद्युत कम्पनीले आपूर्ती गर्न नसकेमा वा नगरेमा निम्न शुत्र अनुसार कम्पनीले प्राधिकरणलाई क्षतिपूर्ति स्वरुप रकम भुक्तानी गर्नुपर्नेछ। क्षतिपूर्ति रकम, रु. =[०.८ x सो महिना कम्पनीबाट प्राधिकरणलाई आपूर्ति गर्नुपर्ने बढीमा कन्ट्र्याक्ट इनर्जी सम्मको Availability Declaration अनुसारको विद्युत उर्जा – सोही महिनामा कम्पनीले उपलब्ध गराएको उर्जा - सोही अवधिमा प्राधिकरणको कारणले वा Scheduled outage वा आकस्मिक मर्मत सम्भार वा काबू बाहिरको परिस्थितीको कारणले आयोजनाबाट उपलब्ध हुन नसकेको उर्जा] x सो महिनाको प्रति किलोवाट घण्टा विद्युत उर्जा खरिद दर:
यसरी हिसाब गर्दा क्षतिपुर्ति रकम ऋणात्मक भएमा क्षतिपुर्ति रकमलाई शून्य मानिनेछ। क्षतिपूर्ति रकम विल रकम भन्दा बढी भएमा विल रकम भन्दा बढी भएको क्षतिपुर्ति रकम कम्पनीले प्राधिकरणलाई तिर्नुपर्ने छैन। यस्तो क्षतिपुर्ति रकम प्राधिकरणले बिलको भुक्तानी दिंदा कट्टा गर्न सक्नेछ।
प्राधिकरणले व्यापारिक उत्पादन शुरु हुने मितिदेखि हरेक महिना कम्पनीले आयोजनाबाट उत्पादन गरी उपलब्ध गराएको कन्ट्र्याक्ट इनर्जीको परिमाण सम्मको उर्जा खरिद वापत वर्षा याममा प्रति कि.वा. घण्टा रु.४।८० (चार रुपैंया असी पैसा मात्र) र सुख्खा याममा प्रति कि.वा. घण्टा रु.८।४० (आठ रुपैंया चालिस पैसा मात्र) विद्युत खरिद दरले हुन आउने रकम कम्पनी वा दफा ३४ अनुसारको अगुवा बैंक वा वित्तीय संस्थालाई बुझाउने छ। साथै, व्यापारिक उत्पादन शुरु हुने मिति (Commercial Operation Date) बाट एक वर्ष पुगेको महिनाको लगत्तै पछिको महिनादेखि लागु हुने गरी प्रत्येक वर्षको लागि ३ (तीन) प्रतिशतका दरले ८ (आठ) पटकसम्म साधारण मूल्यवृद्धि दिई निम्न तालिका अनुसार विद्युत उर्जा खरिद दर कायम गरिएको छ।
२१.२१ मे.वा. क्षमता मा प्राप्त भएको मूल्य वृद्धि

अवधि (व्यापारिक उत्पादन शुरु हुने मिति (COD) कायम भएको महिना लगतै पछिको महिनालाई पहिलो महिना मानी अवधि गणना हुने गरी)	सुख्खा याम (रु. प्रति युनिट)	वर्षा याम (रु. प्रति युनिट)
पहिलो महिना देखि १२ औं महिनासम्म	८।४०	४।८०
१३ औं महिना देखि २४ औं महिनासम्म	८।६५	४।९४
२५ औं महिना देखि ३६ औं महिनासम्म	८।९०	५।०९
३७ औं महिना देखि ४८ औं महिनासम्म	९।१६	५।२३
४९ औं महिना देखि ६० औं महिनासम्म	९।४१	५।३८
६१ औं महिना देखि ७२ औं महिनासम्म	९।६६	५।५२
७३ औं महिना देखि ८४ औं महिनासम्म	९।९१	५।६६
८५ औं महिना देखि ९६ औं महिनासम्म	१०।१६	५।८१
९७ औं महिना देखि सम्झौताको अवधिसम्म	१०।४२	५।९५

माथि जेसुकै लेखिएको भए तापनि व्यापारिक उत्पादन शुरु हुने मिति Required Commercial Operation Date (RCOD) को तुलनामा व्यापारिक उत्पादन शुरु हुने मिति Commercial Operation Date (COD) ढिलो हुन गएमा विद्युत उर्जा खरिद दर निम्नानुसार बार्षिक मूल्या बृद्धि दिई कायम गरिने छ।
(क) RCOD को तुलनामा COD ६ महिना भन्दा बढी १८ महिना सम्म ढिलो हुन गएमा जम्मा ७ वटा मात्र मूल्यबृद्धि दिईनेछ।
(ख) RCOD को तुलनामा COD १८ महिना भन्दा बढी ३० महिना सम्म ढिलो हुन गएमा जम्मा ६ वटा मात्र मूल्यबृद्धि दिईनेछ।
(ग) RCOD को तुलनामा COD ३० महिना भन्दा बढी ४२ महिना सम्म ढिलो हुन गएमा जम्मा ५ वटा मात्र मूल्यबृद्धि दिईनेछ।
(घ) RCOD को तुलनामा COD ४२ महिना भन्दा बढी ५४ महिना सम्म ढिलो हुन गएमा जम्मा ४ वटा मात्र मूल्यबृद्धि दिईनेछ।
(ङ) RCOD को तुलनामा COD ५४ महिना भन्दा बढी ढिलो हुन गएमा जम्मा ३ वटा मात्र मूल्यबृद्धि दिईनेछ।
३) प्राधिकारणले Dispatch Instruction जारी गरी अतिरिक्त उर्जा (Excess Energy) खरिद गरेमा सोको हकमा उपरोक्त दफा १२.१ अनुसारको खरिद दरको ५०% (पचास प्रतिशत) दरमा कम्पनीले बिलिङ्ग गर्ने र प्राधिकरणले भुक्तानि गर्ने छ।
४) मासिक बिलिङ्ग गर्दा कम्पनीले प्राधिकरणबाट विद्युत उर्जा लिएको देखिएमा विद्युत उर्जा लिने भोल्टेज लेभलको व्यापारिक वर्गका ग्राहकहरुलाई लागु हुने प्राधिकरणको प्रचलित Normal Hour को विद्युत महशुल दरले उर्जा शुल्क मात्रको हिसाव गरी आउने रकम मात्र कम्पनीले प्राधिकरणलाई भुक्तानी गर्ने छ वा सो रकम मासिक विलिङ्गमा समायोजन गरिनेछ।
५) व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति अगावै आयोजनाको निर्माण तथा परिक्षण कार्य सम्पन्न भएमा प्राधिकरणले आफ्नो Existing ग्रीड प्रणालीमा प्रवाह हुन सक्ने सम्मको विद्युत उर्जा आवश्यकता अनुसार Dispatch Instruction जारी गरी आयोजनाबाट लिन सक्नेछ।
थप ४,७९० किलोवाट क्षमताको विद्युत उर्जा खरिद दर
थप हुन जाने ४,७९० किलोवाट क्षमता अनुसारको थप कन्ट्र्याक्ट इनर्जीको हकमा वर्षा याममा प्रति कि.वा घण्टा रु ४.८० (चार रुपैयाँ असी पैसा मात्र) र सुख्खा याममा प्रति कि.वा. घण्टा रु ८.४० (आठ रुपैयाँ चालीस पैसा मात्र) विद्युत खरिद दरले हुन आउने रकम कम्पनी या दफा ३४ अनुसारको अगुवा बैंक वा वित्तीय संस्थालाई बुझाउने छ। साथै व्यापारिक उत्पादन शुरु हुने मिति (Commercial Operation Date) बाट एक वर्ष पुगेको महिनाको लगत्तै पछिको महिनादेखि लागू हुनेगरि प्रत्येक वर्षको लागि ३ (तीन) प्रतिशतका दरले ८ (आठ) पटकसम्म साधारण मूल्यवृद्धि दिई निम्न तालिका अनुसार विद्युत उर्जा खरिद दर कायम गरिएको छ।

अवधि (व्यापारिक उत्पादन शुरु हुने मिति (COD) कायम भएको महिना लगतै पछिको महिनालाई पहिलो महिना मानी अवधि गणना हुने गरी)	सुख्खा याम (रु. प्रति युनिट)	वर्षा याम (रु. प्रति युनिट)
पहिलो महिना देखि १२ औं महिनासम्म	८।४०	४।८०
१३ औं महिना देखि २४ औं महिनासम्म	८।६५	४।९४
२५ औं महिना देखि ३६ औं महिनासम्म	८।९०	५।०९
३७ औं महिना देखि ४८ औं महिनासम्म	९।१६	५।२३
४९ औं महिना देखि ६० औं महिनासम्म	९।४१	५।३८
६१ औं महिना देखि ७२ औं महिनासम्म	९।६६	५।५२
७३ औं महिना देखि ८४ औं महिनासम्म	९।९१	५।६६
८५ औं महिना देखि ९६ औं महिनासम्म	१०।१६	५।८१
९७ औं महिना देखि सम्झौताको अवधि सम्म	१०।४२	५।९५

माथि १२.१ (ख) मा जेसुकै लेखिएको भए तापनि व्यापारिक उत्पादन शुरु हुने मिति Required Commercial Operation Date (RCOD) को तुलनामा व्यापारिक उत्पादन शुरु हुने मिति Commercial Operation Date (COD) ढिलो हुन गएमा विद्युत उर्जा खरिद दर निम्नानुसार बार्षिक मूल्या बृद्धि दिई कायम गरिने छ।
(क) RCOD को तुलनामा COD ६ महिना भन्दा बढी १८ महिना सम्म ढिलो हुन गएमा जम्मा ७ वटा मात्र मूल्यबृद्धि दिईनेछ।
(ख) RCOD को तुलनामा COD १८ महिना भन्दा बढी ३० महिना सम्म ढिलो हुन गएमा जम्मा ६ वटा मात्र मूल्यबृद्धि दिईनेछ।
(ग) RCOD को तुलनामा COD ३० महिना भन्दा बढी ४२ महिना सम्म ढिलो हुन गएमा जम्मा ५ वटा मात्र मूल्यबृद्धि दिईनेछ।
(घ) RCOD को तुलनामा COD ४२ महिना भन्दा बढी ५४ महिना सम्म ढिलो हुन गएमा जम्मा ४ वटा मात्र मूल्यबृद्धि दिईनेछ।
(ङ) RCOD को तुलनामा COD ५४ महिना भन्दा बढी ढिलो हुन गएमा जम्मा ३ वटा मात्र मूल्यबृद्धि दिईनेछ।
बुँदा नं. १२.२ प्राधिकारणले Dispatch Instruction जारी गरी अतिरिक्त उर्जा (Excess Energy) खरिद गरेमा सोको हकमा उपरोक्त दफा १२.१ अनुसारको खरिद दरको ५०% (पचास प्रतिशत) दरमा कम्पनीले बिलिङ्ग गर्ने र प्राधिकरणले भुक्तानि गर्ने छ।
मुल सम्झौताको बुँदा नं. १२.४ को सट्टा निम्नानुसारको दफा १२.४ कायम गरिएको छ :
"१२.४ व्यापारिक उत्पादन शुरु गर्नुपर्ने मिति अगावै आयोजनाको निर्माण तथा परीक्षण कार्य सम्पन्न भई COD भएमा प्राधिकरणले आफ्नो Existing ग्रीड प्रणालमिा प्रवाह हुन सक्ने सम्मको विद्युत उर्जा आवश्यकता अनुसार Dispatch Instruction जारी गरी आयोजना बाट लिन सक्नेछ। यसरी विद्युत लिए बापत कन्ट्रास्ट इनर्जी सम्मको परिमाण्को लागि दफा १२.१ क मा तोकिएको मूल्य दरमा कन्ट्रास्ट इनर्जीसम्मको परिमाणको लागि दफा १२.१ख मा तोकिएको मूल्य दरमा प्राधिकरणले कम्पनीलाई भुक्तानी गर्नेछ तर सो अवस्थामा उर्जा नलिए वा नदिय वापत कम्पनीले प्राधिकरणलाई वा प्राधिकरणले कम्पनीलाई कुनै क्षतीपूर्ती तिर्नुपर्ने छैन।"
१३) मूल सम्झौताके दफा २०.३ को सट्टा निम्नानुसारको दफा २०.३ कायम गरिएको छ।
"२०.३ को दफा १६ को (ङ) को अवस्था परी दायित्व पुरा नगरेको सूचना जारी भएको अवस्थामा सो अवधीको कन्ट्र्याक्ट इनर्जी तथा थप कन्ट्र्याक्ट इनर्जीको शत्प्रतिशत् परिमाणलाई क्रमशः दफा १२.१ (क) र दफा १२.१ (ख) अनुसारको विद्युत खरिद दरले हिसाब गरी आउने रकम समेत पत्र प्राप्त भएको मितिले ४५ (पैतालिस) दिनभित्र कम्पनीले प्राधिकरणलाई बुझाउनु पर्नेछ। प्राधिकरणले कम्पनीलाई बुझाउनु पर्ने रकमबाट सो रकम कट्टा गर्न पनि सकिने छ।"
वातावरणीय प्रभाव मुल्याङ्कन प्रतिवेदनमा भएका मुख्य मुख्य बुदाहरु देहाय बमोजिम रहेको छ।
- आयोजनाबाट स्थानिय रोजगार र सीपको विकास हुने तथा पूर्वाधारहरु निर्माण हुने।
- करिब १०.४९ हे. जमिन (स्थायी- ३.७२४ हे. र अस्थायी- ६.७६६ हे.) को उपयोगबाट हुने परिवर्तनको असर।
- आयोजनाका विभिन्न संरचनाहरु निर्माणका लागि कुल ३.७८१ (२.७३९ हे. सरकारी वन र ०.०४४ हे. निजि जग्गामा रहेको वन) हेक्टर जंगल क्षेत्र प्रभावित हुनेछ।
- यस आयोजना निर्माण गर्दा करिव २५६ रुखहरु कटान हुनेछन्।
- कटान हुन सक्ने रुखको क्षतिलाई पूरा गर्न १ः २५ को अनुपातले वृक्षारोपण गर्नु पर्नेछ।
- जलचर वातावरणलाई संरक्षण गर्न १०% पानीको बहाव खुदी खोलामा नै छोडिने छ।

सकारात्मक असरहरुमा :
- सामाजिक सहयोग कार्यलाई सम्बोधन गर्नका लागि यस आयोजनाको कूल लागतको ०.७५% उपलब्ध गराउने योजना बनाएको छ।
- आयोजना निर्माण तथा सञ्चालनका क्रममा देखिने असर न्युनीकरण तथा अभिवृद्धि (सामुदायिक सहयोग कार्यक्रम, न्युनीकरण, अनुगमन र वातावरणीय परीक्षण) का लागि आयोजनाको कूल लागतको १.७% छुट्ट्याएको छ।

कम्पनीको प्रबन्धपत्रको दफा ४ मा उल्लेख भए अनुसार कम्पनी कानुन तथा अन्य प्रचलित कानुनको अधिनमा स्वीकृति लिनु पर्ने भए सम्बन्धित निकायको स्वीकृति समेत लिई यस कम्पनीको उद्देश्य देहाय बमोजिम हुनेछ : यस कम्पनीको उद्देश्य देहाय बमोजिम हुनेछ।
क) प्रचलित कानून बमोजिम अनुमति प्राप्त गरी जलविद्युत आयोजनाहरुको सर्वेक्षण, निर्माण, सञ्चालन, व्यवस्थापन गर्ने, उत्पादन गृहको निर्माण गर्ने।
ख) जलविद्युत शक्तिको समुचित विकासका लागि आवश्यक स्वदेशी एवं वैदेशिक, संस्थागत वा व्यक्तिगत लगानी परिचालन गरी संयुक्त वा एकल लगानी गर्ने।
ग) उत्पादित विद्युत शक्ति बिक्री वितरणका लागि आवश्यकतानुसार सव स्टेशन तथा प्रसारण लाइनहरु निर्माण गर्ने।
घ) उत्पादित जलविद्युत शक्ति नेपाल सरकार वा सार्वजनिक संस्थान वा निजी वितरण वा संगठित संस्थालाई वा उपभोक्तालाई एकमुष्ट बिक्री गर्ने वा आफ्नैं प्रसारण र वितरण लाइन विकास गरी वा अन्य निकायको प्रसारण लाईन प्रयोग गरी सिधै उपभोक्ताहरुलाई बिक्री वितरण गर्ने।
ङ) उत्पादित विद्युत नेपाल सरकार वा अन्य कुनै निजि वितरक वा संगठित संस्थालाई बिक्री गर्न वा आफ्नै प्रसारण लाइन विकास गरी ग्राहकलाई विद्युत सेवा उपलब्ध गराउन आवश्यकतानुसार सम्झौता गर्ने।
च) जलविद्युत आयोजनाहरुको विकासको निमित्त विभिन्न स्थानमा नयाँ परियोजनाहरुको पहिचान गर्ने, विस्तृत परियोजनाको प्रतिवेदन तयार गर्ने र सम्भाव्यता अध्ययन गर्ने।
छ) जलविद्युत आयोजनाको पहिचान, सर्वेक्षण, निर्माण, सञ्चालन र व्यवस्थापनसँग सम्बन्धित र सहायक हुने सबै काम गर्ने।
ज) विद्युत र वातावरण विकासको क्षेत्रमा कन्सल्टिङ्ग तथा परामर्श सेवा प्रदान गर्ने तथा नयाँ नयाँ आयोजनाहरुको सर्भेक्षण, अन्वेषण, अध्ययन, अनुसन्धान, कन्सल्टेन्ट डिजाइन, कन्ट्रक्सन तथा मूल्याङ्कन गरी प्रतिवेदन तयार गर्ने।
झ) विद्युत शक्ति उत्पादन प्रसारणका लागि आवश्यक पर्ने सामानहरु विदेशबाट आयात गरी माग अनुसार बिक्री वितरण गर्ने।
ञ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा हुने जलविद्युत तथा विभिन्न उर्जा विकासको लागि बोल/कबोल, टेन्डरमा भाग लिने, लिन लगाउने।
ट) जलविद्युत गृह निर्माण, ट्रान्समिशन लाइन निर्माण, PPA परियोजनाको पहिचान सम्बन्धमा आवश्यक परामर्श सेवा उपलब्ध गराउने।
ठ) जलविद्युत सम्बन्धी जुनसुकै परियोजनाको लागि आवश्यक पर्ने प्राविधिक तथा प्रशासनिक सल्लाह सुझाव उपलब्ध गराउने।
ड) जलविद्युत परियोजनामा व्यवस्थापन करारमा लिने, विद्युत बिक्री वितरण सम्बन्धी अध्ययन अनुसन्धान गर्ने साथै जलविद्युत तथा ट्रान्समिसन लाइन निर्माण कार्यमा इन्जिनियरिङ्ग सेवा प्रदान गर्ने।
(२) कम्पनीले उपदफा(१) बमोजिमको उद्देश्यहरु कार्यान्वयन गर्न प्रचलित कानुन बमोजिम सम्बन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गरी मात्र कार्यान्वयन गरीनेछ।
(३) कम्पनीले उपदफा (१) मा उल्लेखित उद्देश्यको सम्बन्धमा अनुमति वा ईजाजत प्राप्त गरेको पन्ध्र दिन भित्र त्यस्तो अनुमति वा ईजाजतपत्रको प्रतिलिपी कार्यालयमा पेश गरिनेछ।
ढ) संगठित संस्थाको कुनै सहायक कम्पनी भएमा सो सहायक कम्पनीको नाम, इतिहास र त्यसका मुख्य उद्देश्यहरुका साथै त्यसमा भएको लगानीको अंश (प्रतिशतमा) : सो नभएको।
ण) देहायका कुराहरु समेत उल्लेख गर्नु पर्ने (लागु हुने हदसम्म) :
१) **कम्पनीले उत्पादन गर्ने वस्तु वा प्रदान गर्ने सेवाहरु** : जलविद्युत आयोजनाको अध्ययन, निर्माण, प्रसारण, सञ्चालन र व्यवस्थापन गर्ने।
२) **प्रयोग भएको वा गरिने विधि** : जलस्रोतबाट जलविद्युत उत्पादन गर्ने।
३) **कुनै ब्रान्डनेम, प्रतिलिपि अधिकार, ट्रेडमार्क, इजाजतपत्र, प्राविधिक सहयोग सम्झौता र संगठित संस्थासँग सम्बन्धित बौद्धिक सम्पत्ति हक अधिकार** : सो नभएको।
४) **संगठित संस्थाले ओगटेको बजार क्षेत्र** : आयोजनाबाट उत्पादित विद्युत राष्ट्रिय विद्युत प्रणाली मार्फत नेपाल विद्युत प्राधिकरणलाई बिक्री गर्न सम्झौता गरिएको र भविष्यमा अन्य आयोजना निर्माण गरेको अवस्था तथा नेपाल विद्युत प्राधिकरण वा अन्य विधिवत रुपमा स्थापित हुने कुनै पनि सक्षम निकायहरु मार्फत नेपालबाट विद्युत निर्यात हुने अवस्थामा राष्ट्रिय विद्युत प्रसारण लाईन मार्फत अन्य मुलुकमा समेत बजार बिस्तार गर्न सकिनेछ।
५) **नयाँ उत्पादन तथा सेवा सम्बन्धी योजना** : थप नयाँ जलविद्युत आयोजनाहरुको विकास गर्ने।
६) **उत्पादन तथा सेवाको प्रमुख बजार र त्यसको माग र बिक्री वितरणको तरिका** : विद्युत खरिद बिक्री सम्झौता अनुसार नेपाल विद्युत प्राधिकरणलाई विद्युत बिक्री गर्ने साथै नेपाल विद्युत प्राधिकरणसँग विद्युत खरिद सम्झौतामा भएको मुख्य मुख्य बुदाँहरु :
(क) नेपाल विद्युत प्राधिकरणसंग आयोजना संचालनको सहजताका लागि समन्वय समिति गठनगरी कार्य गर्ने।
(ख) माथिल्लो खुदी जलविद्युत आयोजनाको विद्युत खरिद बिक्री दर विद्युत खरिद बिक्री सम्झौतामा उल्लेख भए बमोजिम बर्षा याममा पहिलो वर्षको लागी रु.४.८० (चार रुपैंया असी पैसा मात्र) र सुखा याममा हिउँदमा) ८.४० (आठ रुपैंया चालीस पैसा मात्र) कायम भएको छ। पहिलो वर्ष पछिको ८ वर्ष हरेक वर्ष ३ प्रतिशतका दरले साधारण मुल्य बृद्धि हुने व्यवस्था रहेको छ।
(ग) कम्पनीको कन्ट्याक इनर्जी वार्षिक माथिल्लो खुदी जलविद्युत आयोजनाबाट वार्षिक १५,६५,१०,८५२kWh रहेको छ।
७) **उत्पादन/सञ्चालन क्षमता र सो को उपभोग स्थिति** : माथिल्लो खुदी जलविद्युत आयोजना (२६ मेगावाट) क्षमताको जलविद्युत केन्द्र निर्माण कार्य ८३.३० प्रतिशत सम्पन्न भई सकेको छ।
८) **कच्चा पदार्थको श्रोत, किसिम र उपलब्धता** : खुदी खोलाबाट प्राकृतिक बहावमा आधारित पानी।
९) **गुण नियन्त्रणका लागि गरिएको व्यवस्था** : जलविद्युत संरचना र विद्युत उपकरणहरु उपयुक्त अवस्थामा राख्न आवश्यक व्यवस्था गरिएको छ। यस आयोजनाको सम्पूर्ण संरचना जस्तै : हाइड्रो मैकानिकल ईक्वीपमेन्ट, ईलेक्ट्रो मेकानिकल ईक्वीपमेन्ट, हेडवर्क, पावरहाउस, ट्रान्समिसन लाईन, मेसिनरी ब्रेकडाउन, नाफा नोक्सान लगायतका कुराहरु मध्यनजर गरी बिमा गरिएको/गरिने छ साथै मर्मत सम्भारका लागि पनि सोही अनुसार व्यवस्थापन गरिएको छ।
१०) **अनुसन्धान तथा विकास** : कम्पनीले हाल २६ मे.वा. आयोजना उत्पादन अनुमतिपत्र प्राप्त गरी विद्युत खरिद बिक्री सम्झौता समेत गरिसकेको छ। साथै, नयाँ जलविद्युत आयोजनाहरुको अध्ययन, विश्लेषण एवं विकास कार्यको लागि कम्पनीले उपयुक्त जलस्रोतको खोजी कार्य भइरहेको छ।
११) **विगत १२ महिनाको अवधिमा संस्थाको संचालनमा असर पर्नेगरी भएको बाधा, व्यवधान** : सो नभएको।
१२) **मजदुर संगठनसँगको सम्बन्ध र विगतमा कुनै औद्योगिक विवाद भएको भए, सोसम्बन्धी विवरण** : सो नभएको।
१३) **बजार, प्रतिस्पर्धा र अन्य समान उद्योगहरु बीच संगठित संस्थाको स्थिति** : यस कम्पनीबाट उत्पादित विद्युत एक मात्र विद्युत खरिदकर्ता नेपाल विद्युत प्राधिकरण रहेको छ। माथिल्लो खुदी जलविद्युत आयोजनाको विद्युत उत्पादन क्षमता २६ मेगावाट रहेको हुँदा यस आयोजनाले बजारको केही अंशलाई मात्र परिपूर्ति गर्नेछ। साथै विद्युतको हाहाकार भई ठूलो परिमाणमा उर्जाको माग भैरहेको हुँदा वर्तमान अवस्थामा विद्युत उत्पादन गर्न सकेमा उक्त विद्युत बिक्री गर्न बजारको कुनै समस्या रहेको देखिदैन। जलविद्युत आयोजनाको लागि कच्चा पदार्थको खोजी तथा जगेडा गर्नु नपर्ने र उत्पादित विद्युत शक्ति नेपाल विद्युत प्राधिकरणसँग सम्झौता गरी बिक्री गर्न सकिने हुँदा नेपाली लगानीकर्ताको लागि यो लाभदायक र उपयुक्त क्षेत्र रहेको छ।
१४) **प्रमुख ग्राहकहरुको विवरण (जस्तै-संस्थाको कूल वार्षिक कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख ग्राहकसँग निर्भर छ भने तत्सम्बन्धी विवरण** : कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच विद्युत खरिद बिक्री सम्झौता भएको हुँदा कम्पनीको प्रमुख ग्राहकको रुपमा नेपाल विद्युत प्राधिकरण रहेको छ।
१५) **प्रमुख सप्लायर्सहरुको विवरण (जस्तै-संस्थाको कूल कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने सप्लायर्स वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख सप्लायर्ससँग निर्भर छ भने तत्सम्बन्धी विवरण:** सो नभएको।

६. सीमित दायित्व सम्बन्धी विवरण :
यस कम्पनी प्रचलित कम्पनी कानुन अन्तर्गत स्थापित तथा सञ्चालित पब्लिक लिमिटेड कम्पनी हो। यसमा शेयरधनीहरुको दायित्व सीमित छ। यस कम्पनीको शेयरधनीको दायित्व निजले खरिद गरेको वा खरिद गर्न कबुल गरेको शेयरको अधिकतम रकमसम्म मात्र सीमित रहनेछ।

७. सकारात्मक पक्षहरु:
१. जलविद्युत आयोजनाको सम्पूर्ण संरचना, मेसिन, औजार तथा उपकरणहरुको जोखिमलाई न्यूनिकरण गर्न बिमा गरिएको।
२. कम्पनीसँग दक्ष युवा जनशक्ति रहेकोले यो कम्पनी नेपालमा जलविद्युत आयोजनाको विकास र निर्माणको काममा सफल रहेको।
३. जलविद्युतको क्षेत्रमा अध्ययन अनुसन्धान तथा विकास कार्यमा योजनावद्ध ढंगले समर्पित भएर काम गरिरहेको यस कम्पनीको भविष्य उज्वल रहेको।
४. जलविद्युत क्षेत्रमा विगत लामो समयदेखि अनुभव प्राप्त गरी विभिन्न जलविद्युत आयोजनाहरु सफलतापूर्वक सम्पन्न गरी सञ्चालनमा ल्याइसकेका सञ्चालकहरु आवद्ध भएकोले।

८. धितोपत्र जारी गर्नुको उद्देश्य :
१. कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा भएको व्यवस्था अनुसार कम्पनीले आफ्नो जारी पूँजीको २० प्रतिशत शेयर सर्वसाधारणमा सार्वजनिक निष्काशन गरी कम्पनीमा सर्वसाधारण शेयरधनीहरुको तर्फबाट समेत प्रतिनिधित्व गराउने उद्देश्यले शेयर जारी गर्न लागिएको हो।
२. संकलित पूँजीलाई परिचालन गर्दै निर्माणाधिन अवस्थामा रहेको माथिल्लो खुदी जलविद्युत आयोजनाको निर्माण गरी जलविद्युत उत्पादन गर्ने उद्देश्यले शेयर जारी गर्न लागिएको हो। यसरी निष्काशित गरिने कुल रु.३१,००,००,०००/- बराबरको रकम ब्रिज ग्याप ऋण भुक्तानी गर्न प्रयोग गरिनेछ।

९. धितोपत्र निष्काशनबाट प्राप्त पूँजीको उपयोग :
(क) **निष्काशनबाट प्राप्त हुने कूल रकमलाई प्रयोग गर्ने क्षेत्र सम्बन्धी विवरण** : व्यवस्थापनले प्रारम्भिक सार्वजनिक निष्कासन मार्फत उठाइएको रकम पारदर्शी र जिम्मेवार ढंगले, सरोकारवालाहरूको हित र कम्पनीको दीर्घकालीन वृद्धिको रणनीतिसँग मेल खाने गरी प्रयोग गर्ने उद्देश्य राखेको छ। यसरी निष्काशित गरिने कुल रु.३१,००,००,००० बराबरको रकम ब्रिज ग्याप ऋण भुक्तानी गर्न प्रयोग गरिनेछ।
(ख) **सार्वजनिक निष्काशन गरिने धितोपत्र पूर्ण रुपमा बिक्री नभएमा सार्वजनिक निष्काशनको लागि उद्देश्य प्राप्ती गर्नको लागि अपनाइने वैकल्पिक व्यवस्था** : हालका दिनमा जलविद्युत कम्पनीहरुले सर्वसाधारणमा शेयर निष्काशन गर्दा विगतको माग भन्दा बढी शेयरको लागि दरखास्त प्राप्त हुने गरेको छ। कथंकदाचित निष्काशन गरिने शेयर आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुले पूर्ण रुपमा खरिद नगरेमा बाँकी रहने शेयर सर्वसाधारणहरुको लागि निष्काशन गरिने शेयरमा थप गरी निष्काशन गरिनेछ। सर्वसाधारणलाई थप गरी निष्काशन गरे पश्चात् पनि शेयर पूर्ण रुपमा बिक्री नभएमा प्रत्याभुतिकर्ता नागरिक लगानी कोषसँग उक्त धितोपत्र खरिद गर्ने गरी शेयरको प्रत्याभुति गर्न सम्झौता गरीएको छ।
(ग) **आयोजनाको संचालन स्थान, आयोजना चरणवद्ध रुपका कार्यान्वयन गरिने भए प्रत्येक चरणमा लाग्ने खर्च, कुनै चरण समाप्त भैसकेको भए सो सम्बन्धी विवरण:** यस कम्पनीद्वारा प्रवर्द्धित माथिल्लो खुदी जलविद्युत आयोजनाको आश्विन मसान्त सम्मको कार्य विवरण अनुसार खर्चको विवरण निम्नानुसार रहेको छ।

(रु. हजारमा)

क्र.सं.	खर्च शिर्षक	आ.व. २०८२ आश्विन मसान्तसम्मको खर्च विवरण
१	Pre Development/ Pre Operating Cost	८,७२६
२	Civil Contruction Works	१३,२३,६९८
३	Hydro- Mechanical Work	५,२५,७९२
४	Electromechanical Works	५४,३५०
५	Access Road and Bridge	६,९५,०२०
६	Transmission Line	६२,५४३
७	Environment Impact Mitigation & Social Costs	६७,५६९
८	Engineering, Management And Admin Cost	३,१५,९४२
९	Land and camp facilities	६४,९३९
१०	IDC and Bank Charge	४,०६,१८६
	Total	**४०,३७,६७१**
	Intangible Assets As per IFRIC 12	**५,१२,९०६**
	Total Expenses with Intangible Assets As per IFRIC 12	**४०,३७,६७१**

(घ) **आयोजना सम्पन्न हुने, परिक्षण उत्पादन शुरु हुने र पूर्ण व्यावसायिक उत्पादन शुरु हुने अनुमानित मिति** : माथिल्लो खुदी जलविद्युत आयोजनाको ८३.३० प्रतिशत निर्माण कार्य सम्पन्न भइसकेको र मिति २०८२ माघ ०७ गते सम्ममा व्यापारिक उत्पादन शुरु हुने लक्ष्य लिएको छ।
(ङ) **संगठित संस्थाले कुनै उपकरण खरिद गरेको वा गर्न लागेको भए उक्त उपकरणको मूल्य वा प्रास्तावित मूल्य सप्लायर्सको नाम र सप्लायर्ससँग सम्झौता भएको भए सो को मुख्य बुँदाहरु :**

संस्थाले खरिद गरेको उपकरणको मूल्य वा प्रस्तावित मूल्य सप्लायर्सको नाम निम्न बमोजिम रहेको छ :

क्र.सं.	सप्लायर्सको नाम	उपकरणको नाम	मूल्य (रु.)
१	M/S Cangzhou Spiral Steel Pipes Group Co. Ltd., China	MS SSAW penstock Pipes	११४,४९,६४२.९९ (CNY)
२	M/S TROYER HYDRO Pvt.Ltd., India	Electromechanical Equipments	३०,६९,०५,७८५.०० (INR)
३	M/S TROYER AG- SpA, Italy	Electromechanical Equipments	€ १५,०९,९००.०० (Euro)

(च) **कुनै पार्टीसँग प्रतिलिपि अधिकार ट्रेडमार्क इजाजतपत्र रोयल्टी सहकार्य सम्बन्धमा वा वित्तीय वा प्राविधिक सम्झौता गरिएको भए सो को प्रमुख शर्तहरु र पार्टीको नाम ठेगाना सम्बन्धी विस्तृत विवरण** : सो नभएको।
(छ) **उत्पादन सम्बन्धी आयोजना भए, सो को प्रकृति, प्रयोगकर्ता, प्रतिस्पर्धा, लक्षित समूह, उत्पादन क्षमता, विगतका वर्षहरुको क्षमता उपभोग वा भविष्यमा गरिने क्षमता उपभोग सम्बन्धी विवरण :**
- कम्पनीबाट निर्माण कार्य भइरहेको जलविद्युत आयोजनाको विद्युत उत्पादन क्षमता २६ मे.वा.रहेको।
- आयोजनाको प्रकृति : जलविद्युत आयोजना।
- प्रयोगकर्ता : आयोजनाबाट उत्पादित विद्युतशक्ति नेपाल विद्युत प्राधिकरणको राष्ट्रिय प्रसारण लाइन मार्फत सर्वसाधारणहरुले प्रयोग गर्ने।
- प्रतिस्पर्धा : हाल प्रतिस्पर्धा नरहेको।
- लक्षित समूह : नेपाल विद्युत प्राधिकरण मार्फत सर्वसाधारण जनता तथा उद्योगधन्दाहरु।
- उत्पादन क्षमता : २६. मे.वा.।

ज) आयोजनाको लागि आवश्यक कच्चा पदार्थको उपलब्धता र त्यसको श्रोत : लमजुङ्ग जिल्ला, मर्स्याङ्दी गाउँपालिका वडा नं.०२ स्थित खुदी खोलाको पानी।
झ) आयोजनाको लागि आवश्यक हुने विद्युत, पानी, ग्यासको मात्रा र त्यसको श्रोत : लमजुङ्ग जिल्ला, मर्स्याङ्दी गाउँपालिका वडा नं.०२ स्थित खुदी खोलाको पानी।
ञ) सार्वजनिक निष्काशनको लागि गरिने खर्च प्रमुख रुपमा देहायमा उल्लेखित पक्षहरुलाई दिने शुल्कहरु छुट्टाछुट्टै रुपमा प्रस्तुत गर्नु पर्ने।
अ) निष्काशन तथा बिक्री प्रबन्धक– रु.१,००,०००।- (अक्षरेपी एक लाख मात्र)
आ) ट्रष्टी (डिबेन्चर निष्काशनको हकमा)– निष्काशन गरिने डिबेन्चर नभई साधारण शेयर भएको।
इ) प्रत्याभूतिकर्ता शुल्क – रु.८,२७,०००।- (कर सहित)
ई) लेखापरिक्षकको शुल्क : मू.अ कर वाहेक रु.२,५०,०००।- (आ.व २०८१/८२)
उ) क्रेडिट रेटिङ्ग शुल्क : मू.अ कर वाहेक रु १,५०,०००।-

१०. पूँजी संरचना सम्बन्धी जानकारी:
१) **अधिकृत पूँजी (Authorised Capital) :** कम्पनीको अधिकृत पूँजी रु.१,७५,००,००,०००।- (अक्षरेपी एक अर्ब पचहत्तर करोड मात्र) हुने छ। सो पूँजीलाई प्रति शेयर रु.१००।- दरका १,७५,००,००० (एक करोड पचहत्तर लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ।
२) **जारी पूँजी (Issued Capital) :** कम्पनीको तत्काल जारी गर्ने शेयर पूँजी रु.१,५५,००,००,०००।- (एक अर्ब पचपन्न करोड मात्र) हुनेछ। सो पूँजीलाई प्रति शेयर रु.१००।- दरका १,५५,००,००० (एक करोड पचपन्न लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ।
३) **चुक्ता पूँजी (Paid up Capital) :** कम्पनीको जारी पूँजी रु.१,५५,००,००,०००।- (एक अर्ब पचपन्न करोड मात्र) मध्ये संस्थापकहरुले तत्काल चुक्ता गरेको पूँजी रु.१,२४,००,००,०००।- (एक अर्ब चौबिस करोड मात्र) रहेको छ। सर्वसाधारण (वैदेशिक रोजगारीमा रहिरहेका नेपाली नागरिक, आयोजना तथा विद्युत प्रसारण लाईनबाट प्रभावित क्षेत्रका बासिन्दा, सामुहिक लगानी कोष र कम्पनीका कर्मचारी समेत) तर्फ छुट्याइएको रु.३१,००,००,०००।- (अक्षरेपी एकतीस करोड मात्र) बराबरको प्रति शेयर अंकित मूल्य रु.१००।- दरको ३१,००,००० कित्ता शेयरको सार्वजनिक निष्कासन पश्चात् कम्पनीको चुक्ता पूँजी रु.१,५५,००,००,०००।- (एक अर्ब पचपन्न करोड मात्र) हुनेछ।

अधिकृत पूँजी, जारी पूँजी तथा जारी पूँजीमा भएको परिवर्तन सम्बन्धी विवरण :

आ.व.	अधिकृत पूँजी (रु.)	जारी पूँजी (रु.)	चुक्ता गर्न कबुल गरेको पूँजी (रु.)	कैफियत
२०८१/८२	१,७५,००,००,०००।-	१,५५,००,००,०००।-	१२,४०,००,००,००।-	कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८२/०१/१४ गतेको पत्रमा उल्लेख भए अनुसार।
२०८०/८१	१,७५,००,००,०००।-	१,५५,००,००,०००।-	७९,०५,००,०००।-	कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८१/०१/१८ गतेको पत्रमा उल्लेख भए अनुसार।
२०८०/८१	१,७५,००,००,०००।-	१,४२,९०,००,०००।-	१,००,०३,००,०००।-	कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०/०६/१२ गतेको पत्रमा उल्लेख भए अनुसार ६१,८७,४६४ (शेयर दर्ता किताबको लगत) कित्ता कायम रहेको।
२०७९/८०	१,७५,००,००,०००।-	१,००,००,००,०००।-	१,००,००,००,०००।-	कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८०/०२/१० मा प्रमाणित शेयर दर्ता किताबको लगत अनुसार ५५,०२,१६२ कित्ता कायम रहेको।

११. निष्काशन पछिको चुक्ता पूँजी (समूहकृत गरिएको अवस्थामा सोही अनुरुप) :
कम्पनीको प्रबन्धपत्रको दफा (६) मा उल्लेख भए अनुसार सर्वसाधारणहरुमा साधारण शेयर निष्काशन गरी बाँडफाँट गरे पश्चात् हुने कम्पनीको चुक्ता पूँजीको संरचना देहाय बमोजिम रहेको छ :

क्र.सं.	शेयरधनीहरु	शेयर संख्या	पूँजी प्रतिशत (%)	चुक्ता रकम (रु.)	भुक्तानी प्रतिशत
१	संस्थापक	१,२४,००,०००	८०%	१,२४,००,००,०००।-	शतप्रतिशत
२	सर्वसाधारण समूह	३१,००,०००	२०%	३१,००,००,०००।-	सार्वजनिक निष्कासन पश्चात् शतप्रतिशत
	जम्मा	१,५५,००,०००	१००%	१,५५,००,००,०००।–	

सर्वसाधारणमा निष्काशन गरिने शेयरको विवरण

विवरण	शेयर संख्या	चुक्ता रकम (रु.)	कैफियत
स्थानीय बासिन्दाहरुतर्फ	१५,५०,०००	१५,५०,००० ००।-	निष्काशन पश्चात् शतप्रतिशत भुक्तानी हुने।
वैदेशिक रोजगारीतर्फ	१,५५,०००	१,५५,००,०००।-	
सामूहिक लगानी कोष	७७,५००	७७,५०,०००।-	
कर्मचारीतर्फ	३१,०००	३१,००,०००।-	
सर्वसाधारणतर्फ	१२,८६,५००	१२,८६,५०,०००।-	
जम्मा	३१,००,०००	३१,००,००,०००।–	

नोट : स्थानीय बासिन्दाहरु (आयोजना प्रभावित क्षेत्र अर्थात् लमजुङ्ग जिल्लाको मर्स्याङ्दी गाउँपालिका वडा नं. २ र ३ का स्थानीय बासिन्दाहरुका लागि छुट्ट्याइएको ४० प्रतिशत अर्थात ६,२०,००० कित्ता शेयर तथा अन्य वडाहरुका स्थानीय बासिन्दाहरुको लागि बाँकी ६० प्रतिशत अर्थात् ९,३०,००० कित्ता शेयर बाँडफाँट गर्दा प्रभावित वडालाई विभाजन गरिएको ४० प्रतिशत कुनै कारण कम संकलन भएमा सो बाँकी हिस्सा अन्य वडाहरुका स्थानीय बासिन्दाहरुले प्राप्त गर्ने र ६० प्रतिशत शेयरमा सुरक्षित गर्ने र दुवै पक्षबाट संकलन हुन नसकेमा मात्र उक्त शेयर सर्वसाधारणमा समायोजना गरी बाँडफाँट गरिनेछ।) तथा वैदेशिक रोजगारीमा रहेका नेपालीहरुको लागि निष्काशन गरिएको धितोपत्र पूर्ण रुपमा बिक्री नभएमा बिक्री नभई बाँकी रहेको धितोपत्र सर्वसाधारणमा निष्काशित गरिने धितोपत्रमा थप गरी बिक्री गरिनेछ। यसरी थप गर्दा कर्मचारी तथा सामूहिक लगानी कोष योजनालाई निष्काशन गरिने धितोपत्रको सङ्ख्यामा कुनै हेरफेर हुने छैन र नेपाल धितोपत्र बोर्डलाई जानकारी गराई आह्वान पत्र प्रकाशित गर्दा सोहि बमोजिम संसोधन गरी प्रकाशित गरिने छ।

१२. संस्थापक/संचालक सम्बन्धी जानकारी :
(१) आधारभुत शेयरधनीहरु तथा सञ्चालकहरुको नाम, पद, उमेर, राष्ट्रियता, ठेगाना, शेयर स्वामित्व, शैक्षिक योग्यता, अनुभव र प्रस्तावित व्यापार/व्यवसायमा अनुभव :
आधारभुत शेयरधनीको विवरण

क्र.सं.	नाम	शेयर स्वामित्व/प्रतिशत	उमेर	राष्ट्रियता	शैक्षिक योग्यता	जलविद्युत क्षेत्रमा अनुभव	अनुभव (अन्य)
१	श्री ज्ञानेन्द्र लाल प्रधान	२६,५२,४२,६०० २१.३९%	६४	नेपाली	बि.ई. (इन्जिनीयरिङ्ग)	हाइड्रोसोलुसन्स प्रा.लि. मा २००७ देखि हाल सम्म कार्यकारी अध्यक्ष को रुपमा कार्यरत।	सामाजिक संघसंस्था तथा समाज सेवामा कार्यमा संलग्न तथा CACCI मा अध्यक्ष र FNCCI मा पूर्व कोषाध्यक्ष आदिको कार्यानुभव रहेको।
२	श्री नेपाल हाईड्रो डेभलपर लि.	१०,००,००,००० ८.०६%	–	नेपाली	लागु नहुने।		
३	श्री वैदिक हाइड्रो ईन्भेष्टमेन्ट कम्पनी प्रा.लि.	८,८४,३०,५०० ७.१३%	–	नेपाली	लागु नहुने।		
४	श्री सुपर खुदी ईन्भेष्टमेन्ट प्रा.लि.	७,३४,७९,६०० ५.९३%	–	नेपाली	लागु नहुने।		
५	श्री गणेश कार्की	५,८९,१७,८०० ४.७५%	५८	नेपाली	स्नातक (व्यवस्थापन)	सिंगटी हाइड्रोपावर लिमिटेडमा प्रबन्ध सञ्चालक बि.सं. २०७२ देखि बि.सं. २०७९ सम्म, अर्विट इनर्जी लि.मा बि.सं.२०७८ देखि हालसम्म, पिपुल्स हाइड्रोपावर लि.मा बि.सं. २०७६ देखि बि.सं. २०८० सम्म सञ्चालक,	बिजी ग्रुप प्रा.लि.मा बि.सं.२०६७ देखि हालसम्म अध्यक्ष, नेपालका लागि गणतन्त्र मौरिससका अवैतनिक वाणिज्य दुत बि.सं.२०७७ देखि हालसम्म स्वतन्त्र उर्जा उत्पादकहरुको संस्था IPPAN संघको अध्यक्ष बि.सं.२०७९ देखि हालसम्म आदिको अनुभव प्राप्त
६	श्री विमला श्रेष्ठ प्रधान	४,७१,७५,९०० ३.८०%	५९	नेपाली	स्नातक (डेण्टल सर्जरी) FICCDE ORTHO-DONTICS	हाइड्रोसोलुसन्स प्रा.लि. मा २००७ देखि हाल सम्म सञ्चालक।	डि-मोन्ट डेण्टल क्लिनिकमा २०५१ साल देखि कार्यकारी सञ्चालक को रुपमा कार्यरत। सामाजिक संघसंस्था तथा समाज सेवामा कार्यमा संलग्न तथा CACCI मा अध्यक्ष र FNCCI मा पूर्व कोषाध्यक्ष आदिको कार्यानुभव रहेको।
७	श्री बटु लामिछाने	२,८९,१७,८०० २.३३%	६१	नेपाली	स्नातक (व्यवस्थापन)	सिंगटी हाइड्रोपावर लिमिटेडमा बि.सं.२०७२ देखि बि.सं. २०८० सञ्चालक सम्म अध्यक्ष, अर्विट इनर्जी प्रा.लिमा बि.सं.२०७८ देखि हालसम्म अध्यक्ष, अन्नपूर्ण विद्युत विकास कम्पनी प्रा.लिमा बि.सं.२०८० देखि हालसम्म अध्यक्ष।	बिजी ग्रुप प्रा.लि.मा बि.सं.२०६७ देखि हालसम्म सञ्चालक, फिस्टेल कार्पोटमा प्रबन्ध सञ्चालक ई.सं. १९९१ देखि ई.सं. १९९९ सम्म, होलिडे एडभेञ्चर नेपाल प्रा.लि. मा सञ्चालक ई.सं. १९९८ देखि हालसम्म, सिद्धी विनायक उल कार्डिङमा सञ्चालक मिति ई.सं.१९९१ देखि ई.सं. १९९५ सम्म आदिको अनुभव प्राप्त।
८	श्री कबिता लामिछाने	२,८५,००,००० २.३०%	६१	नेपाली	स्नातक (व्यवस्थापन)	बैदिक हाइड्रो इन्भेष्टमेन्ट कम्पनी प्रा. लि.मा बि.सं.२०६९ देखि हालसम्म सञ्चालक रुपमा कार्यरत	-
९	श्री यूएन महर्जन	२,७०,००,००० २.१८%	५०	नेपाली	एम.बि.बि.एस.	बैदिक हाइड्रो इन्भेष्टमेन्ट कम्पनी प्रा. लि.मा बि.सं.२०६८ देखि हालसम्म सञ्चालक अध्यक्ष रुपमा कार्यरत	-
१०	श्री युग जंग कार्की	२,६९,६८,८०० २.१७%	२४	नेपाली	स्नातक (व्यवस्थापन)	युग होल्डिङ्स् प्रा.लि. मा बि.सं.२०७७ देखि हालसम्म अध्यक्षको रुपमा कार्यरत।	-
११	श्री वर्णन लामिछाने	२,६९,१८,८०० २.१७%	३२	नेपाली	स्नतकोत्तर (फाइनान्स)	इलेक्ट्रीकल इन्जीनियरको भुमिकामा क्वीइनक्याइ एलनवाट हाइड्रो इक्विप्मेन्टमा मिति २०७७ देखि हालसम्म कार्यरत।	-
१२	श्री बी जी ग्रुप प्रा. लि.	२,६२,००,००० २.११%	–	नेपाली	लागु नहुने।	लागु नहुने।	लागु नहुने।
१३	श्री जिज्ञासा लामिछाने	२,६१,५०,००० २.११%	३९	नेपाली	स्नातकोतर	इलेक्ट्रीक इन्जीनियरको भुमिकामा क्वीइनक्याइ एलनवाट, अपर चाखु आयोजना, ठोस्ने र खानीखोलामा काम गरेको।	-
१४	श्री विबेना लामिछाने	२,६१,५०,००० २.११%	३८	नेपाली	स्नातकोतर	-	डाक्टर पेसामा आवद्ध।
१५	श्री शंकर प्रसाद शर्मा	२,५०,००,००० २.०२%	७३	नेपाली	अर्थशास्त्रमा विद्यावारिधी Doctor of Philosophy in Economics	-	बरिष्ठ अर्थशास्त्री, Southeast Asian Studies बरिष्ठ अर्थशास्त्री, अर्थ मन्त्रालय उपाध्यक्ष, राष्ट्रिय योजना आयोग, पूर्व राजदुत, संयुक्त राज्य अमेरिका विगत दुई वर्षदेखि भारतमा राजदुतको रुपमा रहनुभएको
१६	श्री कल्पना अर्याल	२,५०,००,००० २.०२%	६४	नेपाली	कानूनमा स्नातक	-	-
१७	श्री युग होल्डिङ प्रा. लि.	२४,९५०,००० २.०१%	–	नेपाली	लागु नहुने।		

सञ्चालकहरुको विवरण :

क्र.सं.	नाम तथा ठेगाना	पद	उमेर	राष्ट्रियता	शेयर स्वामित्व/प्रतिशत	शैक्षिक योग्यता	अनुभव (सम्बन्धित) जलविद्युत क्षेत्रमा	अनुभव (अन्य)
१.	श्री चेतन प्रधान (का.म.न.पा.वडा नं. ३०)	अध्यक्ष	२९	नेपाली	१,२२,८७,००० (०.९९%)	बि.ई.	आँखु हाइड्रोपावर प्रा.लि.मा सञ्चालक मिति २०७६ आषाढ देखि मिति २०८१ फाल्गुण सम्म र कालीगण्डकी हाइड्रोपावर प्रा. लि. मा मिति २०७६ आषाढ देखि २०७८ माघ सम्म प्राविधिक सञ्चालकको रुपमा अनुभव प्राप्त।	हाईड्रो सोलुसन्स प्रा.लि.मा मिति २०७५ देखि हालसम्म एसोसिएट्स सञ्चालकको रुपमा कार्यरत।
२	श्री गणेश कार्की (झापा जि.तोपगाछी गा.वि.स वडा नं ९)	प्रबन्धक सञ्चालक	५७	नेपाली	५,८९,१७,८०० (४.७५%)	स्नातक (व्यवस्थापन)	सिंगटी हाइड्रोपावर लिमिटेडमा प्रबन्ध सञ्चालक बि.सं.२०७२ देखि बि.सं. २०७९सम्म, अर्विट इनर्जी लि.मा बि.सं.२०७८ देखि हालसम्म, पिपुल्स हाइड्रोपावर लि.मा बि.सं.२०७६ देखि बि.सं. २०८० सम्म सञ्चालक,	बिजी ग्रुप प्रा.लि.मा बि.सं.२०६७ देखि हालसम्म अध्यक्ष, नेपालका लागि गणतन्त्र मौरिससका अवैतनिक वाणिज्य दुत बि.सं.२०७७ देखि हालसम्म स्वतन्त्र उर्जा उत्पादकहरुको संस्था IPPAN संघको अध्यक्ष बि.सं.२०७९ देखि हालसम्म आदिको अनुभव प्राप्त
३	श्री बटु लामिछाने (का.म.न.पा.वडा नं.४)	सञ्चालक	६१	नेपाली	२,८९,१७,८०० (२.३३%)	बि.बि.एस	सिंगटी हाइड्रोपावर लिमिटेडमा बि.सं.२०७२ देखि बि.सं. २०८० सञ्चालक अध्यक्ष, अर्विट इनर्जी प्रा.लिमा बि.सं.२०७८ देखि हालसम्म अध्यक्ष, अन्नपूर्ण विद्युत विकास कम्पनी प्रा.लि.मा बि.सं.२०८० देखि हालसम्म अध्यक्ष।	बिजी ग्रुप प्रा.लि.मा बि.सं.२०६७ देखि हालसम्म सञ्चालक, फिस्टेल कार्पोटमा प्रबन्ध सञ्चालक ई.सं. १९९१ देखि ई.सं. १९९९ सम्म, होलिडे एडभेञ्चर नेपाल प्रा.लि. मा सञ्चालक ई.सं. १९९८ देखि हालसम्म, सिद्धी विनायक उल कार्डिङमा सञ्चालक मिति ई.सं.१९९१ देखि ई.सं. १९९५ सम्म आदिको अनुभव प्राप्त।
४	श्री निभिता प्रधान (का.म.न.पा.वडा नं.३०)	सञ्चालक	३४	नेपाली	१,२२,८७,००० (०.९९%)	एम.बि.ए	हाइड्रो सोलुसन्स प्रा.लि.मा मिति २०७४ देखि हालसम्म एशोसिएट्स सञ्चालकको रुपमा अनुभव प्राप्त।	बि.सं. २०७५ देखी हालसम्म त्रिशक्ति केवुल इन्डष्ट्रीज् प्रा.लि.मा एसोसिएट्स सञ्चालकको रुपमा कार्यरत
५.	श्री दल बहादुर बिष्ट	स्वतन्त्र सञ्चालक	४५	नेपाली	–	बि.ए (मानविकी)	बि.जि. हाईड्रो इन्भेष्टमेन्ट कम्पनी प्रा.लि. मा बि. सं.२०७२ देखि हालसम्म अध्यक्षको रुपमा कार्यरत।	-

नोट : नेपाल धितोपत्र बोर्डबाट जारी संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४ मा सञ्चालक सम्बन्धी व्यवस्थाहरुको पालना तथा कम्पनी ऐन, २०६३ को दफा ८९ को उपदफा (१)(छ) को पालना भएको उद्घोषण गर्दछौं। साथै, हाल यस कम्पनीमा संस्थापक शेयरधनी मात्र रहेको र यस विवरणपत्र मार्फत सर्वसाधारण शेयरधनी समुहको शेयर निष्काशन भई बाँडफाँट सम्पन्न भए पश्चात् कानून बमोजिम कम्पनी ऐन, २०६३ को दफा (८६) अनुसार सञ्चालक समितिमा प्रतिनिधित्व रहने व्यवस्था गरिनेछ।

१३. सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था :
कम्पनीको नियमावलीको नियम २७ मा भएको व्यवस्था अनुसार ७ (सात) जना सञ्चालक सदस्य रहेको सञ्चालक समिति रहने व्यवस्था छ।

विवरण	प्रतिनिधि संख्या
समूह 'क' संस्थापक समूह	४ जना
समूह 'ख' सर्वसाधारण समूह	२ जना
स्वतन्त्र सञ्चालक (विशेषज्ञबाट)	१ जना
जम्मा	७ जना

नोट : कम्पनीको नियमावली नियम २८ मा भएको व्यवस्था अनुसार सञ्चालकको पदमा नियुक्त हुनको लागि कुनै पनि शेयरधनीले कमतीमा १०० (एक सय) कित्ता शेयर आफ्नो नाममा खरिद गरेको हुनु पर्नेछ तर स्वतन्त्र सञ्चालक र संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालकको हकमा यो व्यवस्था लागु हुनेछैन। सर्वसाधारण समुहबाट प्रतिनिधित्व गर्ने सञ्चालक सार्वजनिक निष्काशन पश्चात् गरिने वार्षिक साधारण सभाबाट नियुक्ति गरिनेछ। साथै सञ्चालकहरुको कार्यकाल ४ वर्षको हुनेछ।

१४. संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका अधिकृत कर्मचारीहरु सम्बन्धी विवरण:

क्र.सं.	कर्मचारीको नाम	पद	नियुक्ति मिति	योग्यता	शेयर कित्ता	कार्यानुभव
१	श्री रबि कुमार गौतम	बरिष्ठ आयोजना प्रबन्धक	२०७७/१२/०१	स्नातकोतर (एम.ई)	-	हाइड्रोपावर तथा अन्य संस्थामा इन्जिनियर सम्बन्धि करिब २० वर्ष भन्दा बढीको कार्य अनुभव।
२	श्री नवराज निरौला	लेखा/प्रशासन	२०७९/०६/२४	स्नातकोतर (एम.बि.एस.)	-	हाइड्रोपावर तथा अन्य संस्थामा लेखा तथा वित्त सम्बन्धि करिब १५ वर्षभन्दा बढीको कार्य अनुभव।
३.	श्री कृष्ण दास श्रेष्ठ	जन सम्पर्क अधिकृत	२०८०/०५/२३	स्नातक (व्यवस्थापन)	-	बिभिन्न हाइड्रोपावरहरुमा प्रशासनिक तथा जनसम्पर्क अधिकृतको रुपमा २० वर्षभन्दा बढीको कार्य अनुभव।

पृष्ठ ७ मा क्रमशः

ग्लोबल आइएमई बैंक र डिएआई-उदयबिच सहकार्य



काठमाडौं/ ग्लोबल आइएमई बैंक र डिएआई-उदय परियोजनाबिच समझदारी भएको छ। यसअन्तर्गत कोशी प्रदेशका विभिन्न साना तथा लघु उद्यमलाई वित्तीय पहुँचका लागि सहकार्य गरिने बताइएको छ। यससम्बन्धी समझदारीपत्रमा बैंकका प्रमुख कार्यकारी अधिकृत (सिइओ) सुरेन्द्रराज रेग्मी र परियोजनाका चिफ अफ पार्टी अरुण रानाले हस्ताक्षर गरेका हुन्। यससँगै कोशीमा सञ्चालित विभिन्न साना तथा लघु व्यवसायहरूलाई सहजै कर्जा प्रवाह हुने बताइएको छ। त्यस्तै, लगानी अभावले व्यवसाय विस्तार गर्न असमर्थ उद्यम तथा उद्यमीको व्यवसाय विस्तारसँगै रोजगारी वृद्धि हुने विश्वास बैंकले लिएको छ। परियोजनाले छनोट गरेका उद्यम तथा व्यवसायले यस बैंकका कोशी प्रदेशका सम्पूर्ण शाखा कार्यालयबाट सहजै कर्जा पाउन सक्नेछन्।

नेपाल सरकार तथा स्विट्जरल्यान्ड सरकारको द्विपक्षीय पहलस्वरूप कोशी प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयको प्राविधिक सहयोगमा कोशी प्रदेशका सम्पूर्ण जिल्लाहरूमा डिएआई-उदय परियोजनाले कार्य गर्दै आइरहेको छ। परियोजनाले कोशीमा नवीकरणीय ऊर्जा, कृषि प्रशोधन, आइटी, पर्यटन तथा उत्पादनमूलक उद्योगलगायतका व्यवसायलाई कर्जाको उपलब्धता तथा व्यावसायिक उन्नतिका लागि वित्तीय स्रोतमा सहज वातावरण बनाइरहेको छ।

लक्ष्मी सनूराइज बैंकको डिजिटल डिसेम्बर

उद्यम नवप्रवर्तन सुदृढीकरण सम्झौता

काठमाडौं/ लक्ष्मी सनूराइज बैंकले एड्भाइजरी प्रालि र अमेरिकन चेम्बर अफ कमर्स इन नेपालसँग सहकार्य गर्ने भएको छ। बैंकले डिजिटल डिसेम्बर २०२५ इम्पावरिङ इन्टरप्राइजेज अभियानअन्तर्गत नेपालमा प्रविधि तथा कृत्रिम बुद्धिमत्ता (एआई) नवप्रवर्तनको दायरा मजबुत बनाउन सहकार्य गरेको हो।



हाल सातौं वर्षमा रहेको डिजिटल डिसेम्बर अभियान डिजिटल सचेतना अभियानका रूपमा सुरु भई उद्यम रूपान्तरणको एक रणनीतिक प्लाटफर्मका रूपमा विकसित भएको छ। यस संस्करणले उच्च मूल्य तथा उच्च परिमाणका व्यावसायिक कारोबारलाई नगद र चेकबाट सुरक्षित डिजिटल माध्यमतर्फ रूपान्तरण गर्ने बताइएको छ। साथै, एपिआई तथा होस्ट टु होस्ट कनेक्टिभिटीमार्फत उद्यमीहरूको सञ्चालन प्रणालीमा बैंकिङ सेवा जडान तथा एकीकृत गर्ने तथा डिजिटल प्लाटफर्मलाई व्यावसायिक भुक्तानीको प्राथमिक माध्यमका रूपमा स्थापित गर्ने लक्ष्य राखेको बैंकले जनाएको छ।

समझदारीअन्तर्गत बैंकको उद्यम डिजिटलाइजेसन पहलबाट नवप्रवर्तनको विस्तार गर्दै प्रारम्भिक चरणका नवप्रवर्तक, स्टार्टअप तथा उद्यमीलाई वास्तविक बैंकिङ पूर्वाधार र विषयगत विशेषज्ञतासँग जोडी पुँजी उपलब्धताका लागि तयार पार्ने उद्देश्य राखेको छ। सम्झौताअन्तर्गत लक्ष्मी सनूराइज बैंकले डिजिटल डिसेम्बर २०२५ का मुख्य आधार एपिआई, प्लाटफर्म कनेक्टिभिटी र उद्यम तयारीसँग मेल खाने सहकार्य क्षेत्र अन्वेषण गर्नेछ। यसमा नवप्रवर्तकलाई उद्यम-सम्बन्धित डिजिटल समाधानको प्रोटोटाइप विकासका लागि चुनिएका ओपन एपिआई वा स्यान्डबक्स वातावरणमा पहुँच समावेश छन्। त्यसैगरी, उच्च सम्भावना भएका उद्यमहरूसँग प्रारम्भिक चरणमै संलग्न भई बजार तयारी र विस्तार क्षमताको मूल्यांकन तथा डिजिटल वित्त, फिनटेकमा आधारित वृद्धि र स्टार्टअपलगायतका विशेषज्ञ सत्र पनि समावेश रहेको बैंकले जनाएको छ।

यस सहकार्यले अमेरिकी दूतावासको समर्थनमा सञ्चालन हुने तीनवटा राष्ट्रव्यापी पहल सिडिङ एन्ड स्केलिङ इनोभेसन्स, कोड फर इम्प्याक्ट ह्याकाथन्स र युएस-नेपाल कमर्सियल डिप्लोमेसी डिस्कसिङ सिरिजलाई समेत सघाउनेछ।

सिद्धार्थ बैंकले मनायो २३औं वार्षिकोत्सव

काठमाडौं/ सिद्धार्थ बैंक स्थापनाको २३औं वर्ष पूरा गरी २४औं वर्षमा प्रवेश गरेको छ। २३औं वार्षिकोत्सवका अवसरमा बैंकले नक्सालस्थित आफ्नो प्रधान कार्यालयमा विविध कार्यक्रम आयोजना गरी मनाएको छ। यसै अवसरमा बैंकले फुटसल प्रतियोगिता, टेबल टेनिस प्रतियोगिता पनि सञ्चालन गरेको जनाएको छ। देशका विभिन्न स्थानमा रक्तदान कार्यक्रम गरिएको छ। बैंकका अनुसार विराटनगर, दमक, वीरगन्ज, सिमरा, जनकपुर, हात्तीसार, नारायणगढ, पोखरा, भैरहवा, सुर्खेत र धनगढी गरी ११ स्थानमा रक्तदान कार्यक्रमको आयोजना गरिएको छ। कार्यक्रममा बैंकका कर्मचारीका साथै ग्राहक तथा स्थानीयवासीसहित चार सय ८८ जनाले रक्तदान गरेका छन्।



साथै बैंकमा कार्यरत १५ वर्ष सेवा अवधि पूरा गरेका कर्मचारीको योगदानको कदर गर्दै उनीहरूलाई सम्मान पनि गरेको जनाइएको छ। बैंकले यी कार्यक्रमले संस्थागत एकता, कर्मचारीको मनोबल अभिवृद्धि तथा सामाजिक उत्तरदायित्वप्रति बैंकको प्रतिबद्धतालाई थप मजबुत बनाउने लक्ष्य लिएको छ।

प्राइम बैंकको 'टपअप गरौं, बोनस पाऔं' योजना

काठमाडौं/ प्राइम कमर्सियल बैंकले 'टपअप गरौं, बोनस पाऔं' योजना ल्याएको छ। यस योजनामा ग्राहकले दुई सय रुपैयाँ टपअप (रिचार्ज) गर्दा १०० रुपैयाँ बोनसस्वरूप जित्न सक्नेछन्।



योजनामा सहभागी हुनका लागि ग्राहकले बैंकको मोबाइल बैंकिङ एपबाट दुई सय वा सोभन्दा बढीको टपअप गर्नुपर्नेछ। टपअप सफल भएपछि १०० रुपैयाँ बोनस टपअप जित्न सकिने बैंकले जनाएको छ। यो योजना सीमित अवधिमा लागि मान्य हुनेछ। विजेता छनोट भने योजनाको अन्त्यमा गरिने बैंकको भनाइ छ।

कोरियाबाट नेपाल पैसा पठाउँदा बुलेट बाइक जित्ने मौका

काठमाडौं/ कुमारी बैंकले दक्षिण कोरियाबाट रेमिट्यान्स पठाउँदा बुलेट बाइक जित्ने योजना ल्याएको छ।



बैंकले 'ट्रान्सफर एन्ड विन' विन्टर योजना ल्याएको हो। यसमा कोरियामा रहेका नेपालीले सेन्ट-बी रेमिट्यान्सबाट नेपाल पैसा पठाउनुपर्नेछ। रकम पठाउनेमध्ये एकजना भाग्यशाली विजेताले रोयल इन्फिल्ड क्लासिक-३५० मोडेलको बुलेट बाइक जित्न सक्नेछन्। बैंकका अनुसार यो योजना १५ नोभेम्बरदेखि सुरु गरिएको हो, जुन ३१ डिसेम्बरसम्म चल्नेछ। योजनामा सहभागी हुन कम्तीमा एक लाख रुपैयाँ सेन्ट-बी रेमिट्यान्समार्फत नेपाल पठाउनुपर्नेछ।

पृष्ठ ६ बाट क्रमशः

१५. सञ्चालन अवधि तीन वर्ष व्यतित भैसकेको अवस्थामा विगत तीन वर्षको र तीन वर्ष व्यतित भै नसकेको अवस्थामा सञ्चालन अवधिभरको लेखापरीक्षण भएको नाफा नोक्सान, वासलात सहितको संक्षिप्त वित्तिय विवरण (सहायक कम्पनी भए समष्टिकृत रुपमा) :

वासलात

विविरण	वास्तविक (रु. हजारमा)		
	आ.व. २०७९/८०	आ.व. २०८०/८१	आ.व. २०८१/८२
सम्पत्ति			
गैर चालु सम्पत्ति			
सम्पत्ति, प्लान्ट तथा मेसिनरी	२९,३८६	२९,१८७	२६,६६८
निर्माणधिन अर्मुत सम्पत्ति	८,४४,५११	१९,८९,३४०	३६,०४,२१४
अधिकार प्राप्त सम्पत्ति	–	–	६८३
चालु सम्पत्ति			
वित्तिय सम्पत्ति			
नगद तथा नगद सरह	५९५	४,००४	२०,३८३
अन्य चालु सम्पत्ति	१,३०३	३६,९३८	३६,०२६
गैर वित्तिय सम्पत्ति			
पूर्व भुक्तानी	२,७०,९५५	३,४६,९९२	२,८०,५२०
अन्य चालु सम्पत्ति	१६,०५२	८८,५१८	३,५९,७३६
चालु कर सम्पत्ति	–	–	–
जम्मा सम्पत्ति	११,६२,८०२	२४,९४,९८०	४,३२८,२३०
इक्युटी तथा दायित्व			
इक्युटी			
शेयर पूँजी	६,१८,७४६	७,९०,५००	१२,४०,०००
अग्रीम शेयर पुजी	३१,१२३	–	–
संचिती नाफा तथा नोक्सान	८२,९६१	२,१५,५५३	४,१०,१७५
गैर चालु दायित्व			
वित्तिय दायित्व			
दिर्घकालिन सापटि	१,२७,५५२	११,८१,९०९	१६,६२,८६५
भाडा दयित्व	–	–	७७१
चालु दायित्व			
वित्तिय दायित्व			
अल्पकालिन सापटि	२,७१,०००	२,२२,१९९	९,१६,४५०
अन्य दायित्व	२७,०९४	८२,७९८	९७,२८४
गैर वित्तिय दायित्व	४,३२६	२,०२०	६८५
जम्मा पूँजी तथा दायित्व	११,६२,८०२	२४,९४,९८०	४३,२८,२३०

आश्विन मसान्तसम्मको अपरिष्कृत वित्तीय विवरण (रु. हजारमा)

विवरण	आ.व. २०८२/८३
सम्पत्ति	
गैर चालु सम्पत्ति	
सम्पत्ति, प्लान्ट तथा मेसिनरी	२८,५६४
निर्माणधिन सम्पत्ति	४०,३७,६७१
अधिकार प्राप्त सम्पत्ति	५१२
अन्य वित्तिय सम्पत्ति	–
अमूर्त सम्पत्ति	–
चालु सम्पत्ति	
नगद तथा नगद सरह	४,२४२
अन्य चालु सम्पत्ति	३६,९८५
अन्य वित्तिय सम्पत्ति/ ब्यापार तथा अन्य प्राप्ति	२,१२,४०७
स्थगन कर सम्पत्ति	–
चालु सम्पत्ति	३,८०,७३७
जम्मा सम्पत्ति	**४७,००,३१९**
इक्युटी तथा दायित्व	
इक्युटी	
शेयर पूँजी	१२,४०,०००
अग्रीम शेयर पूजी	४,६५,३५०
संचिती नाफा तथा नोक्सान	–
जम्मा पूँजी	**१७,०५,३५०**
गैर चालु दायित्व	
दिर्घकालिन ऋण	२०,७८,५२१
भाडा दायित्व	७९८
चालु दायित्व	
अल्पकालिन ऋण	८,०२,९३२
चालु दायित्व	१,०८,०८२
अन्य वित्तिय दायित्व	४,६५७
जम्मा पूँजी तथा दायित्व	**४७,००,३१९**

नोटः अन्य गैर-वित्तिय चालु सम्पत्तिहरूमा सिभिल ठेकेदार बैभव एडविन जेभीलाई गरिएको पूर्वभुक्तानी, ट्रान्समिसन लाइन कन्ट्र्याक्टर बैभव एडविन जेभीलाई दिइएको अग्रिम, र अन्य गैर-वित्तिय चालु सम्पत्तिमा देखाइएका अन्य अग्रिमहरू समावेश छन्।

प्रक्षेपित वासलात

(रु. हजारमा)

विविरण	आ.व. २०८२/८३	आ.व. २०८३/८४	आ.व. २०८४/८५
सम्पत्ति	–	–	–
गैर चालु सम्पत्ति	–	–	–
सम्पत्ति, प्लान्ट तथा मेसिनरी	२२,३२६	१८,७६७	१५,८३७
अधिकार प्राप्त सम्पत्ति	५१२	५१२	५१२
अन्य वित्तिय सम्पत्ति	–	–	–
अमुर्त सम्पत्ती	५६,३१,७८३	५४,२१,९०३	५२,१२,०२३
जम्मा गैर चालु सम्पत्ति	५६,५४,६२१	५४,४१,१८२	५२,२८,३७३
चालु सम्पत्ति			
वित्तिय सम्पत्ति			
नगद तथा नगद सरह	४,०५,१५९	७,१०,९९६	९,२७,३३०
ब्यापार र अन्यबाट प्राप्य	१,७२,९२०	१,७५,५७४	१,८०,६८८
अन्य चालु सम्पत्ति	३२,४२३	२५,९३९	२३,३४५
जम्मा सम्पत्ति	६२,६५,१२३	६३,५३,६१०	६३,६९,७३५
इक्युटी तथा दायित्व	–	–	–
इक्युटी	–	–	–
शेयर पूँजी	१५,५०,०००	१५,५०,०००	१५,५०,०००
शेयर आवेदन शुल्क/कल्स ईन एडभान्स	–	–	–
जगेडा कोष र अधिशेष	८,०३,९६३	९,५९,९६०	११,५७,११९
जम्मा इक्युटी	२३,५३,९६३	२५,०९,९६०	२७,०७,११९
गैर चालु दायित्व	–	–	–
सुरक्षित ऋण	३७,२१,००७	३५,५०,२५७	३३,६०,८६०
भाडा दायित्व	७९८	७९८	७९८
जम्मा गैर चालु दायित्व	३७,२१,८०५	३५,५१,०५५	३३,६१,६५८
चालु दायित्व	–	–	–
वित्तिय दायित्व	–	–	–
छोटो अवधिको ऋण	१,०१,४९२	२,१३,६५७	२,१९,९७६
अन्य वित्तिय दायित्व	८७,५५५	७८,८००	७०,९२०
अन्य वित्तिय दायित्व	३०८	१३९	६२
जम्मा चालु दायित्व	१,८९,३५५	२,९२,५९५	२,९०,९५८
जम्मा इक्युटी तथा दायित्व	६२,६५,१२३	६३,५३,६१०	६३,६९,७३५

नाफा-नोक्सान हिसाब

विवरण	वास्तविक (रु. हजारमा)		
	आ.व. २०७९/८०	आ.व. २०८०/८१	आ.व. २०८१/८२
सञ्चालन बाट आम्दानी	–	–	–
आयको लागत	–	–	–
कूल नाफा	–	–	–
IFRIC-12 अनुसारको निर्माण आम्दानी	३,८९,१०४	१,१४,४२,८२९	१६,१४,८७४
IFRIC-12 अनुसारको निर्माण खर्च	(३,३८,५८६)	(९,९६,१९६)	(१४,०५,२१५)
IFRIC-12 अनुसारको नाफा	५०,५१७	१,४८,६३३	२०९,६५८
खर्च			
प्रशासनिक खर्च	७,००२	११,६६७	१०,४६३
ह्रास कट्टि	१,२०९	४,३७३	३,७२५
अधिकार प्राप्त सम्पत्तिमा ह्रास कट्टी	–	–	६८३
प्रोजेक्ट सम्पत्ति परिशोधन	–	–	–
जम्मा खर्च	८,२१०	१६,०४०	१४,८७२
सञ्चालनबाट नाफा	४२,३०७	१,३२,५९३	१,९४,७८६
वित्तिय आम्दानी	–	–	–
वित्तिय लागत	–	–	१६४
कर अघिको नाफा/नोक्सान	४२,३०७	१,३२,५९३	१,९४,६२२
आय कर खर्च	–	–	–
यस वर्षको आयकर	–	–	–
स्थगन कर खर्च/आम्दानी	–	–	–
यस वर्षको खुद नाफा	४२,३०७	१,३२,५९३	१,९४,६२२

आश्विन मसान्त अपरिष्कृत (रु. हजारमा)

विवरण	आ.व. २०८२/८३
विद्युत बिक्रीबाट आम्दानी	–
दीर्घकालीन सम्झौताबाट प्राप्त हुने राजस्व	–
अन्य आम्दानी	–
जम्मा आम्दानी	–
IFRIC-12 अनुसारको निर्माण आम्दानी	४३३,४५७
IFRIC-12 अनुसारको निर्माण खर्च	(३७७,१८२)
IFRIC-12 **अनुसारको नाफा**	५६,२७५
दीर्घकालीन सम्झौताको खर्च	–
रोयल्टी खर्च	–
निष्काशन खर्च	–
ह्रासकट्टी तथा परिशोधन	९०४
अधिकार प्राप्त सम्पत्तिमा ह्रासकट्टी	१७१
जम्मा खर्च	१,०७५
सञ्चालन नाफा/(नोक्सान)	**५५,२००**
वित्तिय आम्दानी	–
वित्तिय खर्च	२६
बोनस तथा कर अघिको नाफा/(नोक्सान)	**५५,१७४**
कर्मचारी बोनस	–
कर अघिको नाफा/(नोक्सान)	–
चालु कर	–
स्थगन कर	–
खुद नाफा/(नोक्सान)	**५५,१७४**

नोटः कम्पनीले IFRIC १२ - सेवा सञ्जाल व्यवस्था (Service Concession Arrangements) लागू गरेको छ, र सो अनुसार निर्माण आम्दानी केही वृद्धि दर (Escalation Factor) सहितको मार्कअप (Markup) को साथमा मान्यता गरिएको छ। यसका कारण निर्माण अवधिमा प्रति शेयर आम्दानी (EPS) उल्लेखनीय रूपमा वृद्धि भएको छ, जुन मुख्यतः व्यवस्थापनद्वारा अपनाइएको करिब १५% को मार्कअपका कारण हो।

यद्यपि, यस्तो उच्च EPS निर्माण चरणसम्म सीमित हुने अपेक्षा गरिएको छ र निर्माणपछिको अवधिमा सामान्य अवस्थामा फर्किनेछ। त्यस्तै, IFRIC १२ अन्तर्गत निर्माण आम्दानीको पहिचानका कारण, निर्माण अवधिमा प्रति शेयर खुद सम्पत्ति (Net Worth per Share) समेत रू. १०० भन्दा बढी पुगेको छ।

नाफा नोक्सान हिसाव प्रक्षेपित (रु. हजारमा)

विवरण	आ.व. २०८२/८३	आ.व. २०८३/८४	आ.व. २०८४/८५
विद्युत बिक्रीबाट आम्दानी	४,०५,९६७	८,५४,६२७	८,७९,९०२
दीर्घकालीन सम्झौताबाट प्राप्त हुने राजस्व	२१,३२,५०९	–	–
अन्य आम्दानी	–	–	–
जम्मा आम्दानी	२५,३८,४७७	८,५४,६२७	८,७९,९०२
घटाउ :	–	–	–
दीर्घकालीन सम्झौताको खर्च (IFRIC-12)	१८,५५,६४७	–	–
रोयल्टी खर्च	१०,७१९	१९,६९३	२०,१९८
ह्रासकट्टी तथा परिशोधन	१,०९,२८२	२,१३,४४०	२,१२,८१०
पूर्व सञ्चालन, मर्मत तथा प्रशासनिक खर्च	५७,३३९	७८,२५१	८०,३१२
सञ्चालन नाफा/(नोक्सान)	५,०५,४९०	५,४३,२४४	५,६६,५८२
घटाउ :	–	–	–
ब्याज खर्च	९८,७२६	३,८४,१२८	३,६५,४८१
बोनस तथा कर अघिको नाफा/(नोक्सान)	४,०६,७६४	१,५९,११७	२,०१,१०२
घटाउ :	–	–	–
कर्मचारी बोनस	७,९७६	३,१२०	३,९४३
कर अघिको नाफा/(नोक्सान)	३,९८,७८८	१,५५,९९७	१,९७,१५९
चालु कर	–	–	–
स्थगन कर	–	–	–
खुद नाफा/(नोक्सान)	३,९८,७८८	१,५५,९९७	१,९७,१५९

वित्तीय प्रक्षेपणका आधार तथा तरिका :

विवरण	आ.व २०८२/८३	आ.व २०८३/८४	आ.व २०८४/८५
१. कुल आयमा औषत वृद्धिदर	–	११०.५२%	२.९६%
२. कुल खर्चमा औषत वृद्धिदर (ब्याज र ह्रास बाहेक)	–	१४५.९६%	(२.२७%)
३. सञ्चालन खर्च तथा कुल आम्दानी अनुपात	६९.९७%	८१.७५%	७७.५९%
४. खुद मुनाफामा औषत वृद्धिदर	–	(६१%)	२६%
५. आयकर व्यवस्था (प्रतिशतमा)	–	–	–
प्रति शेयर आम्दानी	१५.७१	१८.२५	२२.४३
Return on Equity	१६.९४%	६.२२%	७.२८%
Return on Assets	६.३७%	२.४६%	३.१०%

प्रक्षेपित गरिएको वित्तीय विवरणहरुको गणनाको आधारहरु देहाय बमोजिम रहेका छन् :

- कम्पनीले आ.व २०८१/८२ मा प्रारम्भिक सार्वजनिक निष्काशनको रुपमा रु.३१,००,००,०००।- (३१,००,००० प्रत्येक पूर्ण चुक्ता पूँजी) बराबरको शेयर निष्काशन गर्ने योजना रहेको छ।
- माथिलो खुदी जलविद्युत आयोजनाको कुल अनुमानित लागत रु.५,३८,०४,११,३१०।- रहेको छ। बैंकसँगको भएको सिण्डिकेट ऋण सम्झौता अनुसार उक्त आयोजना निर्माण सम्पन्न गर्न रु.३,७६,१०,००,०००।- कन्सोर्टियम ऋण स्वीकृत गरिएको छ। तर, कम्पनीले सप्लायर्स र ठेकेदारको बक्यौता रकम आईपिओ जारी गरेर भुक्तानी गर्ने योजना बनाएको छ। आइपिओ तथा बैंक कर्जा जारी भएपछि इक्वीटी शेयर पूँजीको अनुपात (अर्थात ऋण अनुपात) ७०.८२:२९.१८ हुने प्रक्षेपण गरिएको छ।
- नेपाल विद्युत् प्राधिकरणसँग विद्युत् खरिद बिक्री सम्झौता अनुसार २६ मेगावाट क्षमताको विद्युतको व्यावसायिक उत्पादन २०८२ माघ ७ गतेदेखि शुरु गर्ने लक्ष राखिएकोमा प्राधिकरणले उपलब्ध गराएको आरसीओडी (RCOD) अगावै व्यावसायिक रुपमा सञ्चालन हुने अपेक्षा कम्पनीले गरेको छ। यद्यपि, व्यवस्थापनले आरसीओडी समक्ष राजस्वको हिसाब गरेको छैन किनकि ऊर्जाको बिक्री निश्चित हुने तिथि हुनेछ र ऊर्जाको बिक्रीको कुनै निश्चितता रहने छैन।
- परियोजनाको उत्पादन क्षमता ९०% रहेको मान्यतामा आधारित रही वित्तीय विश्लेषण गरिएको छ, जुन Take–or–Pay व्यवस्था अन्तर्गत कुल सम्झौता गरिएका ऊर्जा आपूर्तिको आधारमा आधारित छ। बाँकी १०% ऊर्जा क्षति ट्रान्समिसनको हानि र मेसिनको कार्यक्षमता घटेको आधारमा व्यवस्थापनले अनुमान गरेको हो। हाम्रो समिक्षामा, यो पूर्वानुमान सामान्य सञ्चालन अवस्थामा यथोचित देखिन्छ तथापि, प्राकृतिक विपद् जस्ता अप्रत्याशित घटनाबाट थप हानिहरू हुन सक्ने सम्भावना रहन्छ, जुन हालको अस्थायी वित्तीय विवरणमा प्रावधान गरिएको छैन।
- ऊर्जाको बिक्री दर PPA (Power Purchase Agreement) अनुसार Take or Pay आधारमा लिइएको छ।
- ऊर्जा मात्रा PPA अन्तर्गत दिइएको ऊर्जा तालिका अनुसार लिइएको छ।
- प्रशासनिक ओभरहेड, कर्मचारी खर्च र अन्य सञ्चालन लागत वार्षिक ३% वृद्धि हुने अनुमान गरिएको छ।
- प्राधिकरणसँग भएको सम्झौताअनुसार विद्युतको बिक्री दर र विद्युत ऐन, २०४९ बमोजिम रोयल्टी खर्च अनुमान गरिएको छ।
- परियोजनाको लागत ऊर्जा विकास विभाग, ऊर्जा मन्त्रालय अन्तर्गतबाट जारी गरिएको विद्युत उत्पादन अनुमति पत्र अनुसार परियोजनाको बाँकी आयु अवधिमा खर्च गरिएको छ। परियोजनाको सञ्चालन पश्चात बाँकी आयु २७ वर्ष ५ महिना रहने मान्यतामा, अमूर्त सम्पत्ति/परियोजना सम्पत्तिहरूलाई वार्षिक ३.६६% दरले खर्च गरिएको छ। अन्य स्थायी सम्पत्तिहरू व्यवस्थापनले निर्धारण गरेको मूल्यह्रास दर अनुसार मूल्यह्रास गरिएको छ।
- अनुमानित आम्दानी दिने वा लिनेको आधारमा कुल सम्झौता बमोजिमको ऊर्जामा आधारित छ। यद्यपि, कम्पनीले नेपाल विद्युत प्राधिकरण समक्ष अतिरिक्त ऊर्जाको लागि दिने वा लिनेमा सहमति जनाएको छ। हामीले प्रक्षेपणको लागि अतिरिक्त ऊर्जालाई वित्तिय प्रक्षेपणमा समावेश गरेका छैनौं किनकि यस्तो ऊर्जाको बिक्रीको लागि कुनै निश्चितता छैन।
- ऊर्जा मन्त्रालयले जारी गरेको विद्युत् उत्पादन अनुमतिपत्र अनुसार आयोजनाको बाँकी अवधिभर आयोजना लागत परिशोधन गरिएको छ भने अन्य सम्पत्तिको हकमा मूल्यह्रास खर्च, सम्पत्तिको जीवनको आधारमा मूल्यह्रास हुने गरेको छ।
- सम्बन्धित बैंकको आधार दरमा परिवर्तन हुँदा उतारचढाव हुन सक्ने अनुमानित वर्षका लागि बैंक ऋणको ब्याज गणना गर्न वार्षिक १०.५ प्रतिशतको ब्याजदरलाई निश्चित दर मानिएको छ।
- विद्युत् ऐन, २०४८ को व्यवस्थाअनुसार करपूर्वको मुनाफाको २ प्रतिशतका दरले कर्मचारी बोनस वितरण गरिने प्रक्षेपण गरिएको छ।
- बाँकी अवधिको लागि समान त्रैमासिक किस्ता (ईक्यूआई) को आधारमा बैंक ऋणको भुक्तानी अवधि १२ वर्ष मानिएको छ र यो कम्पनीसँग नगद प्रवाहको उपलब्धताको आधारमा फरक हुन सक्छ

कम्पनीको नेटवर्थ तथा प्रति शेयर आम्दानीमा भएको वास्तविक तथा प्रक्षेपित औसत प्रतिफल देहाय बमोजिम रहेको छ :

विवरण	वास्तविक			अपरिष्कृत २०८२/८३ आश्विन मसान्त	प्रक्षेपित		
	आ.व.२०७९/०८०	आ.व. २०८०/०८१	आ.व. २०८१/०८२		आ.व. २०८२/०८३	आ.व.२०८३/०८४	आ.व. २०८४/०८५
शेयर पुँजी	६,१८,७४६	७,९०,५००	१२,४०,०००	१२,४०,०००	१५,५०,०००	१५,५०,०००	१५,५०,०००
संचित नाफा/नोक्सान	१,०२५	२,१५,५५३	४,१०,१७५	४,६५,३५०	८,०३,९६३	९,५९,९६०	११,५७,११९
खुद सम्पत्ति नेटवर्थ	६,१९,७७१	१०,०६,०५३	१६,५०,१७५	१७,०५,३५०	२३,५३,९६३	२५,०९,९६३	२७,०७,११९
शेयर संख्या	६,१८७	७,९०५	१२,४००	१२,४००	१५,५००	१५,५००	१५,५००
प्रति शेयर नेटवर्थ (रु.)	१००.१७	१२७.२७	१३३.०८	१३७.५३	१५१.८७	१६१.९३	१७४.६५
प्रति शेयर आम्दानी	–	१६.७७	१५.७०	४.४५	२५.७३	१०.०६	१२.७२
नेटवर्थमा प्रतिफल	–	१३.१८	११.७९	३.२४	१६.९४	६.२२	७.२८
नेटवर्थमा औसत प्रतिफल %	८.३३			३.२४	१०.१५		

निष्काशन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न वृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल प्रतिशतमा :- १२.४१%

कम्पनीको प्रक्षेपित वित्तीय विवरण विगत वर्षको कारोबारको आधारमा किरण आचार्य एण्ड एसोसिएट्स, अनामनगर, काठमाडौं मार्फत तयार गरेको हो। उक्त वित्तीय प्रक्षेपणको आधारहरु तथा तरिकाहरु ठिक छ भनि किरण आचार्य एण्ड एसोसिएट्स मार्फत प्रमाणित गरिएको छ।

नेपाल वित्तीय प्रतिवेदन मापदण्ड IFRIC १२ बाट वित्तीय विवरणको जगेडा कोषमा परेको प्रभाव

विवरण	वास्तविक			अपरिष्कृत आ.व. २०८२/०८३ आश्विन मसान्तसम्म	प्रक्षेपित		
	आ.व. २०७९/०८०	आ.व. २०८०/०८१	आ.व. २०८१/०८२		आ.व. २०८२/०८३	आ.व. २०८३/०८४	आ.व. २०८४/०८५
खुद सम्पत्ति नेटवर्थ (रु हजारमा)	६१९,७७१	१,००६,०५३	१,६५०,१७५	१,७०५,३५०	२,३५३,९६३	२,५०९,९६०	२,७०७,११९
शेयर संख्या (हजारमा)	६,१८७	७,९०५	१२,४००	१२,४००	१५,५००	१५,५००	१५,५००
प्रति शेयर नेटवर्थ (रु.)	१००.१७	१२७.२७	१३३.०८	१३७.५३	१५१.८७	१६१.९३	१७४.६५
प्रति शेयर आम्दानी		१६.७७	१५.७०	४.४५	२५.७३	१०.०६	१२.७२
Real Net Worth(In NPR)- removing IFRIC 12 effect	६१९,७७१	७५९,०८१	१,१९३,५४५	१,१९२,४४३	१,६२०,४७०	१,७७६,४६७	१,९७३,६२५
Real Net Worth per Share(In NPR)- removing IFRIC 12 effect		९६.०३	९६.२५	९६.१६	१०४.५५	११४.६१	१२७.३३

विगत ३ वर्षको नेटवर्थमा भएको औसत प्रतिफल (लेखा परिक्षण भएको): ८.३३%

१६. अन्तर्निहित जोखीम तथा सो मा व्यवस्थापनको लागि व्यवस्थापनको धारणा :

संगठित संस्थाले बहन गरेको वा गर्ने जोखिम स्पष्ट रुपमा उल्लेख गर्नु पर्ने। यस सन्दर्भमा जोखिमहरुलाई संगठित संस्थाको आन्तरिक वा व्यवसाय/परियोजनासँग प्रत्यक्ष अथवा संगठित संस्थाको नियन्त्रण भन्दा बाहिरको भनी वर्गिकरण गरी प्रमुख रुपमा देहायको जोखिमको विश्लेषण गर्नु पर्ने।

क) **वित्तीय साधनको अभावबाट हुने जोखिम :**
- निर्माण कार्य ८३.३० सम्पन्न भईसकेको हुँदा जलविद्युत आयोजनामा वित्तीय जोखिम न्यून रहेको।
- नयाँ आयोजनाको अनुसन्धान तथा विकासमा संकुचन आउन सक्ने जोखिम न्यून रहेको। तर नेपाल विद्युत प्राधिकरणले विद्युत खरिद बिक्री सम्झौता सहज र सरल नबनाएमा समस्या उत्पन्न हुने देखिन्छ।
- संस्थामा आवद्ध शेयरधनीहरुले कबुल गरेको सम्पूर्ण रकम प्राप्त भइसकेको र बैंकबाट पनि ऋण प्राप्त भइरहेकोले वित्तीय साधनको अभावबाट हुने जोखिम कम रहेको।

ख) **कच्चा पदार्थको अभावबाट हुने जोखिम :** जलस्रोतको निरन्तर मापन गरि डिजाईन गरिएको हुँदा उक्त जोखिम कम रहेको। तर जलवायु परिवर्तन वा अन्य कारणले नदीको बहावमा परिवर्तन आउन सक्ने सम्भावना रहन्छ, जुन कम्पनीको नियन्त्रण बाहिरको विषय हो। तर, आयोजनाको निर्माण गर्दा लामो अवधिको हाईड्रोलोजीको डाटाको अध्ययन तथा विश्लेषणका आधारमा क्षमता निर्धारण गरिएको हुँदा तत्काल यस प्रकारको समस्या आउने सम्भावना न्यून रहेको छ।

ग) **उत्पादन तथा सेवाको बजार स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम :** संगठित संस्थाबाट उत्पादित बिजुली नेपाल विद्युत प्राधिकरणले आयोजना अवधी भर पुर्वनिर्धारित मुल्यमा Take or Pay को अवधारणामा खरिद-बिक्री सम्झौता भईसकेको हुनाले जोखिम नरहेको।

घ) **आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिवृद्धि (Cost overrun) को जोखिम :** उत्पादन सुरु भईनसकेको हुनाले आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना रहेको तर आयोजनाको भौतिक प्रगति ८३.३० सम्पन्न भैसकेको हुँदा RCOD भन्दा अगावै आयोजना सम्पन्न गर्ने लक्ष रहेको हुँदा यसबाट हुने मूल्य अभिवृद्धिको जोखिम कम रहेको।

ङ) **विदेशी विनिमयको जोखिम :** यस कम्पनीद्वारा प्रवर्द्धित आयोजनाको लागि आवश्यक पर्ने केही पाटपूर्जाहरु युरोपबाट आयात गरिने भएकोले सो को लागि विनिमय दरमा आउने परिवर्तनले विदेशी विनिमयको जोखिम रहेको छ। केही पाटपूर्जाहरु भारतीय कम्पनीबाट आयात गरिने तथा प्रतितपत्र भारतिय मुद्रामा खोलिएको छ। नेपाल र भारतिय मुद्रा बिच रहेको स्थिर विनिमय दर (Pegged Exchange rate) भएकोले सो स्थिर विनिमय दर कायम रहुन्जेल विदेशी विनिमयको जोखिम नरहेको।

च) **कानुनी प्रक्र्याहरु तथा ईजाजत प्राप्त गर्नु पर्ने सो बाट पर्न सक्ने अवरोधहरु :** आवश्यक पर्ने सम्पूर्ण इजाजत पत्रहरु प्राप्त गरिसकेको हुनाले सोको जोखिम नरहेको।

छ) **क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिम :**
१. अन्तराष्ट्रिय बजारमा हुने मन्दीबाट नेपाली बजारमा पर्नसक्ने असरबाट हुनसक्ने आर्थिक जोखिमहरु।
२. पूँजी बजारको अवस्थामा आउने उतार-चढावबाट पर्नसक्ने जोखिमहरु।

ज) **सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट हुने जोखिम :**
- नेपाल सरकारको जलविद्युत सम्बन्धी आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट जोखिमहरु श्रृजना हुन सक्ने।
- कर, भन्सार आदि सम्बन्धी व्यवस्थामा परिर्वतन भएमा श्रृजना हुन सक्ने जोखिमहरु।
- देशको वैदेशिक नीतिमा हुनसक्ने परिवर्तनबाट उत्पन्न हुन सक्ने सम्भावित जोखिमहरु।
- नेपाल सरकार तथा अन्य नियमन निकायहरुको आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट सिर्जना हुनसक्ने सम्भावित जोखिमहरु।

झ) **सञ्चालन इतिहासको अभाव :** यस कम्पनीसंग आबद्ध सञ्चालकहरुले विभिन्न आयोजनाहरु निर्माण सपन्न गरि विद्युत उत्पादन गरि सकेको अनुभव भएकोले संचालन इतिहासको अभावको जोखिम नरहेको।

ञ) **प्रविधिको परिवर्तनबाट हुने सक्ने जोखिम :** आयोजनासंग सम्बन्धित मेसिन तथा उपकरणहरुको प्रविधिक विवरण अनुसार सम्झौता भई उत्पादन समेत अन्तिम चरणमा रहेकोले सो को जोखिम नरहेको।

ट) **अन्य :**
- दैवि प्रकोप तथा काबु बाहिरको परिस्थिति उत्पन्न भइ आयोजनामा कुनै प्राकृतिक क्षति भएमा आयोजनाको लागत बढ्न सक्ने जोखिम रहेको।
- देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु।
- पूँजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु।

सम्भावित आर्थिक जोखिमहरुलाई न्यूनीकरण गर्न व्यवस्थापनले निम्न उपायहरु अवलम्बन गर्दै जानेछ।

कम्पनीले क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिमहरु न्यूनीकरण गर्नका लागि जनशक्ति तथा क्षमता विकासमा ध्यान पुर्‍याउनुको साथै अन्य व्यावसायिक जोखिमहरुबाट सिर्जना हुनसक्ने हानि- नोक्सानीको लागि व्यवस्थापन चनाखो भई सम्भावित हानि-नोक्सानी कम गर्न सक्षम र प्रतिवद्ध छ। त्यस्तै अन्य विभिन्न जोखिमहरु न्यूनीकरणका लागि प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली, समयानुसारको आधुनिक प्रविधि, स्पष्ट नीति तथा नियमहरुको निर्माण एवम् समयानुसार आफ्नो सेवा तथा सुविधाहरुमा परिवर्तन गर्दै लगिने कम्पनीको नीति रहेको व्योहरा जानकारी गराउँछौं। सम्भावित आर्थिक जोखिमहरुलाई न्यूनीकरण गर्न व्यवस्थापनले निम्न उपायहरु अवलम्बन गर्दै जानेछ। उर्जा विभिन्न श्रोतबाट प्राप्त गर्न सकिन्छ। जस्तैः सौर्य शक्ति, डिजेल, कोइला, जलश्रोत इत्यादी। यस मध्ये पानीबाट उत्पादन हुने जलविद्युत उत्पादन हुने जलविद्युत नविकरणीय उर्जा भएकोले जलविद्युत आयोजनाहरुले वातावरणमा नकारात्मक प्रभाव पार्दैन। नेपालमा उर्जा शक्तिको माग धेरै र आपूर्ति न्यून रहेको र नेपाल जलश्रोतको धनी देश भएकोले अन्य उर्जाको श्रोत भन्दा भरपर्दो श्रोत पानी हो। तसर्थ उर्जाका लागि जलविद्युतको आवश्यकता र महत्व कहिल्यै कम नहुने हुँदा जलविद्युतको लगानीमा न्यून जोखिम रहको व्यवस्थापनको धारणा रहेको छ। त्यसकारण उर्जाका अन्य श्रोतहरु भन्दा पानीबाट उत्पादन हुने जलविद्युतले वातावरणीय हानी नहुने र यसको लागत अन्य उर्जा भन्दा तुलनात्मक रुपमा कम रहने हुँदा अन्य श्रोतबाट उत्पादन हुने विद्युत भन्दा पानीबाट उत्पादन हुने जलविद्युत आयोजनाहरुमा जोखिम नरहेको धारणा व्यवस्थापनको रहेको छ। साथै उपरोक्त सम्भावित जोखिमहरुलाई न्यूनीकरण गर्न उपकरणहरुको ह्रास खर्चको व्यवस्थाको साथै केन्द्र र आयोजनाका आवश्यक संरचना, मेसिन, औजार र उपकरणहरुको जोखिमलाई न्यूनीकरण गर्न र आयोजना बन्द भएमा बन्द भएको अवधिको नोक्सान वापतको लागि निम्न बमोजिमको बीमा गरिएको छ। कम्पनीको संभावित नोक्सानी तथा अमि बीमा देहाय बमोजिमको इन्स्योरेन्स कम्पनीहरुमा निम्न रकम बराबरको बिमा गरिएको छ।

सि.नं.	बिमा गरिएको सम्पत्ति	बिमा कम्पनीको नाम	पोलिसि नं. :	बिमाङ्क रकम (रु.)	पोलिसि अवधि	प्रिमियम रकम (रु.)
१	Civil Surface and Underground Construction	एन.एल.जी इन्स्योरेन्स कम्पनी लि.	KTM/148G0000/CAR18/00200	२९,३५,०२,४९२.२९	२२/१२/२०२५ देखि २१/०६/२०२६	४०,९८,३०९.९७
२	Construction of Headrace Tunnel (HRT from Ch 1+200 to Ch 3+ 170) and Tunnel, Army Camp, Bunker and other Infrastructures added to package-2 from package3		KTM/148G0000/CAR18/00296	३४,३२,९१,२०७.११	२२/१२/२०२५ देखि २१/०६/२०२६	४३,६४,१०९.४७
३	Civil (Surface & underground) +Power House+Intake House and Head & Penstock Pipe, Anchor Block		KTM/010G0000/CAR20/0014	१,५७,५१,९७,९१२.५९	३१/०१/२०२५ देखि २१/०१/२०२६	१,२८,५६,५१०.२२

धितोपत्र मूल्य परिवर्तन सम्बन्धी जोखिम : प्रति शेयर अंकित मूल्य रु.१००।– दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुन सक्ने परिवर्तनको जोखिम रहेको छ।

१७. धितोपत्रको बाँडफाँट, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी विवरण :

(क) अत्याधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँटको प्रकृया :
यस विवरणपत्र मार्फत जारी गरिएको साधारण शेयर संख्याभन्दा बढी संख्यामा साधारण शेयर खरिदको लागि दरखास्त प्राप्त हुन आएमा नेपाल धितोपत्र बोर्डको प्रचलित "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" मा भएको व्यवस्था अनुसार साधारण शेयरहरु बाँडफाँट गरिनेछ र शेयर बाँडफाँट सम्बन्धी सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरिनेछ।
१. शेयर बाँडफाँट गर्दा सर्वप्रथम सबै आवेदकलाई दश कित्ताको दरले बाँडफाँट गरिनेछ।
२. बुँदा (१) बमोजिम बाँडफाँट गरे पश्चात् बाँकी रहेको निष्काशित शेयर बीस वा सो भन्दा बढी कित्ता आवेदन गर्ने आवेदकहरुलाई पुनः दश कित्ताको दरले बाँडफाँट गरिनेछ।
३. बुँदा (२) बमोजिम शेयर बाँडफाँटको प्रकृया सम्पन्न भए पश्चात् धितोपत्र बाँकी भएमा सोही प्रकृया अपनाई बाँडफाँट गरिनेछ।
४. उपरोक्तानुसार शेयर बाँडफाँट गर्दा १० कित्ताका दरले सबै आवेदकहरुलाई बाँडफाँट गर्न अपुग हुने अवस्थामा न्यूनतम १० कित्ता पाउने गरि गोला प्रथाबाट आवेदक छनौट गरि गरिनेछ।
५. आयोजना प्रभावित क्षेत्र अर्थात् लमजुङ्ग जिल्लाको मर्स्याङ्दी गाउँपालिका वडा नं. २ र ३ का स्थानीय बासिन्दाहरुका लागि कुल १५,५०,००० कित्ता शेयरको ४० प्रतिशत अर्थात ६,२०,००० कित्ता शेयर तथा अन्य वडाहरुका स्थानीय बासिन्दाहरुको लागि बाँकी ६० प्रतिशत अर्थात ९,३०,००० कित्ता शेयर निष्काशन गरि बाँडफाँट गर्दा प्रभावित वडालाई विभाजन गरिएको ४० प्रतिशत कुनै कारण कम संकलन भएमा सो बाँकि हिस्सा अन्य वडाहरुका स्थानीय बासिन्दाहरुले प्राप्त गर्ने ६० प्रतिशत शेयरमा सुरक्षित गर्ने र दुवै पक्षबाट संकलन हुन नसकेमा मात्र उक्त शेयर सर्वसाधारणमा समायोजन गरी बाँडफाँट गरिनेछ।
६. शेयर बाँडफाँट सफ्टवेयर तथा बाँडफाँट तालिकाका सम्बन्धमा बोर्डको सहमति लिईनेछ।
७. शेयर बाँडफाँटको जानकारी बाँडफाँट गरेको भोलिपल्ट सम्ममा बोर्ड, धितोपत्र बजार तथा सर्वसाधारणलाई जानकारी गराईनेछ। साथै, न्यून माग भएको अवस्थामा माग भए बमोजिमको शेयर आवेदकलाई बाँडफाँट गरी बाँडफाँट हुन बाँकी रहेको शेयर संगठित संस्था र प्रत्याभूतिकर्ताहरु बीच भएको प्रत्याभूति सम्बन्धी सम्झौतामा उल्लेख भए अनुसार प्रत्याभूतिकर्ताहरुलाई दामासाहीले बाँडफाँट गरिनेछ।

(ख) अत्याधिक माग भएको वा बाँडफाँट नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी व्यवस्था : यस निष्काशनमा धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ (आस्वा) ले गरेको व्यवस्था बमोजिम आवेदन माग गर्नुपर्ने भएकोले आवेदककै बैंक खातामा रकम रोक्का हुने व्यवस्था रहेकोले शेयर बिक्री बन्द भएको मितिले बोर्डले निर्धारित गरेको समयभित्र शेयर बाँडफाँट गरी पूर्ण वा आंशिक रुपमा स्वीकृत/अस्वीकृत भएको व्योहरा जनाई बैंक खातामा रकम फुकुवा गर्ने व्यवस्था गर्ने।

(ग) निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने ब्याजदर : यस निष्काशनमा धितोपत्र खरिद (सार्वजनिक निष्कासन) सम्बन्धी निर्देशिका, २०७३ (आस्वा) ले गरेको व्यवस्था बमोजिम आवेदन माग गर्नुपर्ने भएकोले सो व्यवस्था लागू हुने छैन। तर आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुको हकमा आस्वा मार्फत आवेदन फाराम बुझाउने व्यवस्था नरहेको हुँदा निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ ले निर्धारित गरेको समयभित्र शेयरको रकम फिर्ता भुक्तानी दिन नसकिएमा "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" को दफा २९ (३) भएको व्यवस्था बमोजिम शेयर बिक्री बन्द भएको मितिदेखि रकम फिर्ता भुक्तानी दिन शुरु गरेको अघिल्लो दिनसम्मको सरकारी ऋणपत्रको प्रचलित अन्तिम ब्याजदरको आधारमा हुन आउने ब्याज सहित हिसाब गरी रकम फिर्ता भुक्तानी गरिने व्यवस्था रहेको छ।

(घ) धितोपत्रको बाँडफाँट तथा प्रमाणपत्र जारी सम्बन्धी प्रकृया र समयावधी : निष्काशन गरिने साधारण शेयर प्रचलित धितोपत्र निष्काशनतथा बाँडफाँट निर्देशिका, २०७४ तथा प्रचलित शेयर बाँडफाँट सम्बन्धी व्यवस्था अनुसार साधारण शेयरको बाँडफाँट गरी सूचीकरण भए पश्चात् धितोपत्र केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७ को नियम २४(७) बमोजिम आयोजना प्रभावित स्थानीय बासिन्दाहरुको शेयर ३ (तीन) वर्षको Lock in period राखी सम्बन्धित शेयरधनीको हितग्राही खातामा अभौतिक रुपमा शेयर जम्मा गरिनेछ। सर्वसाधारणहरुको लागि निष्काशन गरिने साधारण शेयर प्रचलित धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ तथा प्रचलित शेयर बाँडफाँट सम्बन्धी व्यवस्था अनुसार साधारण शेयरको बाँडफाँट गरी सूचीकरण भए पश्चात् धितोपत्र केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७ को नियम २४ (७) बमोजिम सम्बन्धित शेयरधनीको हितग्राही खातामा अभौतिक रुपमा शेयर जम्मा गरिनेछ।

(ङ) धितोपत्र सूचीकरण भैसकेको भए त्यस्तो धितोपत्र सूचीकरण गरिएको धितोपत्र बजारको नाम धितोपत्र कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नुपर्ने शर्तहरु सम्बन्धी विवरण : सो नभएको।

(च) धितोपत्र सूचीकरण भैनसकेको भए, संगठित संस्थाले निष्काशन तथा बिक्री गरिने धितोपत्रहरु प्रचलित ऐन, नियम अनुसार सहज खरिद/बिक्री वा विनिमय हुन सक्ने गराउनको लागि गरिने व्यवस्था सम्बन्धी विवरण : निष्काशन गरिने साधारण शेयरको बाँडफाँट पश्चात् धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार निर्धारित अवधिभित्र सर्वसाधारणलाई सार्वजनिक निष्काशन गरिने धितोपत्र तथा आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुलाई निष्काशन गरिएको साधारण शेयर सूचीकरण गराई शेयर खरिदबिक्रीको व्यवस्था मिलाइने छ।

१८. आवेदन दिंदा पालन गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्म दर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहक परिचयपत्र र सम्बन्धित व्यवसायीको नाम खुलाउनुपर्ने र बैंक खाता मार्फत कारोवार गरिनुपर्ने जस्ता पक्षहरु:

(स्थानीय बासिन्दाहरुको हकमा :
लमजुङ्ग जिल्लाको मर्स्याङ्दी गाउँपालिका स्थित माथिल्लो खुदी जलविद्युत आयोजनाका प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुले यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयर निम्न बमोजिम प्रकृया पुरा भएको अवस्थामा शेयर खरिद गर्न आवेदन दिन सक्नेछन् :
१. आवेदकले दरखास्त फाराममा तोकिए बमोजिम सम्पूर्ण विवरण भरी अनिवार्य रुपले हालसालै खिचेको फोटो सहित आफैले दस्तखत गरी आयोजना प्रभावित क्षेत्रका बासिन्दा प्रमाणित गर्ने स्थानिय निकायबाट जारी कागजात सहित दरखास्त फाराम बुझाउनु पर्नेछ।
२. १६ वर्ष उमेर पुगेको हकमा आवेदकले आफ्नो नागरिकता प्रमाणपत्रको प्रतिलिपि स्वयंले प्रमाणित गरी अनिवार्य रुपमा दरखास्त फाराम बुझाउँदा पेश गर्नुपर्नेछ।
३. १६ वर्षभन्दा कम उमेरका लागि आमा/बाबुले संरक्षक भई आवेदन दिनु परेमा नेपाल सरकारको पञ्जिकाधिकारीको कार्यालयबाट प्राप्त नाबालकको जन्मदर्ता प्रमाण-पत्रको प्रतिलिपि संरक्षकद्वारा अनिवार्य रुपमा प्रमाणित गरी आवेदनसाथ पेश गर्नुपर्नेछ। साथै दरखास्त फाराममा संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि समेत संरक्षक स्वयंले प्रमाणित गरी संलग्न गर्नु पर्नेछ।
४. विवाह भै आएका महिलाका हकमा विवाहदर्ता प्रमाणपत्रको प्रतिलिपि समेत संलग्न गरेको हुनु पर्नेछ।
५. बँसाईसराई गरि आएको हकमा आव्हानपत्र प्रकाशित हुनु भन्दा अघिल्लो दिनसम्म बँसाई सराई गरी आएको प्रमाणपत्रको प्रतिलिपी समेत संलग्न गरेको हुनुपर्नेछ।
६. माथि उल्लेखित हुन छुटेका विवरण प्रक्रियामा विवाद आएमा सम्बन्धित कार्यालयको सर्वदलिय संयन्त्रको निर्णय वा गाँउपालिकाको सर्वदलिय संयन्त्रको निर्णय सहितको सिफारिस पत्र पेश गर्नुपर्नेछ।
७. १६ वर्ष उमेर पुगी नागरिकता लिएको तर विवाह गरी लमजुङ्ग जिल्ला छोडि अन्य जिल्ला गएका महिला एवं जिल्ला छोडि बँसाई सराई गरी गएका व्यक्ति र परिवारहरुमा उल्लेखित सुरक्षित शेयर लिने अधिकार रहने छैन।
८. आमा बाबु बाहेक अन्य व्यक्ति संरक्षक भै नाबालक वा विक्षिप्त व्यक्तिको नाममा दरखास्त दिंदा कानुन बमोजिम संरक्षकत्वको प्रमाण पेश गर्नुपर्नेछ।
९. धितोपत्र खरिद गर्नका लागि दरखास्त दिन चाहनेले तोकिएको संकलन केन्द्रमा शेयर खरिदको लागि दरखास्त बुझाउनु पर्नेछ।
१०. आवेदन फाराम बुझाउँदा दरखास्त फाराममा न्यूनतम रुपमा खुल्नुपर्ने भनी तोकिएका विवरणहरु सबै स्पष्ट रुपमा भरेको दरखास्त फाराम बुझाउनु पर्नेछ।
११. एक व्यक्तिले आफुले लिन चाहेको सम्पूर्ण शेयरको लागि एकवटा मात्र आवेदन पेश गरेको हुनु पर्नेछ। यदि एकै व्यक्तिले एक भन्दा बढी आवेदन दिएको भेटिएमा निजले दिएको सबै आवेदनहरुलाई रद्द गरिनेछ।
१२. आयोजना प्रभावित क्षेत्रका बासिन्दाबाट आवेदन माग गर्दा बँसाई सराई वा अन्य कारणले बँसाई सरेकाहरुले आवेदन दिन पाउने छैनन्।
१३. साधारण शेयर खरिद गर्नका लागि दरखास्त दिने व्यक्ति स्वयंले दरखास्त फाराममा दस्तखत गरी तोकिएको संकलन केन्द्रहरुमा साधारण शेयर खरिदका लागि दरखास्त बुझाउनु पर्नेछ। यसरी दरखास्त फाराममा दस्तखत नगरेको र तोकिएका संकलन केन्द्रहरु बाहेक अन्य स्थानहरुमा दरखास्त फाराम बुझाएको दरखास्त फारामलाई रद्द गरिनेछ।
१४. आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुले शेयर खरिद गरेमा सर्वसाधारणका लागि सार्वजनिक निष्काशन गरिने साधारण शेयरको लागि पुनः आवेदन दिन पाउने छैनन्।
१५. सम्पूर्ण दरखास्तवालाहरु (नाबालकहरु समेत) ले अनिवार्य रुपमा आफ्नो खाता रहेको बैंक वा वित्तीय संस्थाको नाम, ठेगाना र खाता नम्बर समेत स्पष्ट रुपमा दरखास्त फाराममा खुलाउनु पर्नेछ। दरखास्तवालाले दरखास्त फाराममा आफ्नो खाता नम्बर उल्लेख गर्दा Clearing House को सदस्य भएको बैंक वा वित्तीय संस्थामा भएको खाता नम्बर उल्लेख गर्नु पर्नेछ।
१६. रु.५०,०००।- भन्दा बढी लगानी गर्ने दरखास्तवालाले दरखास्त दिंदा अनिवार्य रुपमा एकाउन्टपेयी चेक मार्फत रकम जम्मा गर्नु पर्नेछ।
१७. रु.५ लाख सम्मको रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले स्वेच्छिक रुपमा र रु.५ लाख भन्दा बढी रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले अनिवार्य रुपमा प्यान (PAN) नम्बर दरखास्त फाराममा खुलाउनु पर्नेछ।
१८. दरखास्तवालाले एकाघर परिवार बाहेक एक भन्दा बढी दरखास्त फाराम समावेश गरी आवेदन दिएको अवस्थामा प्रत्येक दरखास्तवालाले आफ्नै खाताको एकाउण्ट पेयी चेक बुझाउनु पर्नेछ।
१९. दरखास्त फाराममा अनिवार्य रुपमा हितग्राही खाता नं. उल्लेख गर्नुपर्नेछ।

वैदेशिक रोजगारीमा रहेका नेपालीहरुको हकमा :
१. नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति लिई विदेशमा रही रोजगारी गरिरहेका नेपालीहरुले यस विवरणपत्र अनुसार आवेदन गर्न पाउनेछन्।
२. यस विवरणपत्र अनुसार धितोपत्र खरिद गर्न चाहने नेपालीहरुले शेयरमा आवेदन दिंदा नेपाल धितोपत्र बोर्डबाट दरखास्त संकलन सम्बन्धि कार्य गर्न अनमति प्राप्त आस्वा सदस्य बैंक वा वित्तीय संस्थामा रहको विप्रेषण (रेमिट्यान्स) बचत खाता मार्फत मात्र भुक्तानी गर्नुपर्नेछ।
३. शेयरमा आवेदन गर्न विप्रेषण (रेमिट्यान्स) बचत खातामा पछिल्लो छ महिनामा कम्तीमा ५० हजार नेपाली रुपैयाँ सम्बन्धित आवेदकले आफ्नो रोजगार रहेको मुलुकबाट जम्मा गरेको हुनुपर्नेछ।
४. नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा रहेका नेपालीहरुले यसरी आवेदन गर्नका लागि डिम्याट अनिवार्य रहेकाले सम्बन्धित निक्षेप सदस्यहरुबाट प्रदान गरिने अनलाईन पोर्टलहरुबाट पनि डिम्याट खाता खोल्न सकिनेछन्।
५. निष्काशित शेयरमा आवेदन दिएका विदेशमा बसी रोजगार गरिरहेका नेपाली नागरिकले सर्वसाधारणलाई छुट्याइएको शेयरमा आवेदन गर्न सक्नेछैनन्।
६. आयोजना प्रभावित क्षेत्रका बासिन्दाका लागि निष्काशन गरिएको शेयरमा बाँडफाँटमा परेका शेयरधनीहरुले यस निष्काशनमा आवेदन दिन पाउने छैनन् र यदि आवेदन गरेको पाइएमा सो आवेदन स्वतः अयोग्य ठहरिनेछ।
७. आस्वा (ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाले ASBA अन्तर्गत लिने आवेदनको ढाँचा धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रिकृत विद्युतीय सेवा सम्बन्धी कार्य सञ्चालन निर्देशिका, २०७४ को अनुसूची ५ बमोजिम हुनुपर्नेछ।
८. सिडिएस एण्ड क्लियरिङ लिमिटेडबाट उपलब्ध गराईएको "मेरोशेयर" सफ्टवेयरबाट पनि आवेदकले आवेदन गर्न सक्नेछन्। त्यसका लागि आवेदकले आफ्नो हितग्राही खातामा बैंक खाताको विवरण उल्लेख गरिसकेको हुनुपर्नेछ र सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट CRN नं. लिईसकेको हुनुपर्नेछ।
९. रितपूर्वक प्राप्त नभएको दरखास्त तथा आवेदन फाराममा उल्लेख भएको हितग्राही खाता नं. र आवेदकको नाम सिडिएससीको अभिलेखमा फरक परेको पाईएमा सो फारामलाई शेयर बाँडफाँटमा समावेश नगरिने हुंदा आवेदन फाराममा भरेको हितग्राही खाता नं. आवेदक स्वयंले एकिन गर्नुपर्नेछ।
१०. आवेदकले आवेदन फारम बुझाउँदा देहायका कुराहरुमा विशेष ध्यान दिई स्पष्टसंग आवेदन फारम भरी बुझाउनु पर्नेछः
क. धितोपत्र निष्काशनकर्ता कम्पनीको नाम।
ख. आवेदकको नाम, थर, ठेगाना, नागरिकता नं., दस्तखत, सम्पर्क फोन नं., इमेल ठेगाना।
ग. खरिद गर्न चाहेको धितोपत्रको संख्या - अंक र अक्षरमा।
घ. खरिद गर्न चाहेको धितोपत्र वापतको रकम - अंक र अक्षरमा।
ङ. आवेदकको खाता रहेको बैंकको नाम, ठेगाना, खाता नं. र खाताको किसिम।
च. आवेदकको हितग्राही - डिम्याट खाता नम्बर।
११. आवेदकहरुले आवेदन दिंदा सि-आस्वा सदस्य बैंकहरुमा रहेको आवेदन वापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्क्रिय (Dormant) रहेको हुनु हुँदैन।
१२. आवेदन दिएको रकम बराबरको रकम खातामा हुनुपर्नेछ।
१३. एक व्यक्तिले आफुले खरिद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढी दरखास्त दिन पाइनेछैन। यदि एक व्यक्तिको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पूर्ण दरखास्तलाई रद्द गरिनेछ।
१४. धितोपत्र खरिदको लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिईसकेपछि खरिद गरेको धितोपत्र वापतको रकम भुक्तानी नहुँदै प्रचलित कानुन बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा बिक्री प्रबन्धकले त्यस्तो दरखास्त फारामलाई आदेश बमोजिम गर्नेछ।
१५. धितोपत्र बाँडफाँट गर्नुपूर्व अख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्बन्धित बैंक वा वित्तीय संस्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरुन्त निष्काशन तथा बिक्री प्रबन्धकलाई दिनुपर्नेछ।
१६. शेयरको बाँडफाँट गरी सूचिकरण भए पश्चात बाँडफाँटमा परेका आवेदकहरुलाई बाँडफाँट मा परेको शेयर निजहरुको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरिने भएकोले सम्पूर्ण आवेदकहरुले अनिवार्य रुपमा आफ्नो हितग्राही खाता नं. आवेदन फाराममा उल्लेख गर्नु पर्नेछ।
१७. रु. ५,००,०००।- सम्मको लागि आवेदन दिने आवेदकले स्वेच्छिक रुपमा र सोभन्दा बढी रकमको लागि आवेदन दिने आवेदकले अनिवार्य रुपमा आवेदनमा आफ्नो स्थायी लेखा नम्बर (PAN) खुलाउनुपर्नेछ। यस अतिरिक्त रु. ५,००,०००।- वा सो भन्दा बढी रकम आवेदन दिने आवेदकहरुले आफूले आवेदन दिंदा जम्मा गरेको रकम सम्पत्ति शुद्धीकरण ऐनको बर्खिलाप हुनेगरी आर्जन नगरेको भनी उद्घोषण गर्नुपर्नेछ।
१८. वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि यस विवरणपत्र मार्फत निष्काशन गरिने शेयरका लागि न्यूनतम १० कित्ता र अधिकतम १,००,००० कित्ता सम्मका लागि आवेदन दिन सकिनेछन्।

१९. नियमावली, प्रबन्धपत्र प्राप्त गर्ने वा हेर्न सक्ने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणाङ्कमा लिन सक्ने हो सो सम्बन्धी विवरण :
१. यस कम्पनीको प्रबन्धपत्र तथा नियमावली कार्यालय समयभित्र कम्पनीको रजिष्टर्ड कार्यालय, काठमाडौं जिल्ला, डिल्लीबजार, काठमाडौं वा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक ग्लोबल आइएमई क्यापिटल लिमिटेड, नक्साल काठमाण्डौंमा सम्पर्क राखि हेर्न वा प्राप्त गर्न सकिनेछ।
२. यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयर खरिदका लागि दरखास्त दिंदा दरखास्तवालाले दरखास्त फारामसाथ आफुले खरिद गर्न चाहेको साधारण शेयर संख्याको प्रति साधारण शेयर रु.१००।–का दरले हुन आउने एकमुष्ट रकम यस निष्काशनको लागि तोकिएको संकलन केन्द्रहरुमा जम्मा गरी सो को सक्कल भौचर वा बैंक ड्राफ्ट संलग्न गरी दरखास्त दिनु पर्नेछ।
३. यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरको लागि दरखास्त दिंदा दरखास्तवालाले कम्तीमा १० (दश) कित्ता साधारण शेयरको लागि दरखास्त दिनु पर्नेछ। यदि कुनै दरखास्तवालाले १० कित्ताभन्दा बढी शेयरको लागि दरखास्त दिन चाहेमा १० अंकको गुणाङ्कमा अधिकतम १,००,००० कित्ता साधारण शेयर खरिद गर्नका लागि दरखास्त दिन सक्नेछन्।

२०. विवरणपत्र पाइने तथा दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने स्थानहरु

क्र.सं.	विवरणपत्र हेर्न र प्राप्त गर्न सकिने स्थान	वेभसाइट
१.	निष्काशनकर्ता कम्पनी : सुपर खुदी हाइड्रोपावर लिमिटेडको रजिष्टर्ड कार्यालय का.म.न.पा.३०, काठमाडौं।	www.superkhudi.com.np
२.	निष्काशन तथा बिक्री प्रबन्धक : श्री ग्लोबल आइएमई क्यापिटल लि., नक्साल, काठमाण्डौं।	www.globalimecapital.com

साथै, श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुरको वेबसाइट www.sebon.gov.np (नेपाल धितोपत्र बोर्डबाट विवरणपत्र स्विकृत भएपश्चात सर्वसाधारणका लागि धितोपत्र निष्काशन तथा बिक्री खुल्ला गर्नु अगाडि विवरणपत्र नेपाल धितोपत्र बोर्डको वेवसाईटमा हेर्न मिल्ने)

वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने स्थान :
नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त गरी सि–आस्वा (C-ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालयहरु।

आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुको लागि दरखास्त फाराम प्राप्त गर्ने र दरखास्त बुझाउने स्थानहरु :

सि.नं.	संकलन केन्द्रको नाम	ठेगाना	सि.नं.	संकलन केन्द्रको नाम	ठेगाना
१.	श्री प्रभु बैंक लि.	बेसीशहर, लमजुङ्ग	४.	श्री प्राइम कमर्सियल बैंक लि.	बेसीशहर, लमजुङ्ग
२.	श्री ग्लोबल आइएमई बैंक लि.	बेसीशहर, लमजुङ्ग	५.	श्री हिमालयन बैंक लि.	भुलभुले, लमजुङ्ग
३.	श्री कृषि विकास बैंक लि.	बेसीशहर, लमजुङ्ग			

आवश्यकता अनुसार नेपाल धितोपत्र बोर्डबाट स्वीकृति लिएर अन्य संकलन केन्द्रहरु थप गर्न सकिनेछ। दरखास्त फाराम प्राप्त गर्नका लागि रु.२।- (दुई रुपैया) प्रति दरखास्त शुल्क बुझाउनु पर्नेछ।
नोट : आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाको हकमा आस्वामार्फत आवेदन फाराम बुझाउने व्यवस्था नरहेको।


२१. धितोपत्र बिक्री खुल्ला अवधि :
यस विवरणपत्र मार्फत आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरु तथा वैदेशिक रोजगारीमा रहेका नेपालीहरुलाई एक साथ आवेदन खुल्ला गरिनेछ जसमध्ये आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुको लागि निष्काशन गरिने शेयरहरुको लागि आवेदन दिने अवधि निष्काशन तथा बिक्री खुल्ला भएको मितिबाट कम्तीमा १५ दिन र बढीमा ३० दिनसम्म हुनेछ भने वैदेशिक रोजगारीमा रहेका नेपालीहरुको लागि आवेदन दिने अवधि निष्काशन तथा बिक्री खुल्ला भएको मितिबाट कम्तिमा चार (४) कार्य दिन तथा सो अवधिभित्र निष्काशन गरिएको सबै धितोपत्र बिक्री नभएमा बिक्री खुल्ला भएको मितिले १५ दिनसम्म कायम हुनेछ। आयोजना प्रभावित क्षेत्रका स्थानिय बासिन्दाहरु तथा वैदेशिक रोजगारीमा रहेका नेपालीहरुलाई शेयर बाँडफाँट पश्चात् सर्वसाधारणको लागि शेयर निष्काशन खुल्ला गरिनेछ।

२२. निष्काशन बैंक (Bankers to the Issue):
यस निष्काशनको लागि देहायका बैंकलाई निष्काशन बैंक (Banker to the Issue) को रुपमा नियुक्त गरिएको छ।

सि.नं.	निष्काशन बैंकको नाम, ठेगाना	खातावालाको नाम	खाता नं.
१	ग्लोबल आइएमई बैक लि.,नक्साल, काठमाडौं	GICL-BTI SUPER KHUDI HYDROPOWER IPO	००१०१०१००८१८६५

साथै, आवश्यकता अनुसार ३ दिन अगाडि बोर्डलाई जानकारी दिई अन्य बैंकहरुलाई समेत यस शेयर निष्काशनको लागि निष्काशन बैंकको रुपमा नियुक्त गर्न सकिनेछ।

२३. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया
निष्काशित धितोपत्र सम्बन्धी लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न तथा सो को समाधानका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालयमा एक विशेष कक्षको व्यवस्था गरिएको छ। लगानीकर्ताहरुले देहायको माध्यम मार्फत आफ्नो गुनासो तथा सुझावहरु प्रेषित गर्न सक्नुहुनेछ :
निष्काशनकर्ता कम्पनीको तर्फबाट : श्री नवराज निरौला, सम्पर्क नं.: ०१-४५२४६५५ तथा इमेलः info@superkhudi.com.np
निष्काशन तथा बिक्री प्रबन्धकको तर्फबाट : श्री नलिना श्रेष्ठ, सम्पर्क नं.: ०१- ५९७०१३८ तथा इमेलः info@gicl.com.np


दरखास्त फारामको नमूना
सुपर खुदी हाइड्रोपावर लिमिटेड
Super Khudi Hydropower Limited
साधारण शेयर खरीद दरखास्त फाराम
श्री सञ्चालक समिति,
सुपर खुदी हाइड्रोपावर लिमिटेड
का.म.न.पा.-३०, चारखाल, डिल्लीबजार, काठमाडौं, नेपाल
हितग्राही खाता नं. DP ID Client ID
Sources of Fund (For Rs. 0.5) million and above as per Directive issue by SEBON
Business / Sale of Assets / Loan / Other, Please Specify
Mr./Mrs./Miss/Minor USE CAPITAL LETTER
Permanent Address: Province Gandaki, District Lamjung, Rural Municipality Marsyangdi Rural Municipality, Ward No.
Mobile / Tel / PAN No. / Email
Father's Name / Grandfather's Name / Husband/ Wife's Name / Guardian's Name (In case of Minor)
Applicant's Signature
यो रसिद हराई अर्काले भुक्तानी लिई गएमा सो को जिम्मेवार निवेदक स्वयं हुनेछ।
रसिद
दरखास्तवालाले भर्नुपर्ने
Applicant's Name :
Company's Name : SUPER KHUDI HYDROPOWER LIMITED
No. of Share Applied / Call Money per share Rs. 100/- / Amount Deposited (Rs.)
Amount in words:
For Official use Only:
Received by: / Name: / Signature: / Date: 2082/ / Stamp
Code No.: / DP ID / Client ID

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक:

Global IME Capital Limited
ग्लोबल आइएमई क्यापिटल लि.
GROW WITH US

ग्लोबल आइएमई क्यापिटल लिमिटेड
वडा नं. १, लक्ष्मण बाबु भवन, नक्साल, काठमाडौं।
फोन: ९७७-०१-५९७०१३८ फ्याक्स नं.: ९७७-०१-४५४५७०२
Email: info@gicl.com.np; Web: www.globalimecapital.com

का.नि.इ.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.इ.न. १७/०६९/७७०

■ नवौं राष्ट्रिय भलिबल च्याम्पियनसिप

रुकुम पश्चिम र न्यु डायमन्डको सानदार सुरुवात

रुकुम पश्चिम ट्रेनिङ सेन्टरले बुढानीलकण्ठ भलिबल क्लबविरुद्ध जित निकाल्दा पाकिस्तानका ओपन हिटर अहमद मुस्ताफुले सर्वाधिक २१ तथा माजर अलीले १८ अंक जोडे



तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

नयाँ पत्रिका

कर्णाली प्रदेशको रुकुम पश्चिम ट्रेनिङ सेन्टर, काठमाडौंको न्यु डायमन्ड युथ स्पोर्टस् क्लब तथा विभागीय टोली सशस्त्र प्रहरी बलको एपिएफ क्लब र त्रिभुवन आर्मी क्लबले एनभिए महिला तथा पुरुष क्लब च्याम्पियनसिपमा विजयी सुरुवात गरेको छ। शनिबार भएको खेलमा रुकुम पश्चिम र आर्मीले पुरुषतर्फ तथा न्यु डायमन्ड र एपिएफले महिलातर्फ जित जित निकाल्दै तीन अंक हासिल गरेका हुन्।

दिनको पहिलो खेलमा न्यु डायमन्डले चुली युवा क्लबलाई ३-० को सोझो सेटमा हरायो। लिबेरो सलिना श्रेष्ठको कप्तानीमा रहेको न्यु डायमन्डले खेल २५-१०, २५-५ तथा २५-१५ ले खेल जित्यो। न्यु डायमन्डका लागि ओपन हिटर जेनिशा विश्वकर्माले, सुनिता खत्रीले, निशा महत र सलिना बुढामगरले समान ११ अंक जोडेका थिए। सुमित्रा रेग्मीले १० अंक थपिन्। यो जितसँगै न्यु डायमन्डले प्रतिभा मालीविनै समूह 'ए'मा तीन अंक जोडेको छ। अब, उसले दोस्रो खेलमा सोमबार त्रिभुवन आर्मीसँग खेल्नेछ। आर्मीले पहिलो खेलमा एभरेस्ट भलिबल क्लबलाई ३-० कै सेटमा हराउँदै तीन अंक जोडेको थियो।

यता, महिलातर्फकै अर्को खेलमा एपिएफले मधेश प्रदेश खेलकुद परिषद्लाई ३-० ले नै हरायो। नेबिका चौधरीको कप्तानीमा रहेको एपिएफले सहज जित निकाल्ने क्रममा २५-४, २५-५ र २५-४ को जित निकालेको हो। एपिएफले ७५ अंक जोड्दा मधेशले जम्मा १३ अंक जोडेको थियो। एपिएफलाई जिताउन निरुता ठगुन्नाले सर्वाधिक १३ अंक जोडिन्। त्यसपछि पूजा थारूले ९, सृष्टि खड्गीले ६ अंक जोडेका थिए।

समूह 'बी'मा तीन अंक जोडेको एपिएफले अर्को खेलमा मंगलबार नेपाल पुलिस क्लबसँग प्रतिस्पर्धा गर्नेछ। दुई समूहका शीर्ष दुई टोली सीधै सेमिफाइनलमा प्रवेश गर्नेछ। प्रतियोगिताको महिलातर्फ ८ टिम सहभागी छन्। जसबाट ६ टिम प्रधानमन्त्री एनभिए लिगका लागि छनोट हुनेछन्।

कोशीविरुद्ध आर्मीको संघर्ष

पुरुषतर्फको पहिलो खेलमा आर्मीले कोशी प्रदेश भलिबल संघलाई ३-० को सोझो सेटमा जित निकाल्यो। तर, सोझो सेटमा जित निकाल्न विभागीय टोलीलाई निकै संघर्ष गर्नुपऱ्यो। तीन सेटमा आर्मीले ७९ अंक जोड्दा कोशीले पनि ७३ अंक जोडेको थियो। संघर्षपूर्ण जित निकाल्ने क्रममा आर्मीले पहिलो सेट २५-२३ दोस्रो २७-२५ तथा तेस्रो सेट पनि २७-२५ ले जित्दै तीन अंक जोड्यो। धनबहादुर भट्टको कप्तानीमा रहेको आर्मीलाई सुनिल बोहराले सर्वाधिक २१ अंक जोडेका थिए। धनले नै १४ तथा शरण सामरी क्षेत्रीले १३ अंक जोडेका हुन्। त्यस्तै, कोशीको लागि कप्तान विष्णु बस्नेत र रोमन बस्नेतले समान १३ अंकको योगदान गरे। जितपछि समूह 'डी' मा आर्मीले तीन अंक जोडेको छ। आर्मीले दोस्रो खेलमा कीर्तिपुरसँग खेल्नेछ।

पुरुषतर्फको दोस्रो तथा दिनको अन्तिम खेलमा रुकुम पश्चिमले बुढानीलकण्ठ भलिबल क्लबलाई ३-० कै सेटमा पराजित गऱ्यो। तीन पाकिस्तानी खेलाडीको साथ पाएको रुकुम पश्चिम पहिलो खेलमै स्मरणीय प्रदर्शन गर्न सफल भयो। टोली २५-१९, २५-२१ तथा २५-२१ ले नै विजयी भयो। पश्चिम रुकुमले ७५ अंक जोड्दा बुढानीलकण्ठले पनि ६१ अंक जोडेको थियो। टोलीलाई जिताउन पाकिस्तानका ओपन हिटर अहमद मुस्ताफुले सर्वाधिक २१ अंक जोडेका थिए। अर्का पाकिस्तानी खेलाडी माजर अलीले १८ अंक जोडेका हुन्। वालिद खानले ४ अंक हात पारे। यता, बुढालीकण्ठका सुरेश मल्ले १२ अंक जोड्दा धिरोजकाजी बस्नेतले मात्र ६ अंक जोडे।

आजका खेल

महिला

त्रिभुवन आर्मी-चुली युवा क्लब (बिहान १० बजे)
सुदूरपश्चिम-एपिएफ (बिहान १२ बजे)

पुरुष

हेल्प नेपाल-मणिमुकुन्द क्लब (दिउँसो २ बजे)
नेपाल पुलिस-खिल्जी युवा क्लब (दिउँसो ४ बजे)

सूर्य नेपाल गल्फ टुरमा आठ प्रतियोगिता

नयाँ पत्रिका



नेपाल प्रोफेसनल गल्फर्स संघ (एनपिजिए)ले आयोजना गर्ने सूर्य नेपाल गल्फ टुर २०२५-२६ को नयाँ सिजन सोमबारबाट सुरु हुँदै छ। यो सिजन पनि कुल आठ प्रतियोगिता हुनेछन्। आठ प्रतियोगिताका लागि कुल नगद पुरस्कार राशि ८० लाख १० हजार रहने एनपिजिएका महासचिव दीपक आचार्यले जानकारी दिए। गत सिजनमा कुल नगद पुरस्कार राशि ६७ लाख ३२ हजार रहेको थियो। यो सिजनमा कुल १२ लाख ७८ हजार वृद्धि भएको छ।

नयाँ सिजनको सुरूवात सूर्य नेपाल सेन्ट्रल ओपनबाट हुनेछ। सेन्ट्रल ओपन यही सोमबारदेखि गोकर्ण गल्फ क्लबमा हुनेछ। चारदिने प्रतियोगितामा नेपालका शीर्ष व्यावसायिक तथा एमेच्योर गल्फरहरूले प्रतिस्पर्धा गर्नेछन्। ७२ होलको प्रतिस्पर्धामा दोस्रो दिन अर्थात् ३६ होलको खेलपछि कट हुनेछ। ३६ होलको समाप्तिमा शीर्ष १८ प्रोफेसनल र एमेच्योर खेलाडीले कट बनाउनेछन्। उनीहरूबिच अन्तिम दुई दिन उपाधिका लागि प्रतिस्पर्धा हुनेछ।

यस प्रतियोगिताको कुल पुरस्कार राशि १० लाख ५० हजार रुपैयाँ रहेको छ। उपाधि विजेताले १ लाख ७० हजार रुपैयाँ प्राप्त गर्नेछ। उपविजेताले १ लाख २५ हजार रुपैयाँ, तेस्रो हुनेले १ लाख रुपैयाँ, चौथोले ८२ हजार रुपैयाँ र पाँचौं हुने खेलाडीले ७२ हजार रुपैयाँ नगद पुरस्कार प्राप्त गर्नेछन्। कट बनाउने शीर्ष १८ खेलाडीले नगद हात पार्नेछन्।

यो सिजनका नम्बर एक गल्फर नीरज तामाङ, डिफेन्डिङ च्याम्पियन एमेच्योर गल्फर राहुल विश्वकर्मा तथा अनुभवी भुवन नगरकोटी, तोरणविक्रम शाही, दिनेश प्रजापति, सञ्जय लामा र रवि खड्का प्रमुख दाबेदारका रूपमा रहनेछन्। सन २००८-०९ मा सुरु भएको सूर्य नेपाल गल्फ टुरको यो १९औं संस्करण हो। सूर्य नेपाल गल्फ टुर २०२५-२६ अन्तर्गत आठ प्रतियोगिता विभिन्न पाँच गल्फ कोर्समा सञ्चालन हुनेछन्।

यस्ता छन् आठ प्रतियोगिता

सूर्य नेपाल सेन्ट्रल ओपन सिजनको पहिलो प्रतियोगिता हो। यो प्रतियोगिता २०२५ को डिसेम्बर २ ९ देखि जनवरी १ सम्म गोकर्ण फरेस्ट रिसोर्टमा हुनेछ। यो प्रतियोगिताको कुल नगद पुरस्कार राशि १० लाख ५० हजार रहनेछ। सिजनको दोस्रो प्रतियोगिता सूर्य नेपाल इस्टर्न ओपन धरानको धरान गल्फ क्लबमा सन् २०२६ को जनवरी १४ देखि १७ सम्म हुनेछ। यो प्रतियोगिताको कुल नगद पुरस्कार राशि १० लाख ५० हजार रहनेछ।

सिजनको तेस्रो प्रतियोगिता सूर्य नेपाल एनपिजिए टुर च्याम्पियनसिप नवनिर्मित आर्मी गल्फ कोर्स, बर्दीबासमा हुने भएको छ। यो कोर्समा टुरको कुनै पनि प्रतियोगिता हुन लागेको यो पहिलोपटक हो। यो प्रतियोगिताको कुल नगद पुरस्कार राशि १० लाख ५० हजार रहनेछ। प्रतियोगिता जनवरी २७ देखि २९ सम्म हुने तय भएको छ।

सिजनको चौथो प्रतियोगिता सूर्य नेपाल काठमाडौं ओपन रोयल नेपाल गल्फ क्लबमा फेब्रुअरी १० देखि १३ सम्म हुनेछ। यो प्रतियोगिताको कुल नगद पुरस्कार आठ लाख ७५ हजार रहेको छ। सिजनको पाँचौं प्रतियोगिता सूर्य नेपाल वेस्टर्न ओपन पोखराको हिमालयन गल्फ क्लबमा हुनेछ। मार्चको ४ देखि ७ सम्म हुने यो प्रतियोगिताको कुल नगद पुरस्कार राशि १० लाख ५० हजार रहनेछ।

सिजनको छैटौं प्रतियोगिता सूर्य नेपाल एनपिजिए म्याच प्ले रोयल नेपाल गल्फ क्लबमा हुनेछ। नकआउटको आधारमा हुने यो प्रतियोगिता अन्य सात प्रतियोगिताभन्दा फरक हुनेछ। जहाँ अर्डर अफ मेरिटको उत्कृष्ट १६ जना खेलाडीले मात्र यो प्रतियोगिता खेल्न पाउनेछन्। कुल नगद पुरस्कार चार लाख २५ हजार रहनेछ।

प्रतियोगिता अप्रिल ७ देखि ९ सम्म हुनेछ। सिजनको सातौं प्रतियोगिता सूर्य नेपाल च्यालेन्ज रोयल नेपाल गल्फ क्लबमा हुनेछ। मे ५ देखि ८ सम्म हुने प्रतियोगिताको कुल पुरस्कार राशि ७ लाख १० हजार रहनेछ। सिजनको अन्तिम तथा आठौं प्रतियोगिता सूर्य नेपाल प्रिमियर गल्फ च्याम्पियनसिप गोकर्ण फरेस्ट गल्फ रिसोर्टमा जुन २ देखि ६ सम्म हुने तालिका रहेको छ। यो सिजनको सर्वाधिक नगद पुरस्कार राशि रहेको प्रतियोगिता हो। जसको कुल पुरस्कार राशि १८ लाख रहनेछ।



रग्बीको वार्षिक बजेट एक करोडभन्दा माथि

काठमाडौं/ नेपाल रग्बी संघको १३औं वार्षिक साधारणसभाबाट १ करोड ३५ लाख रुपैयाँको बजेट पास भएको छ। शनिबार आयोजित साधारणसभामा संघका कोषाध्यक्ष दीपक अधिकारीले प्रस्तुत गरेको वार्षिक प्रतिवेदन सर्वसम्मतिले पारित गरेको हो। सभामा अधिकारीले अर्को वर्षका लागि कुल १ करोड ७ लाखको अनुमानित बजेट पेस गरेका थिए।

सात प्रदेश, ५८ जिल्ला र सातवटा राष्ट्रिय क्लबमध्ये अधिकांशको सहभागिता रहेको साधारणसभामा संघका अध्यक्ष दीपक देवकोटाले संघको दायरा बढाउँदै विदेशमा पनि शाखा खोल्ने प्रस्ताव पेस गरेका थिए। जसलाई साधारण सभाले सर्वसम्मत रूपमा पारित गऱ्यो। यस्तै, संघका महासचिव गोविन्द घिमिरेले यस वर्षको कार्य प्रगति विवरण र आगामी वर्षको संघको योजना प्रस्तुत गरेका थिए। यस वर्ष रग्बीले बंगलादेशमा सम्पन्न रग्बी सिरिज जितेर इतिहास रचेको थियो भने दशरथ रंगशालामा १७ देशको सहभागितामा पुरुष तथा महिला एसिया रग्बीको आयोजना गरेको थियो। उक्त प्रतियोगितामा महिला टोलीले उज्वेकिस्तानलाई पराजित गरेको थियो। महासचिव घिमिरेले प्रस्तुत गरेको आगामी वर्ष २०२६ को भावी योजनामा भने विद्यालय तहको प्रतियोगितालाई प्राथमिकता दिएको छ। यसअघि साधारणसभाको उद्घाटन राष्ट्रिय खेलकुद परिषद्का कार्यवाहक सदस्य सचिव रामचरित्र मेहताले उद्घाटन गरेका थिए। सो अवसरमा उनले रग्बीको वर्ष २०२५ को उत्कृष्ट पुरुष खेलाडी नेपाली सेनाका नवीनबहादुर मगर र महिला तर्फको उत्कृष्ट खेलाडी नेपाली सेनाकै मनीषा घिसिङलाई पुरस्कृत गरेका थिए।

खेल संक्षेप

कमल थापाको सुखद सुरुवात

कास्की/ कमल थापाले पोखरामा चलिरहेको २२औं संस्करणको माछापुच्छ्रे पोखरा ओपन तथा भेट्रान्स टेनिस प्रतियोगिता २०८२ मा सुखद सुरुवात गरेका छन्। शनिबार ६५ वर्षमाथिको युगलतर्फको प्रतिस्पर्धामा जित हात पार्दै थापाले सुखद सुरुवात गरेका हुन्। खेलमा थापा र छ्याम्बा डुन्डुपको जोडीले सुदिप्ता चक्रवर्ती र प्रदीप मुखर्जीको जोडीलाई ४-० र ४-१ को सेटमा पराजित गरेका थिए। कास्की जिल्ला टेनिस संघको आयोजना सम्पन्न ५५ वर्षमाथिको पुरुष एकलतर्फ जितेन्द्र प्रधानले उत्तम बोगटीलाई, महेन्द्र थापाले जितेन्द्र खड्कालाई, राजकुमार गुरुङले हर्कबहादुर गुरुङलाई, जीवन घिमिरेले करिमुल्ला मुस्लिमलाई, उत्तमकुमार लामाले समीर शेरचनलाई, अनु जोनले सुनील गुरुङलाई, विमल के गुरुङले सञ्जय झालाई, विदुर विष्टले धीरबहादुर गुरुङलाई पराजित गर्दै अघिल्लो चरणको यात्रा तय गरे।

किन्डर ओलम्पिक सुरु

काठमाडौं/ सभामुख देवराज घिमिरेले एनएसएसएफ १३औं किन्डर ओलम्पिकको शनिबार उद्घाटन गरे। त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा भएको कार्यक्रममा सभामुख घिमिरेले ओलम्पियन कमलबहादुर अधिकारीलाई किन्डर ओलम्पिकको टर्च हस्तान्तरण गरी उद्घाटन गरेका हुन्। कमलसँगै ओलम्पियन एथलेटिक्सकी सन्तोषी श्रेष्ठ, तेक्वान्दोकी आयशा शाक्य र कबड्डीकी मानमती विष्टले टर्चलाई दशरथ रंगशालाको ट्र्याकमा परिक्रमा गराएका थिए। पहिलो चरणको किन्डर ओलम्पिकमा उपत्यकाका विभिन्न ३४ विद्यालयका १ हजार ५ सय ४० विद्यार्थीको सहभागिता रहेको छ।

तेक्वान्दो टोली चीन जाँदै

काठमाडौं/ चीनको नान्जिङमा हुने एसियाली तेक्वान्दो आमन्त्रण प्रतियोगिता तथा १०औं मान सान तेक्वान्दो खुला च्याम्पियनसिपमा लिटिल बड स्कुलका पाँचजना खेलाडी र गोंगबु तेक्वान्दो डोजाङका आठजना गरी १३ जना खेलाडीले प्रतिस्पर्धा गर्ने भएका छन्। लिटिल बडबाट यू-६ महिला एकल पुम्सेमा इनाया महर्जन, यू-८ एकल पुम्सेको पुरुषमा अभेन थापा र महिलामा आरभी ज्ञवाली तथा यु-१० एकल पुम्सेको पुरुषमा आयाम पौडेल र महिलामा यात्ना तिमिल्सिनाले कौशल प्रदर्शन गर्नेछन्। गोंगबुबाट पुरुष २६ केजीमा सोहन पाठक, महिला ३० केजीमा हृदियानी बस्नेत र महिला ३६ केजीमा जोलिना बस्नेत खेल्नेछन्।

१८ खेलपछि इंग्ल्यान्डले हरायो अस्ट्रेलियालाई

एजेन्सी/ इंग्ल्यान्डले एसेज सिरिजको चौथो खेलमा घरेलु टोली अस्ट्रेलियालाई हराएको छ। दुई दिनमा सकिएको चौथो टेस्टमा इंग्ल्यान्ड ४ विकेटले विजयी भयो। पहिलो दिनको खेलमै दुवै टिमले २० विकेट गुमाएका थिए। यद्यपि बक्सिङ डेको टेस्ट गुमाए पनि यसअघि नै सिरिज अस्ट्रेलियाले जितिसकेको छ। यो खेलपछि पाँच खेलको सिरिज ३-१ को अवस्थामा पुगेको छ। सुरुका दुई खेलमा समान ८ विकेटले जितेको अस्ट्रेलिया तेस्रो खेलमा ८२ रनले विजयी भएको थियो।

अब, पाँचौं टेस्ट सिड्नीमा आगामी आइतबार हुनेछ। इंग्ल्यान्डले अस्ट्रेलियाको घरमा लगातार १८ खेलको हार टुंग्याएको छ। यसअघि इंग्ल्यान्डले अस्ट्रेलियालाई अन्तिमपटक सन् २०११ सिड्नीमा हराएको थियो। १४ वर्षमा १८ खेल खेल्दा १६ खेल अस्ट्रेलियाको पक्षमा गएको थियो। दुई खेल भने ड्र भयो। सन् २०१३/१४ को एसेजमा अस्ट्रेलियासँग ५-० ले 'क्लिन स्विप' भएपछि इंग्ल्यान्ड लगातार पराजित भएको थियो। दोस्रो दिन शनिबार अस्ट्रेलियाले खेल जित्न १ सय ७५ रनको लक्ष्य दिएको थियो। जसलाई ६ विकेट गुमाएर इंग्ल्यान्डले पूरा गऱ्यो। मेलबर्न क्रिकेट मैदानमा घरेलु टोली अस्ट्रेलिया दोस्रो इनिङ्समा एक सय ३२ रन बनाउँदा अलआउट भएको थियो। यसअघि पहिलो इनिङ्समा अस्ट्रेलिया १ सय ५२ रनमै समेटिएको थियो। माइकल नेसरले सर्वाधिक २५ रन बनाएका थिए। उस्मान खवाजको नामा २९ र एलेक्स केरीले २० रनको योगदान गरेका थिए। इंग्ल्यान्डका जस टंगले एक्लै ५ विकेट लिएका थिए। इंग्ल्यान्डले भने पहिलो इनिङ्समा मात्र १ सय १० रन बनाएको हो। ह्यारी ब्रुकले सर्वाधिक ४१ रन बनाउँदा गस एट्किंसनले २८ रन बनाएका हुन्। अस्ट्रेलियाका माइकल नासेरले सर्वाधिक ४ तथा स्कट बोलान्डले तीन विकेट लिएका हुन्।

ALL NEPAL FOOTBALL ASSOCIATION

ALL NEPAL FOOTBALL ASSOCIATION
ANFA Complex, Satdobato, Lalitpur, Nepal

Request for Proposal

Invitation for Bids No: ANFA/RFP/19/082-083

Date of Publication: 28th December 2025

1. The **All-Nepal Football Association** invites proposals from eligible bidders for **Title Sponsorship Right, Marketing, Broadcasting & Digital Rights of SAFF U-19 Women's Championship 2026 (Pokhara)** - [Minimum Bid Amount NPR Fifty Lakhs only].
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of **All Nepal Football Association (ANFA), Satdobato, Lalitpur [Ph. no. 01-5201060 & Email: procurement@the-anfa.com]** and/or download the bidding documents through **ANFA Website: www.the-anfa.com [more>downloads>general>RFP 19 (SAFF U-19)]**
3. Bidders submitting their bids, should deposit the cost of bidding document of **NRs. 1000.00** in the following Rajaswa (revenue) account as specified below:
   Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank : **Nepal Investment Mega Bank Limited, Durbarmarg**
   Name of the Office : **All Nepal Football Association**
   Office Account No. : **00101010031354**
4. All Sealed Bidding Documents must be submitted to the office of **All Nepal Football Association (ANFA), Satdobato, Lalitpur** by hand/courier on or before **12.00 PM** on **5th January 2026**. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **14:00 PM** on **5th January 2026** at the office of **All Nepal Football Association (ANFA), Satdobato, Lalitpur**.
6. **ANFA** reserves the right for proposal/bid selection or rejection without assigning any reason whatsoever.

PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

केन्द्रीय कार्यालय: कमलपोस्खरी, काठमाण्डौ
फोन नं.: ०१-४५२३४३२/३४/३६

शाखा कार्यालय: विर्तामोड, झापा
फोन नं.: ०२३-५३५०३१, ५३४३५०

को

गैर बैंकिङ्ग सम्पत्ति बिक्री गर्न गोप्य शिलबन्दी बोलपत्र आह्वान गरेको सूचना

(प्रकाशित मिति २०८२/०९/१३ गते)

यस बैंकको आफ्नो स्वामित्वमा रहेको तपसिलमा उल्लेखित गैर बैंकिङ्ग सम्पत्तिहरु (घर/जग्गा) जहाँ, जे जस्तो अवस्थामा छन् सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा बिक्री गरिने भएकोले हुँदा ईच्छुक व्यक्ति, फर्म तथा कम्पनीबाट आफूले के कति मुल्य तिरी लिने हो सो मुल्य खोली यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस बैंकको केन्द्रीय कार्यालय कमलपोस्खरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालय विर्तामोड, झापामा उपलब्ध बोलपत्र फारम भरी शिलबन्दी बोलपत्र सम्बन्धित शाखा कार्यालयमा पेश गर्नुहुन यसै सूचनाद्वारा आह्वान गरिएको छ ।

तपसिल

गैर-बैंकिङ्ग सम्पत्तिको विवरण

बोलपत्र आवेदन दर्ता तथा खोल्ने कार्यालय: शाखा कार्यालय: विर्तामोड, झापा

१. प्राइम कमर्सियल बैंक लिमिटेडको नाममा भूमिसुधार तथा मालपोत कार्यालय भद्रपुर, झापाको लगतमा दर्ता श्रेस्ता कायम रहेको झापा जिल्ला, धुलाबारी गा.वि.स./न.पा. वडा नं. ४ स्थित कित्ता नं. १४३७ क्षेत्रफल ०-३-१८-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगालगापात समेत।

२. प्राइम कमर्सियल बैंक लिमिटेडको नाममा मालपोत कार्यालय भद्रपुर, झापाको लगतमा दर्ता श्रेस्ता कायम रहेको झापा जिल्ला, दुवागढी गा.वि.स./न.पा. वडा नं. ९ स्थित कित्ता नं. ३५८ क्षेत्रफल १-१३-१८-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगालगापात समेत ।

गैर बैंकिङ्ग सम्पत्ति बिक्रीका शर्तहरु :

१. बोलपत्र आवेदन फारम मिति २०८२/०९/१३ गते आइतबारदेखि यस बैंकको केन्द्रीय कार्यालय कमलपोस्खरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालय विर्तामोड, झापाबाट प्राप्त गर्न सकिनेछ।

२. छुट्टाछुट्टै गैर बैंकिङ्ग सम्पत्तिको लागि छुट्टाछुट्टै आवेदन पनि दिन सकिनेछ ।

३. बोलपत्रदाताले बोलपत्र आवेदनपत्रसाथ धरौटी स्वरुप आफूले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० (दश) प्रतिशतले हुने रकम यस बैंकको Inter Department A/C LRD (००१-९९३१०२०००००) खातामा नगद दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक, वित्तीय संस्थाको A/C Payee Cheque संलग्न गर्नुपर्नेछ।

४. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म कम्पनी हुनुपर्नेछ। साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा पासपोर्ट साईजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अस्तित्वचारनामा, सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर (PAN) प्रमाणपत्रको प्रतिलिपि आवेदनसाथ पेश गर्नु पर्नेछ।

५. शिलबन्दी बोलपत्र मिति २०८२/०९/२७ गते आइतबार सार्वजनिक बिदा परेकोले मिति २०८२/०९/२८ गते सोमबार कार्यालय समय भित्र यस बैंकको शाखा कार्यालय विर्तामोड, झापामा दर्ता भईसक्नु पर्नेछ। म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त राखि दिएका आवेदनहरु उपर कारवाही गरिने छैन ।

६. शिलबन्दी बोलपत्र मिति २०८२/०९/२९ गते मंगलबार दिउँसो ४:०० बजे यस बैंकको शाखा कार्यालय विर्तामोड, झापामा बोलपत्रदाता वा निजले लिखितरुपमा नियुक्त गरेको प्रतिनिधिहरु तथा अन्य पदाधिकारीहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पर्ने छैन। साथै बोलपत्र खोलिने दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदापछि लगातै कार्यालय खुलेको दिनमा बोलपत्र खोलिनेछ ।

७. बोलपत्र प्रस्ताव स्वीकृत भएमा बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिएको मितिले ७ (सात) दिन भित्र यस बैंकमा नगद दाखिला गरी गैर बैंकिङ्ग सम्पत्ति आफ्नो नाममा नामसारी दाखिल खारेज गराई लिनु पर्नेछ। सम्पत्ति नामसारी गर्न लाग्ने सम्पूर्ण शुल्क एवं नामसारी दाखिल खारेज गर्न लाग्ने सम्पूर्ण राजश्व तथा अन्य खर्च सकार गरिलिने स्वयंले ब्यहोर्नु पर्नेछ।

८. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वत: जफत हुनेछ। बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरुलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र यस बैंकको शाखा कार्यालय विर्तामोड, झापाबाट भुक्तानी गरिनेछ । साथै सो रकममा कुनै ब्याज प्रदान गरिने छैन।

९. गैर बैंकिङ्ग सम्पत्ति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रको अंकमा सम्पत्ति बिक्री गर्ने वा नगर्ने वा छुट्टाछुट्टै बिक्री गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन्।

१०. यस सम्बन्धमा अन्य केही कुरा बुझ्नु पर्ने भएमा बैंकको केन्द्रीय कार्यालय कमलपोस्खरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालय विर्तामोड, झापामा सम्पर्क राखी बुझ्न सकिनेछ।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com